सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ फागुन २०८२, बिहीबार (19 Feb 2026, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३०१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रास्वपाले सुदूरपश्चिमबाट थाल्यो चुनावी सभा

आज सुर्खेतमा वाचापत्र सार्वजनिक गर्ने



■ सभामा रवि र बालेनले के भने ?



२१ फागुनमा इतिहास लेख्ने हो, एकैपटक सबै बदल्ने हो
रवि लामिछाने, सभापति

● अब एउटा सटर बन्द हुनुपर्छ, कि हाम्रो सटर बन्द गराइदिनोस्, कि यिनको (पुराना दलको) सटर बन्द गराइदिनोस् 'कुशासन, बेथिति, बेरोजगारी, अशिक्षाको सबै सटर बन्द गर्ने हो एकैपटक। फागुन २१ गते इतिहास लेख्ने हो। एकैपटक सबै बदल्ने हो।

● परिवार पाल्ने बाध्यताले परदेश जानुपरेको छ, तैपनि छुट्टी मिलाएरै भए पनि भोट हाल्न आउनुहोला। यसपटक यो देश बदल्नु छ। सधैं नेताले जिते, जनताले कहिल्यै जितेननु, यसपटक जनता जिताउने हो। हामी इतिहास बदल्ने सोच लिएर आएका छौं।

● देशका लागि अब एकसाथ हिँड्नुपर्छ भनेर रवि-बालेनहरू भोलि आउँछन्/आउँदैनन् थाहा छैन, अहिले आएका छन्। देशको अस्तित्व जोगाउने वेलामा, देशलाई ऐतिहासिक योगदान दिने वेलामा तपाईंले कुनै वेला भन्न पाउनुहुनेछ, यो देश परिवर्तनमा मेरो पनि योगदान छ।



हाम्रा उम्मेदवारलाई गर्नुपर्ने काम यो हो भनेर लिस्ट दिएर पठाउनुहोला
बालेन्द्र शाह, वरिष्ठ नेता

● राष्ट्रिय स्वतन्त्र पार्टी भोट माग्न आएको होइन, काम माग्न आएको हो। काम दिनोस् है। तपाईंहरूले भोट दिनुभएन भने पनि राष्ट्रिय स्वतन्त्र पार्टीले सुदूरपश्चिम बनाउँछ। हाम्रा उम्मेदवारलाई हाम्रो काम यो हो भनेर लिस्ट दिनु। भोट नदिए पनि हुन्छ।

● खल्तीमा पैसा नभएको विपन्न गरिबले शिक्षा पाउनुपऱ्यो, स्वास्थ्य उपचार पाउनुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा। दुई वर्षमा बन्ने बाटो २० वर्षमा पनि बन्दैन, डेढ वर्षमा बन्नुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा। रुखमा बाँधेर हुन्छ कि बाटोमा सुताएर हुन्छ कि खोरमा जाकेर हुन्छ बाटो बन्नुपऱ्यो।

● मान्छेले देशलाई स्विट्जरल्यान्ड बनाउनुपर्छ भन्छन्। स्विट्जरल्यान्डको बाउ बडिमालिका यहीं छ, किन बनाउनुपऱ्यो स्विट्जरल्यान्ड ? स्विट्जरल्यान्डको पराकाष्ठा रामारोशन छ, खप्तड नेसनल पार्क यहीं छ, किन बनाउनुपऱ्यो स्विट्जरल्यान्ड ?

धनगढीमा **तेजराज भट्ट**

रास्वपाले सुदूरपश्चिमबाट चुनावी सभा थालेको छ। बुधबार पार्टी सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह 'बालेन'ले धनगढीमा एउटै मञ्चबाट मतदातासँग मत मागेका हुन्।

२१ फागुनमा हुने निर्वाचनको प्रचारप्रसार र सभाका लागि निर्वाचन आयोगबाट खुला भएसँगै रास्वपाले 'परिवर्तन उद्घोष सभा' नाम दिएर चुनावी प्रचार थालेको हो। रास्वपाले यसअघि मनोनयनको अघिल्लो दिन ५ माघमा 'परिवर्तन उद्घोष सभा' नै नाम दिएर जनकपुरधाममा सभा गरेको थियो।

धनगढी सभामा सभापति लामिछानेले फागुन २१ लाई भोट हाल्ने दिन मात्रै नभई, इतिहास लेख्ने दिन भएको भन्दै मत मागे। 'अब एउटा सटर बन्द हुनुपर्छ, कि हाम्रो सटर बन्द गराइदिनोस्, कि यिनको (पुराना दलको) सटर बन्द गराइदिनोस्,' उनले भने, 'कुशासन, बेथिति, बेरोजगारी, अशिक्षाको सबै सटर बन्द गर्ने हो एकैपटक। फागुन २१ गते इतिहास लेख्ने हो। एकैपटक सबै बदल्ने हो।'

हरेक चुनावमा जनताको अधिकारलाई माग बनाएर घोषणापत्र लेख्ने युग आफ्नो पार्टीले अन्त्य गर्ने दाबी गर्दै लामिछानेले त्यसका लागि पाँच वर्ष सरकार चलाउने जनमत दिन आग्रह गरे। उनले विदेशमा रहेका नेपालीलाई पनि चुनावमा छुट्टी मिलाएर स्वदेश फर्किन आह्वान गरे। 'परिवार पाल्ने बाध्यताले जानुपरेको छ, तैपनि छुट्टी मिलाएरै भए पनि भोट हाल्न आउनुहोला। यसपटक यो देश बदल्नु छ,' उनले आह्वान गरे, 'सधैं नेताले जिते, जनताले कहिल्यै जितेननु, यसपटक जनता जिताउने हो। हामी इतिहास बदल्ने सोच लिएर आएका छौं।'

लामिछानेले सिंहदरबार बनाउने मात्र नभई बदल्ने नै योजना लिएर आफ्नो पार्टी आएको पनि बताए। रास्वपालाई दिने भोट परिवर्तनका लागि योगदान हुने उनको भनाइ थियो। 'देशका लागि अब एकसाथ हिँड्नुपर्छ भनेर रवि-बालेनहरू भोलि आउँछन्/आउँदैनन् थाहा छैन, अहिले आएका छन्,' उनले भने, 'देशको अस्तित्व जोगाउने वेलामा, देशलाई ऐतिहासिक योगदान दिने वेलामा तपाईंले कुनै वेला भन्न पाउनुहुनेछ, यो देश परिवर्तनमा मेरो पनि योगदान छ।'

कुनै व्यक्तिको राजनीतिक आकांक्षा ठुलो नभएको भन्दै उनले देशको आकांक्षालाई केन्द्रमा राखेर आफूहरू आएको बताए। 'मेरो राजनीतिक आकांक्षा, अरू कसैको राजनीतिक आकांक्षा ठुलो कुरा होइन, देशको राजनीतिक आकांक्षालाई केन्द्रमा राखेर यसपटक हामी आएका छौं,' उनले भने, 'यिनीहरूले गरिबको बस्तीमा डोजर चलाउँछन् भनेर तपाईंको भोट चोर्न आउलान्, तिनलाई सोध्नोस् ३५-३५ वर्षसम्म हाम्रो सपनामा डोजर कसले चलायो ?'

रास्वपाबाट भावी प्रधानमन्त्रीका रूपमा अघि सारिएका वरिष्ठ नेता बालेनले सभालाई सम्बोधन गर्दै आफूहरू भोटभन्दा पनि काम माग्न आएको भन्दै रास्वपाका उम्मेदवारहरूलाई कामको लिस्ट टिपाएर पठाउन अनुरोध गरे।

'राष्ट्रिय स्वतन्त्र पार्टी भोट माग्न आएको होइन, काम माग्न आएको हो। काम दिनोस् है। तपाईंहरूले भोट दिनुभएन भने पनि राष्ट्रिय स्वतन्त्र पार्टीले सुदूरपश्चिम बनाउँछ,' उनले भने, 'हाम्रा उम्मेदवारलाई, हाम्रा पार्टीका मान्छेलाई, हाम्रो काम यो हो भनेर लिस्ट दिनू।

» पृष्ठ २ मा क्रमशः

समुन्नत नेपाल र सम्मानित नेपाली कांग्रेसको प्रतिज्ञा

कांग्रेसले भनेको छ- प्रतिज्ञापत्र आगामी पाँच वर्षभित्र हासिल हुन सक्ने लक्ष्य होइन, हामीले बनाउन चाहेको सुन्दर नेपालको तस्बिर हो। प्रस्तुत सिद्धान्त, नीति र आगामी पाँच वर्षका कार्यक्रमहरू त्यही लक्ष्यलाई हासिल गर्ने प्रारम्भिक पाइला हुन्।

■ जनकपुरबाट सुरु भयो कांग्रेसको चुनावी यात्रा

देश बनाउन कांग्रेसको नेतृत्व चाहिने शीर्ष नेताहरूको दाबी



जनकपुरधाममा **हदिश खुदार**
काठमाडौंमा **पर्शुराम काफ्ले**

कांग्रेसका शीर्ष नेताहरूले मधेशसँगै सिंगो देशको अवस्था बदल्न आफ्नो पार्टीलाई जिताउन मधेशी जनतासँग आह्वान गरेका छन्। कांग्रेसले बुधबार जनकपुरधामबाट सुरु गरेको चुनावी सभालाई सम्बोधन गर्दै कांग्रेसका नेताहरूले देश बनाउन कांग्रेसको नेतृत्व चाहिने दाबी गरेका हुन्। सर्लाही- ४ मा उम्मेदवार बनेका कांग्रेस सभापति

» पृष्ठ २ मा क्रमशः

■ जनकपुरमा प्रतिज्ञासभालाई सम्बोधन गर्दै कांग्रेस सभापति **गगन थापा**ले भने

मेरो हृदयमा दुर्गानन्द झा, कामेश्वर-कुशेश्वरप्रति सम्मान छ। मधेशले जन्माएको कांग्रेसको एउटा कार्यकर्ता भएर सर्लाही ४ बाट उम्मेदवार बनेको हुँ। मधेश र कांग्रेसको सम्बन्ध नयाँ होइन। चुनाव जित्नलाई मात्र होइन, मधेशसँगै देशको अवस्था सुधार गर्न प्रतिज्ञा गर्न आएको हुँ। बदलिएको कांग्रेसले कसैसँग घृणा होइन प्रेम, निषेध होइन समावेश गरेर मुलुकलाई समृद्ध बनाउने प्रतिज्ञा गरेको छ। हामी एक्लैले देश बनाउन होइन, बरु एमाले, नेकपा, रास्वपा, जसपा सबै चाहिन्छ। देशभरिका वडा र सातै प्रदेश चाहिन्छ। तर, त्यसको नेतृत्व कांग्रेसले गर्नुपर्छ।

■ प्रतिज्ञापत्रमा के-के छन् ?

■ **सम्मानित भएर बाँच्न पाउने नेपाल** : देश-विदेश जहाँ भए पनि कुनै पनि नेपाली पहुँचको अभाव वा पहिचानका कारण अपमानित हुने छैनन्। हामी यस्तो समाजको निर्माण गर्नेछौं जुन कुनै पनि बहानामा हुने शारीरिक, मानसिक वा लैंगिक हिंसाबाट मुक्त हुनेछ।

■ **सपना देख्न सक्ने नेपाल** : दिगो आर्थिक विकास, नीतिगत स्थिरता र हैरानीमुक्त सेवा प्रवाहसँगै अघिल्लो पुस्ताको अनुभव, युवाको नवीन सोच र नागरिकको साझा प्रयत्नले ती सपनाहरू साकार हुनेछन्। राष्ट्रिय नवनिर्माणको भावनाले ओतप्रोत युवाहरू शासन र विकासका साझेदार बन्नेछन्।

■ **सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल** : राज्यले पारदर्शी र वैध नाफा आर्जनलाई प्रोत्साहित गर्नेछ, तर अवैध तरिकाले सम्पत्ति थुपार्ने र उपभोग गर्ने प्रवृत्तिलाई निर्ममतापूर्वक नियन्त्रण गर्नेछ। आर्थिक स्वच्छता र सदाचारलाई संस्कृतिका रूपमा अघि बढाउने काम राजनीतिक नेतृत्वले गर्नेछ।

■ **ओखती र ओत दिने नेपाल** : स्वास्थ्य सेवा राज्यले गर्ने परोपकार होइन, उपचार नागरिकको मौलिक अधिकार भन्ने मान्यताका आधारमा हरेक नेपालीलाई औषधि र अस्पतालको ओत दिनु राज्यको प्रमुख कर्तव्य हुनेछ।

■ **छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल** : हाम्रो परिकल्पनाको नेपालले शिक्षालाई खर्च होइन, राष्ट्रको सबैभन्दा महत्त्वपूर्ण लगानी मान्दछ। आर्थिक अभावका कारण कोही पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित हुने छैनन्।

■ **वैयक्तिक र हेरफेरमुक्त विधिको शासन भएको नेपाल** : सरकारी सेवाका ढोका सबैका लागि समान रूपमा खुला रहनेछन्। अदालत, संवैधानिक निकाय, प्रहरी, विश्वविद्यालयलगायतका राज्यका संस्थाहरूमा दलीयकरणको अन्त्य हुनेछ।

■ **मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल** : विश्व ज्ञान, विश्व अर्थतन्त्र र विश्व संस्कृतिसँग जोडिएको, तर आफ्नो मौलिकतामा गर्व गर्ने नेपाल निर्माण हुनेछ।


■ **विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल** : हाम्रा छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित हुनेछ र यस्तो सम्बन्धलाई पारस्परिक हित र आर्थिक साझेदारीका आधारमा अगाडि बढाइनेछ।

■ **समृद्धिमा लम्कने नेपाल** : हाम्रो प्रणालीको कार्यसम्पादन क्षमता उत्कृष्ट र परिणाममुखी हुनेछ। सबै योजनाहरूको गति र गुणस्तर विश्वस्तरको हुनेछ। कृषि, पर्यटन, ऊर्जा, आइटी, खेलकुद, यातायातजस्ता क्षेत्रलाई आधुनिक र सबल बनाउँदै अत्यावश्यक पूर्वाधारहरूको द्रुत विकास हुनेछ।

■ **पेटभरि खुवाउने, देशलाई चिनाउने किसानको नेपाल** : युवाहरूले कृषिमा आफ्नो भविष्य र भरोसा भेट्नेछन्। राज्यले सिँचाइ र मलको अभाव अन्त्य गर्दै, बिमा र भुक्तानीका झन्झट हटाई बजार र मूल्य सुनिश्चित गर्नेछ। नेपालको उत्पादनलाई विश्वबजारमा 'ब्रान्ड' बनाउने भिजन बोकेका कृषि-उद्यमीहरूलाई राज्यले हरेक पाइलामा साथ दिनेछ।



आश्वासनका पोकासहित सिराहमा १३८ उम्मेदवार घरदैलोमा



कांग्रेस, एमाले, नेकपा, जसपा र जनमतको आधार क्षेत्रमा रास्वपाको प्रवेशले प्रतिस्पर्धा रोचक, पुरानालाई विरासत जोगाउने र नयाँलाई इतिहास रच्ने अवसर

(विस्तृत पृष्ठ ३)

चुनावपछिको सरकारलाई १९ खर्बभन्दा कम अंकको बजेट सिलिङ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नेपाल कै नं. १ सोफा फ्याक्ट्री
सोफा हब काठमाडौं
प्रा.लि.
प्रधान कार्यालय सम्पर्क गोठाटार 9851152589
50,000/- सम्म छुट
20,000/- सम्म छुट
सामाखुसी र कलंकी शाखा
बसुन्धरा चौकीको अगाडि सरेको छ ।
20,000/- सम्म छुट
15,000/- सम्म छुट
10,000/- सम्म छुट
5,000/- सम्म छुट
हाम्रा शाखाहरु
बसुन्धरा 9820114870
पोखरा 9820114872
बिर्तामोड 9705114873
चितवन 9845728156
नेपालगंज 9705114870
धनगढी 9705114879
बुटवल 9705114876
हेटौंडा 9705114874
100% PREMIUM QUALITY
20 YEAR WARRANTY
FREE DELIVERY
सस्तो पनि राम्रो पनि, टिक्छ मज्जाले टिक्छ

७० कारागार र ३१ विमानस्थलको सुरक्षामा खटियो सेना

निर्वाचनमा ७९ हजार ७२७ सैनिक खटिनेछन् फिल्डमा

■ निर्वाचनमा के-के गर्छ सेनाले ?

● **सेनाले कारागार, विमानस्थल, आयल निगम, टेलिकमका टावर तथा अन्य सरकारी निकायको सुरक्षा दिन्छ। हालसम्म ७० कारागार, ३१ विमानस्थल र १३ अन्य कार्यालयको सुरक्षामा खटिएको छ।**

● **हरेक निर्वाचन क्षेत्रमा बेस बनाएर सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग सहकार्य गरी सेनाले नियमित गस्ती गर्छ।**

● **कुनै मतदानस्थलमा प्रहरीले स्थिति नियन्त्रण लिन नसक्ने गरी समस्या आए तत्कालै सेना परिचालित हुन्छ।**

● **मतदानसँग सम्बन्धित सामग्री ढुवानीको जिम्मेवारीमा पनि सेना खटिएको छ।**



नयाँ पत्रिका

निर्वाचन मिति नजिकिएसँगै देशैभरि सुरक्षाकर्मीको सक्रिय उपस्थिति बढेको छ। आगामी आइतबारदेखि हरेक क्षेत्रमा पूर्ण क्षमतामा सुरक्षाकर्मीको परिचालन हुने गृह मन्त्रालयले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः



● **सहायकरथी राजाराम बस्नेत**, प्रवक्ता, नेपाली सेना

एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार नेपाली सेना सबै निर्वाचन क्षेत्रमा परिचालन भइसकेको छ। कारागार, विमानस्थललगायत महत्त्वपूर्ण संरचनाको सुरक्षामा पनि सेना खटिएको छ।

■ हेडक्वार्टरबाट थप एक सय डिएसपी र साढे तीन सय इन्स्पेक्टर खटिए

निर्वाचन सुरक्षाका लागि प्रहरी प्रधान कार्यालयले थप अधिकृतलाई विभिन्न जिल्लामा खटाएको छ। एक सय डिएसपी र साढे तीन सय इन्स्पेक्टरलाई बिहीबारदेखि परिचालन गरिएको छ।

यसअघि ४४ डिएसपी र ११० इन्स्पेक्टरलाई तराईका जिल्लामा खटाइएको थियो। बिहीबारदेखि खटिन लागेकाहरू धेरैजसोलाई पहाडी र हिमाली जिल्लामा जिम्मेवारी तोकिएको छ।

प्रहरी प्रवक्ता डिआइजी अविनारायण काफ्लेका अनुसार यही साताबाट देशैभरि थप महतमा जाने प्रहरी खटिनेछन्। प्रहरी प्रधान कार्यालयसहित उपत्यकामा कार्यरत करिब १३ हजार प्रहरी विभिन्न जिल्लामा खटिनेछन्।

पूर्वराजा ज्ञानेन्द्र निर्वाचनको विपक्षमा

अहिलेको निर्वाचनले निकास नभई संकट ल्याउने दाबी

नयाँ पत्रिका

पूर्वराजा ज्ञानेन्द्र शाहले २१ फागुनका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनविरोधी शक्ति र आवाजहरूको स्वामित्व लिँदै त्यसअघि राष्ट्रिय सहमति र समझदारीमा जोड दिएका छन् । प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा बुधबार अपराह्न जारी भिडियो सन्देशमा पूर्वराजा शाहले अहिलेको निर्वाचनले निकास नभई द्वन्द्व, अशान्ति र खिचातानी ल्याउन सक्ने दाबी गरेका छन् ।



'प्रजातान्त्रिक प्रणालीमा प्रतिनिधि छनोटको आवधिक निर्वाचन एक स्वाभाविक प्रक्रिया भए तापनि यतिखेरको आमजनभावना यो छ कि मुलुकमा पहिले राष्ट्रिय समस्याको समाधान गरेर मात्र आसन्न निर्वाचन प्रक्रियातर्फ जानु उचित हुन्छ,' उनले भनेका छन्, 'निर्वाचनपछि कुनै द्वन्द्व, अशान्ति र खिचातानी नहोस् भन्ने विषयलाई ध्यानमा राखेर राष्ट्रिय सहमति र सबैलाई समेटेर जाने समझदारी बनाएर मात्र निर्वाचनमा जाँदा नै त्यसले सही बाटो समात्ने थियो ।'

मेडिकल व्यवसायी दुर्गा प्रसाईं निर्वाचन बिथोल्ने गतिविधि गरेकोमा प्रहरी हिरासतमा छन् । पूर्वराजा शाहलाई समर्थन गर्दै आएका कम्युनिस्ट नेताहरू ऋषि कट्टेल र धर्मेन्द्र बाँस्तोलालाई पनि प्रहरीले पक्राउ गरेको छ । यही सन्दर्भमा पूर्वराजा शाहले पनि निर्वाचनको विपक्षमा आफूलाई प्रस्तुत गरेका छन् ।

पूर्वराजा शाहले प्रजातन्त्रमा राज्य व्यवस्था र प्रक्रिया संवैधानिक मान्यताअनुरूप चल्नु उपयुक्त हुने धारणा व्यक्त गरेका छन् । देश अहिले संकटमा परेको दाबी गर्दै उनले विगतका आन्दोलन र परिवर्तनको समीक्षा गर्नुपर्ने पनि उनले माग गरेका छन् ।

'सिंगै मुलुक यतिवेला अस्वाभाविक छटपटीको भुमरीमा फसेको छ । देशको अस्मिता र अस्तित्व नै संकटमा परेको महसुस हरेक देशभक्त नेपालीले गरिरहेका छन्,' उनले भनेका छन्, 'विगतमा अनेकौं नाममा आन्दोलन र संघर्ष भए । संघर्षको आडमा परिवर्तन पनि गरिए । सबै प्रकारका परिवर्तनले नेपाल र नेपालीलाई के दियो भन्ने आत्मसमीक्षा गर्नुपर्ने वेला आएको छ ।'

नेपालको शत्रु अस्थिरता र विपन्नता भए पनि अहिले एक नेपालीले अर्कालाई बैरी ठान्ने अवाञ्छित संस्कृतिलाई बढावा दिइएको उनले आरोप लगाएका छन् । उनले जनताको समग्र हित हुने तथा विश्वसामु नेपालीको उच्च शिर हुने व्यवस्था नै प्रजातान्त्रिक व्यवस्था नेपाललाई सुहाउने बताएका छन् । 'कुनै व्यवस्थाको राम्रा र असल पक्ष टिप्नु र राख्नुपर्छ । जुनै व्यवस्थाको नराम्रो र खराब पक्ष हुन्छन्, त्यसलाई फाल्नुपर्छ,' उनले भनेका छन् ।

उनले नेपालको धरातलीय यथार्थमा उभिएर प्रजातन्त्रको प्रयोग, परीक्षण र प्रशोधन गर्दै जानुपर्नेमा जोड दिएका छन् । साथै पूर्वराजा शाहले झापाबाट केही दिनअघि काठमाडौं फर्किँदा स्वागतमा उभिएका समर्थकलाई पनि धन्यवाद दिएका छन् ।

निर्वाचनविरोधी गतिविधिमा संलग्नहरू धमाधम पक्राउ

नयाँ पत्रिका

निर्वाचनविरोधी गतिविधिमा संलग्नमाथि प्रहरीले निगरानी र कारबाहीलाई तीव्रता दिएको छ । निर्वाचन बिथोल्ने गतिविधिमा लागेकाहरूलाई प्रहरीले धमाधम पक्राउ गर्न थालेको हो ।

सोही अभियोगमा आइतबार दुर्गा प्रसाईंलाई पक्राउ गरेको प्रहरीले सार्वजनिक शान्तिविरुद्धको कसुरमा अनुसन्धान गरिरहेको छ । त्यस्तै, नेकपा बहुमतका अध्यक्ष ऋषि कट्टेल र महासचिव धर्मेन्द्र बाँस्तोला पनि पक्राउ परेका छन् । प्रसाईंनिकट एसपी साहलाई पनि काठमाडौंमा प्रहरीले मंगलबार पक्राउ गरेको छ ।

वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टीका पाँच नेता बुधबार पक्राउ परेका छन् । केन्द्रीय सदस्य नरेन्द्र की भन्ने नरेन्द्रबहादुर रिजाल, नेकपा (बहुमत) निकट विद्यार्थी नेतृ सुप्रिया नेपाली, नेकपा बहुमतकै सदस्य वीरजन विश्वकर्मा, स्वर्णिम विके र नजलबहादुर भुललाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पक्राउ गरेको छ । चुनाव बिथोल्ने गतिविधि गरेको प्रमाणका आधारमा उनीहरूलाई पक्राउ गरिएको एसएसपी सन्तोष खड्काले बताए ।

निर्वाचनविरोधी गतिविधिमा संलग्नलाई गृह मन्त्रालयले पक्राउ गरेर कारबाही गर्न निर्देशन दिएको छ । सोहीअनुसार पक्राउ गर्न थालिएको प्रहरीले जनाएको छ । शान्तिपूर्वक निर्वाचन सम्पन्न गराउनका लागि योजनाबद्ध रूपमा निर्वाचनको विरोधमा लागेकाहरूमाथि कारबाही थालिएको प्रहरीले जनाएको छ ।

जिल्लातिर मतपत्र पठाउन सुरु

नयाँ पत्रिका

निर्वाचन आयोगले २१ फागुनको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मतपत्र ढुवानी सुरु गरेको छ ।

निर्वाचनका लागि आयोगले जनक शिक्षा सामग्री केन्द्रबाट चार करोडभन्दा बढी मतपत्र छापेको छ । आयोगले प्रत्यक्षतर्फ दुई करोड तीन लाख २३ हजार मतपत्र र समानुपातिकतर्फ दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरेको हो । छापिएको मतपत्रलाई प्याकिङ तथा रुजुसमेत गरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा मतपत्र ढुवानी थालिएको आयोगका सूचना अधिकारी सुमन घिमिरेले बताए ।

'सुदूरपश्चिम र कर्णालीमा पठाइसकेका छौं । कतिपय जिल्ला पुगिसक्यो । अब कोशी प्रदेशका जिल्लामा भोलिदेखि पठाउँदै छौं । भोलिबाट क्रमशः पठाउँदै जाने भन्ने छ । मतपत्रको छपाइ अनि प्याकिङ सकिइसकेको छ । समयले भ्याउँछ,' उनले भने ।

सूचना अधिकारी घिमिरेले निर्वाचन सामग्रीहरू पनि पठाइरहेको बताए । 'अब छिटपुट बाँकी छ । त्यो पनि केही दिनभित्रै जिल्ला जिल्लामा पुग्छ,' उनले भने ।

आयोगले यसअघि निर्वाचनका लागि १० लाख ९८ हजार दुई सय नमुना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लाहरूमा पठाइसकेको छ । ती मतपत्र हाल सञ्चालन भइरहेको मतदाता शिक्षा कार्यक्रमअन्तर्गत प्रयोग भइरहेका छन् ।

मतदाता शिक्षामा सक्रिय सहभागिता


यसैगरी, ३ फागुनदेखि सञ्चालित मतदाता शिक्षा कार्यक्रममा मतदाताको सक्रिय सहभागिता रहेको आयोगले जनाएको छ । सूचना अधिकारी घिमिरेले मतदाता शिक्षामा अहिलेसम्मकै धुमधडाका साथ सञ्चालन भइरहेको बताए । 'खेती गर्दै गरेकालाई सिकाइरहेका छन् । विभिन्न भाषामा सिकाएका छन् । चेपाङ, मधेशी, आदिवासी भाषा प्रशिक्षित गरिएको छ । स्वयंसेवकहरू सबै वडामा परिचालन भएका छन्,' उनले भने, 'युवादेखि ज्येष्ठ नागरिकसम्म मतदाताहरूले सक्रिय सहभागिता जनाएका छन् । सिक्न खोजेको देखिन्छ ।'

देशलाई दुर्घटनातर्फ लैजाने कि जोगाउने भन्ने फैसला यही चुनावले गर्छ : प्रचण्ड

नयाँ पत्रिका

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले देशलाई दुर्घटनातर्फ लैजाने कि जोगाउने भन्ने फैसला यही चुनावले गर्ने बताएका छन् ।

बुधबार रुकुम पूर्वको सिस्ने गाउँपालिकाका मतदातासँगको भेटघाटका क्रममा प्रचण्डले भने, 'यो निर्वाचन राष्ट्रका लागि महत्त्वपूर्ण छ । देशलाई दुर्घटनातर्फ लैजाने कि जोगाउने भन्ने फैसला यही चुनावले गर्छ ।'



वर्तमान निर्वाचन विशिष्ट समयको राजनीतिक प्रतिस्पर्धा भएको उल्लेख गर्दै प्रचण्डले चुनावमा २३ भदौमा युवाको हत्या गर्ने शक्ति, २४ भदौमा विध्वंस मच्चाउने शक्ति र सुशासनको पक्षमा उभिएको शक्तिबिच 'जनमतसंग्रह' हुने जिकिर गरे ।

'मान्छे मार्नुहुन्न, आगो लगाउनुहुन्न, भ्रष्टाचारको अन्त्य गर्नुपर्छ भन्ने प्रवृत्तिलाई जिताउने कि हिंसा र विध्वंसलाई जिताउने भन्ने फैसला जनताले गर्नेछन्,' उनले भने । आफ्नो नेतृत्वको पार्टी सुशासन र भ्रष्टाचारविरुद्ध राष्ट्रिय अभियानमा अग्रसर रहेको बताउँदै प्रचण्डले जनताले सकारात्मक शक्तिलाई विजय गराउने विश्वास व्यक्त गरे ।

प्रचण्डले रुकुम पूर्वलाई क्रान्तिको आधारभूमिबाट विकासको नमुना जिल्लामा रूपान्तरण गर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । रुकुम पूर्वलाई आफ्नो अर्को कर्मथलोको रूपमा उल्लेख गर्दै उनले भने, 'रुकुम पूर्व मेरा लागि नयाँ ठाउँ होइन । म ४१ वर्ष पहिले नै यहाँ आएको थिएँ । रुकुम-रोल्पा मेरै नेतृत्वमा भएको जनयुद्धको आधार इलाका हो । यहीँबाट मैले क्रान्तिको नेतृत्व गरेँ ।'

मलेसियाबाट पनि नेपालमा गाँजा तस्करी

नयाँ पत्रिका

नेपालमा मलेसियाबाट समेत गाँजा तस्करी हुन थालेको छ । मलेसियाबाट ल्याइएको १३ केजी ३३० ग्राम गाँजा प्रहरीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बरामद गरेको हो ।



गाँजा लिन आएका चार भारतीय पनि पक्राउ परेका छन् । सायद सदिक अली, महेश अशोक मोर्जे, मिर्जा नाजिर बैग र मो अजिम पक्राउ परेका हुन् । उनीहरूको साथबाट गाँजा रहेको चारवटा झोला बरामद गरिएको विमानस्थल प्रहरीका एसपी राजकुमार सिलवालले बताए ।

पक्राउ परेका भारतीयहरू मंगलबार बेलुका ८ बजे एयर इन्डियाको उडानमा दिल्लीबाट काठमाडौं आएका थिए । मलेसियन एयरलाइन्सको जहाज भने पौने १० बजे अवतरण भएको थियो । लामो समय विमानस्थलको शौचालयमा बसेका उनीहरूले मलेसियन एयरलाइन्सबाट आएको लगेज लिएर निस्किएका थिए । ती लगेज कसले ल्याएको थियो भन्ने विषयमा अनुसन्धान भइरहेको एसपी सिलवालले बताए ।

उनीहरू लामो समय शौचालयमा बसेपछि शंका लागेर निगरानी गरी प्रहरीले पक्राउ गर्दा झोलामा गाँजा भेटिएको हो । हवाई टिकट र १५ हजार भारतीय रुपैयाँ दिने सर्तमा आफूहरूलाई सो झोला लिन पठाइएको पक्राउ परेकाहरूले बताएका छन् । भन्सारको स्क्रिनिङमा भने झोलाभित्र गाँजा रहेको पत्ता लागेको थिएन ।

नेपालको विमानस्थलमा थाइल्यान्डबाट ल्याइएको गाँजासहित भारतीयहरू बारम्बार पक्राउ पर्दै आएका छन् । मलेसियाबाट पनि गाँजा आउन थालेको प्रहरीले जनाएको छ । यस्तो गाँजा धेरैजसो भारत पुऱ्याउने गरिएको छ । उच्च नाफा हुने भएकाले भारतीय गिरोहले थाइल्यान्ड र मलेसियाबाट नेपाल हुँदै गाँजा तस्करी गर्दै आएका छन् ।

समुन्नत नेपाल र सम्मानित नेपाली कांग्रेसको प्रतिज्ञा

नयाँ पत्रिका

कांग्रेसले समुन्नत नेपाल र सम्मानित नेपालीको लक्ष्यसहितको २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि दश दृष्टिसहितको प्रतिज्ञापत्र सार्वजनिक गरेको छ । बुधबार मधेश प्रदेशको राजधानी जनकपुरधामबाट मुख्य विषय सार्वजनिक गरिए पनि प्रतिज्ञापत्रको विस्तृत विवरण बिहीबार राष्ट्रिय सभाबाट सार्वजनिक गर्ने तयारी छ । प्रतिज्ञापत्रलाई सुन्दर नेपालको तस्बिर भन्दै कांग्रेसले आगामी पाँच वर्षका कार्यक्रम त्यही लक्ष्य हासिल गर्ने प्रारम्भिक पाइला भएको उल्लेख गरेको छ ।

सभापति गगन थापा, उपसभापति विश्वप्रकाश शर्मा, नेता विमलेन्द्र निधि, मधेश प्रदेश सभापति एवं मधेशका मुख्यमन्त्री कृष्ण यादवको उपस्थितिमा १० दृष्टिसहितको प्रतिज्ञापत्र सार्वजनिक भएको हो । सभापति थापा सर्लाही-४ मा उम्मेदवार बनेपछि कांग्रेसले मधेशमा बढी जोड दिएको छ र यही सिलसिलामा जनकपुरबाट प्रतिज्ञापत्र सार्वजनिक गरेको हो ।

'बदलिएको कांग्रेस, बदलिँदो देश, नेपाली कांग्रेसको ध्येयः समुन्नत नेपाल, सम्मानित नेपाली' भन्ने नारासहित पूरा गर्न सक्ने विषय प्रतिज्ञामा समेटेको सभापति थापाले बताएका छन् । सभापति थापाले अब कांग्रेसले केवल घोषणापत्र मात्रै नछाप्ने, बरु प्रत्येक शब्दको अक्षरशः पालना गर्ने प्रतिबद्धता जनाएका छन् ।

'कसैले लेखेको भाषण पढ्न म यहाँ आएको होइन । सर्लाहीबाट म काठमाडौं गएर मेरो टिमसँग बसेर आफैँले के-के राख्ने भनेर एक-एक अक्षर केलाएर प्रतिज्ञापत्र तयार गरेको हुँ,' सभापति थापाले भने, 'सरकारमा हुँदा होस् या प्रतिपक्षमा, कांग्रेसका सबै नेता-कार्यकर्ताले यो प्रतिज्ञापत्र पालना गर्नेछन् ।'

सभापति थापाका अनुसार कांग्रेसले २७ क्षेत्र पहिचान गरेर पाँच वर्षमा गर्ने कामको विस्तृत खाका तयार गरेको छ । 'परिवर्तन समयको चेतनालाई आत्मसात गरेर नयाँ सोच र युवा ऊर्जासहित परिमार्जित भएको नेपाली कांग्रेस विचारमा प्रस्ट र कार्यशैलीमा चुस्त बनेको छ,' कांग्रेसले भनेको छ, 'आदर्श र कर्ममा आधारित हाम्रो आगामी राजनीतिको एक मात्र उद्देश्य नेपाललाई समुन्नत र नेपालीलाई सम्मानित बनाउनुहुनेछ ।'

साथै, प्रतिज्ञापत्रबारे कांग्रेसले भनेको छ, 'यो आगामी पाँच वर्षभित्र हासिल हुन सक्ने लक्ष्य होइन, हामीले बनाउन चाहेको सुन्दर नेपालको तस्बिर हो । हाम्रो यो प्रतिज्ञापत्रमा प्रस्तुत गरिएका सिद्धान्त, नीति र आगामी पाँच वर्षका कार्यक्रमहरू त्यही लक्ष्यलाई हासिल गर्ने प्रारम्भिक पाइला हुन् ।'

प्रतिज्ञापत्रमा के-के छन् ?

'सम्मानित भएर बाँच्न पाउने नेपाल' शीर्षकको पहिलो बुँदामा हरेक नेपालीको स्वतन्त्रता, पहिचान र स्वाभिमान सुरक्षित हुने उल्लेख गरेको छ । 'देश-विदेश जहाँ भए पनि कुनै पनि नेपाली पहुँचको अभाव वा पहिचानका कारण अपमानित हुनेछैनन्,' प्रतिज्ञापत्रमा छ, 'हामी यस्तो समाजको निर्माण गर्नेछौं, जुन कुनै पनि बहानामा हुने शारीरिक, मानसिक वा लैंगिक हिंसाबाट मुक्त हुनेछ ।' कांग्रेसले छुवाछुत, विभेद र अवरोधलाई भत्काउँदै प्रत्येक नागरिकले आत्मसम्मानका साथ निर्भीक बाँच्न र सिर्जना गर्न सक्ने साझा घर र सुसंस्कृत समाज बनाउने दृढता जनाएको छ ।

कांग्रेसले 'सपना देख्न सक्ने नेपाल' शीर्षकको दोस्रो बुँदामा नेपाल प्रगति र उन्नतिको सपना देख्ने नागरिकहरूको देश हुने उल्लेख गरेको छ । 'दिगो आर्थिक विकास, नीतिगत स्थिरता र हैरानीमुक्त सेवा प्रवाहसँगै अघिल्लो पुस्ताको अनुभव, युवाको नवीन सोच र नागरिकको साझा प्रयत्नले ती सपनाहरू साकार हुनेछन्,' कांग्रेसले भनेको छ, 'राष्ट्रिय नवनिर्माणको भावनाले ओतप्रोत युवाहरू शासन र विकासका साझेदार बन्नेछन् । उज्ज्वल भविष्य खोज्ने युवालाई स्वदेशमै परिवारसँगै रमाउँदै मर्यादित र आकर्षक अवसरहरू हुनेछन्, जहाँ उनीहरूको सिर्जनशीलताको उच्च कदर र प्रोत्साहन हुनेछ ।' राज्य प्रवास रहेर पौरख र क्षमता खर्चिएका नेपालीहरूको अभिभावक हुने र उनीहरूको सिप मातृभूमिको पुनर्जागरणमा जोडिने पनि उल्लेख गरेको छ ।

'सम्पत्ति र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने नेपाल' शीर्षकको तेस्रो बुँदामा कांग्रेसले आँट गरेर लगानी गर्ने, रोजगारी र सम्पत्ति सिर्जन गर्ने एवं उत्पादनमा जोडिने सबैलाई काँध थाप्ने राज्य हुने स्पष्ट पारेको छ । 'राज्यले पारदर्शी र वैध नाफा आर्जनलाई प्रोत्साहित गर्नेछ, तर अवैध तरिकाले सम्पत्ति थुपार्ने र उपभोग गर्ने प्रवृत्तिलाई निर्ममतापूर्वक नियन्त्रण गर्नेछ । आर्थिक स्वच्छता र सदाचारलाई संस्कृतिका रूपमा अघि बढाउने काम राजनीतिक नेतृत्वले गर्नेछ,' कांग्रेसले भनेको छ ।

यस्तै 'पेटभरि खुवाउने, देशलाई चिनाउने किसानको नेपाल' शीर्षकको चौथो बुँदामा किसानहरू सम्पन्न र मुलुकको प्रगतिका मुख्य साझेदार हुने परिकल्पना गरिएको छ । कृषि पेसा नागरिकको बाध्यता नभई आधुनिक र मर्यादित छनोट हुने, नेपाली किसानले प्रविधिको उच्चतम प्रयोग, बजारमा सहज पहुँच र आफ्नो उत्पादनको उचित मूल्यको सुनिश्चिततासमेत पाउने कांग्रेसको विश्वास छ । 'युवाहरूले कृषिमा आफ्नो भविष्य र भरोसा भेट्नेछन् । राज्यले सिँचाइ र मलको अभाव अन्त्य गर्दै, बिमा र भुक्तानीका झन्झट हटाई बजार र मूल्य सुनिश्चित गर्नेछ,' प्रतिज्ञापत्रमा छ, 'नेपालको उत्पादनलाई विश्व बजारमा 'ब्रान्ड' बनाउने भिजन बोकेका कृषि-उद्यमीहरूलाई राज्यले हरेक पाइलामा साथ दिनेछ ।'

पाँचौं बुँदामा समेटिएको 'ओखती र ओत दिने नेपाल' शीर्षकमा कांग्रेसले गर्भावस्थादेखि वृद्धावस्थासम्म नागरिकको स्वास्थ्यप्रति राज्य संवेदनशील र जिम्मेवार हुने परिकल्पना गरेको छ । 'स्वास्थ्य सेवा राज्यले गर्ने परोपकार होइन, उपचार नागरिकको मौलिक अधिकार भन्ने मान्यताका आधारमा हरेक नेपालीलाई औषधि र अस्पतालको ओत दिनु राज्यको प्रमुख कर्तव्य हुनेछ,' कांग्रेसले भनेको छ । यसका लागि कांग्रेसले उन्नत स्वास्थ्य बिमा प्रणाली लागू गर्ने भनेको छ ।

'छोराछोरी पढाउन आर्थिक भार नपर्ने नेपाल' शीर्षकको छैटौं बुँदामा कांग्रेसले शिक्षाको सर्वसुलभता र पूर्वाधारमा आधारभूत परिवर्तन हुने भनेको छ । 'हाम्रो परिकल्पनाको नेपालले शिक्षालाई खर्च होइन, राष्ट्रको सबैभन्दा महत्त्वपूर्ण लगानी मान्दछ,' कांग्रेसले भनेको छ, 'आर्थिक अभावका कारण कोही पनि गुणस्तरीय शिक्षा पाउने अधिकारबाट वञ्चित हुनेछैनन् ।' राज्यले बालबालिकाको शिक्षासँगै पोषणको पनि जिम्मा लिने, प्रि-प्राइमरीदेखि विश्वविद्यालयसम्मको सिकाइलाई प्रविधि र प्रयोगसँग जोड्ने तथा विद्यार्थीको सिर्जनशीलता र नवप्रवर्तनको उच्चतम प्रयोग र प्रोत्साहनमा केन्द्रित हुने पनि कांग्रेसको प्रतिबद्धता छ ।

'वैयक्तिक र हेरफेरमुक्त विधिको शासन भएको नेपाल' अन्तर्गत सातौं बुँदामा कांग्रेसले निमुखालाई ऐन र ठुलालाई चैनजस्तो विभेदकारी अवस्थाको अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ । 'सरकारी सेवाका ढोका सबैका लागि समान रूपमा खुला रहनेछन् । अदालत, संवैधानिक निकाय, प्रहरी, विश्वविद्यालयलगायतका राज्यका संस्थाहरूमा दलीयकरणको अन्त्य हुनेछ,' कांग्रेसले भनेको छ । राज्यका हरेक सेवामा प्रविधिको उच्चतम प्रयोग गर्दै 'डिजिटल नेपाल'को अवधारणा साकार पारिने दाबी गरिएको छ । जसले भ्रष्टाचार र सरकारी ढिलासुस्तीको जरैदेखि अन्त्य गर्ने कांग्रेसको विश्वास छ । नागरिकले घरमै बसेर सहजतापूर्वक सरकारी सेवा पाउने, नियमित रूपमा सरकारसँग प्रश्न गर्न र जवाफ माग्न सक्ने लोकतान्त्रिक वातावरण सुनिश्चित हुने पनि कांग्रेसले भनेको छ ।

'मौलिकतामा गर्व गर्ने आधुनिक नेपाल' शीर्षकको आठौं बुँदामा कांग्रेसले नेपालका विविध भाषा, कला, साहित्य, संस्कृति र सम्पदाको संरक्षण गर्ने तथा विविधता र विशिष्टताहरूको समान रूपमा सम्मान र संवर्द्धन गर्ने प्रतिबद्धता जनाएको छ । 'विश्व ज्ञान, विश्व अर्थतन्त्र र विश्व संस्कृतिसँग जोडिएको, तर आफ्नो मौलिकतामा गर्व गर्ने नेपाल निर्माण हुनेछ,' कांग्रेसले भनेको छ ।

'विश्वले सम्मान गर्ने स्वाभिमानी नेपाल' शीर्षकको नवौं बुँदामा कांग्रेसले परराष्ट्र नीति राष्ट्रिय हित र सार्वभौमिक समानताको जगमा उभिने स्पष्ट पारेको छ । 'हाम्रा छिमेकी र मित्रराष्ट्रहरूसँगको सम्बन्ध समानता र आपसी सम्मानमा आधारित हुनेछ र यस्तो सम्बन्धलाई पारस्परिक हित र आर्थिक साझेदारीका आधारमा अगाडि बढाइनेछ,' कांग्रेसले भनेको छ, 'हामी नेपाललाई सगरमाथा, बुद्ध, पशुपति र जानकीको देशका रूपमा मात्र होइन, विश्व समुदायको एक जिम्मेवार र प्रतिष्ठित सदस्यका रूपमा चिनाउनेछौं ।'

'समृद्धिमा लम्कने नेपाल' शीर्षकको १०औं बुँदामा कांग्रेसले कार्यसम्पादन र पूर्वाधारमा जोड दिएको छ । 'हाम्रो प्रणालीको कार्यसम्पादन क्षमता उत्कृष्ट र परिणाममुखी हुनेछ । सबै योजनाहरूको गति र गुणस्तर विश्वस्तरको हुनेछ । कृषि, पर्यटन, ऊर्जा, आइटी, खेलकुद, यातायातजस्ता क्षेत्रलाई आधुनिक र सबल बनाउँदै अत्यावश्यक पूर्वाधारहरूको द्रुत विकास हुनेछ,' प्रतिज्ञापत्रमा छ, 'हिमाल, नदी, वनजंगलजस्ता हाम्रा अमूल्य प्राकृतिक सम्पदाहरू भावी पुस्ताका लागि सुरक्षित रहनेछन् ।' कांग्रेसले अन्तर्राष्ट्रिय लगानी र प्रविधिलाई आकर्षित गर्ने खुला, प्रतिस्पर्धी, प्रविधि र पर्यावरणमैत्री अर्थतन्त्रमा जोड दिएको छ ।

देश बनाउन...

पृष्ठ १ बाट क्रमशः

गगन थापाले मधेशसँगै देशको अवस्था सुधार गर्न आफू मधेशबाट चुनाव लडेको बताए । 'मेरो हृदयमा दुर्गानन्द झा, कामेश्वर-कुशेश्वरप्रति सम्मान छ । मधेशले जन्माएको कांग्रेसको एउटा कार्यकर्ता भएर सर्लाही ४ बाट उम्मेदवार बनेको हुँ । मधेश र कांग्रेसको सम्बन्ध नयाँ होइन । चुनाव जित्नलाई मात्र होइन, मधेशसँगै देशको अवस्था सुधार गर्न प्रतिज्ञा गर्न आएको हुँ,' सम्बोधनको सुरुवातमा मैथिलीमा बोलेको थापाले भने ।

२३ र २४ भदौको जेन-जी आन्दोलनको भावना आत्मसात् गर्दै कांग्रेस विगतका गल्ती सुधार गरेर अगाडि बढ्न चाहेको थापाले बताए । साथै उनले सहकार्यकै बलमा कांग्रेसले आफ्नो नेतृत्वमा देश बनाउने सुनाए ।

'बदलिएको कांग्रेसले कसैसँग घृणा होइन, प्रेम र निषेध होइन, समावेश गरेर मुलुकलाई समृद्ध बनाउने प्रतिज्ञा गरेको छ । हामी एक्लैले देश बनाउन होइन, बरु एमाले, नेकपा, रास्वपा, जसपा सबै चाहिन्छ । देशभरिका वडा र सातै प्रदेश चाहिन्छ । तर, त्यसको नेतृत्व कांग्रेसले गर्नुपर्छ,' आसन्न निर्वाचनमा कांग्रेसको तर्फबाट प्रधानमन्त्रीका रूपमा अगाडि सारिएका सभापति थापाले भने ।

कांग्रेसले सुधार गर्न चाहेका विषयमा पनि सभापति थापाले धारणा राखेका थिए । 'प्रत्येक नेपाली सम्मानित भएर बाँच्न पाउनेछन् । प्रत्येक नागरिकले आफ्नो सपना देख्न पाउने र जीवनकालमा त्यसलाई साकार पार्न सक्ने अवसर पाउनेछ,' उनले भने, 'सानालाई ऐन र ठुलालाई चैन हुनेछैन । मलखादका लागि किसान लाइनमा लाग्नु नपरोस्, लाइसेन्स बनाउन कसैलाई घुस दिनु नपरोस् भन्ने हाम्रो प्रतिज्ञा हो ।'

कृषकलाई केन्द्रमा राख्दै नेपाललाई पेटभरि खुवाउने र आफ्नै उत्पादनलाई विश्वभर चिनाउने किसानको देश बनाउने प्रतिबद्धता उनले जनाए । शिक्षामा लगानीलाई प्रभावकारी बनाउने र छोराछोरी पढाउन ऋण लिन नपर्ने व्यवस्था सुनिश्चित गर्ने उनले बताए । 'नेपाललाई हामी छोराछोरीलाई पढाउँदा ऋण नलिनुपर्ने बनाउनेछौं । हाम्रो देशमा ओखती गर्दा डर नलाग्ने वातावरण सिर्जना गर्नेछौं,' थापाले भने । उनले मधेशको शिक्षा प्रणालीमा पनि सुधार गर्ने सुनाए ।

उपसभापति विश्वप्रकाश शर्माले विगतका कमजोरी केलाएर चुनावमा सुधारिएको कांग्रेसले अनुमोदन खोजेको बताए । 'भएको काम बुझाउन नसक्दा र कमजोरी गर्दा हामीले एउटा ठुलो क्षति व्यहोरेका छौं । मधेश-पहाडलाई कहाँ दुखेको छ र नागरिकलाई कहाँ दुखेको छ भन्ने विषयमा हामीले विशेष महाधिवेशनबाट एमआरआई गरेका छौं । हामी सुधारिएर अनुमोदन हुन आएका छौं,' शर्माले भने ।

कांग्रेसले आगामी २१ फागुनको निर्वाचन मात्रै नसोचेको भन्दै शर्माले ०९२ सालका लागि पनि दृष्टिकोण बनाएको दाबी गरे । 'अहिले कसले चुनाव जित्नेभन्दा कसलाई विषम अवस्थामा देश सुम्पने भन्ने महत्त्वपूर्ण हो,' उनले भने, 'अहिले समक्ष नेतृत्व आउन सकेन भने जेन-जीजस्तै अर्को १० वर्षपछि एल्फाबिटा पुस्ताले आन्दोलन गर्दैन भन्ने के ग्यारेन्टी छ । त्यसैले विगतमा विभिन्न समस्या सम्बोधन गर्दै आएको कांग्रेसलाई अहिले देशको नेतृत्व दिनु आवश्यक छ ।'

उपसभापति पुष्पा भुसालले परिवर्तनका मुद्दा र सुशासनका लागि कांग्रेसको जित जरुरी रहेको बताइन् । 'मधेश प्रदेश कांग्रेसमय भइसकेको छ । हामीले प्रधानमन्त्रीको उम्मेदवारको रूपमा गगन थापालाई निर्वाचित गरेर पठाउने अवसर यो प्रदेशलाई दिएका छौं,' उनले भनिन्, 'मधेशको मतबाट कांग्रेस पटकपटक सरकारमा पुगेको छ । अहिले कांग्रेस रूपान्तरण र परिवर्तनको मुद्दा बोकेर अगाडि बढेको छ । परिवर्तनको मुद्दा संस्थागत गर्न कांग्रेसको जित जरुरी छ ।'

कांग्रेस पूर्वउपसभापति तथा धनुषा ३ का उम्मेदवार विमलेन्द्र निधिले संविधान र लोकतान्त्रिक शासन व्यवस्था जोगाउन कांग्रेसको जित अनिवार्य रहेको बताए । 'अहिले नेपालमा जननिर्वाचित सरकार र संसद् छैन । यसैकारण निर्वाचनमार्फत जनताका प्रतिनिधि निर्वाचित गर्नुपर्छ र तीनै तहमा सरकार निर्माण गर्नुपर्छ । वर्तमान शासन व्यवस्था र लोकतन्त्रलाई बचाउन कांग्रेसको बहुमत आवश्यक छ,' कांग्रेस कार्यकर्ता-समर्थक र मतदातालाई आह्वान गर्दै उनले भने ।

रास्वपाले...

पृष्ठ १ बाट क्रमशः

भोट नदिए पनि हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीले काम गरेर देखाउँछ ।' बालेनले सम्बोधन गरिरहँदा समर्थकले चस्मा खोल्न आग्रह गरेका थिए । समर्थकको आग्रहमा चस्मा खोलेका बालेनले 'आँखा हेर्नुपर्दैन, काम हेर्नुहोला,' भनेका थिए । उनले सुदूरपश्चिम र देशको सपना पूरा गर्ने पार्टी रास्वपा भएको बताए ।

'खल्तीमा पैसा नभएको विपन्न गरिबले शिक्षा पाउनुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा । खल्तीमा पैसा नभएको विपन्न गरिबले स्वास्थ्य उपचार पाउनुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा,' उनले भने, 'दुई वर्षमा बन्ने बाटो २० वर्षमा पनि बन्दैन, डेढ वर्षमा बन्नुपऱ्यो, त्यो हो हाम्रो एजेन्डा । रुखमा बाँधेर हुन्छ कि बाटोमा सुताएर हुन्छ कि खोरमा जाकेर हुन्छ कि बाटो बन्नुपऱ्यो ।'

मान्छेले देशलाई स्विट्जरल्यान्ड बनाउनुपर्छ भनेकोप्रति टिप्पणी गर्दै उनले स्विट्जरल्यान्डभन्दा राम्रा बडिमालिका, रामारोशन, खप्तडजस्ता ठाउँहरू सुदूरपश्चिममै रहेको पनि उनले बताए । 'मान्छेले देशलाई स्विट्जरल्यान्ड बनाउनुपर्छ भन्छन् । स्विट्जरल्यान्डको बाउ बडिमालिका यहीँ छ, किन बनाउनुपऱ्यो स्विट्जरल्यान्ड ? स्विट्जरल्यान्डको पराकाष्ठा रामारोशन छ, किन बनाउनुपऱ्यो स्विट्जरल्यान्ड । खप्तड नेसनल पार्क यहीँ छ, किन बनाउनुपऱ्यो स्विट्जरल्यान्ड' उनले भने, 'हामी नेपाली माल भएका चाल नभएका मान्छेमा पर्‍यौं । भएको चिज देखाउन सकेको छैन ।'

सुदूरपश्चिम अहिले पनि काठमाडौंसँग जोडिन नसकेको उनको भनाइ थियो । सुदूरपश्चिमलाई काठमाडौंसँग जोड्ने एजेन्डा रास्वपासँग रहेको उनको दाबी छ । 'सुदूरपश्चिमलाई सु'नजिक'पश्चिम बनाउनुपऱ्यो, त्यो हो राष्ट्रिय स्वतन्त्र पार्टीको एजेन्डा' उनले भने, 'तपाईंहरूले भोट दिनुभएन भने पनि रास्वपाले बनाउँछ ।'

सभामा रास्वपाबाट कैलाली- ५ का उम्मेदवार आनन्दबहादुर चन्दले धनगढीमा बेथितिको जरो उखेल्न तयार रहेको र त्यसको सारथि बन्न आफू यो क्षेत्रबाट उम्मेदवार बनेको बताए । उनले शिक्षा, स्वास्थ्यलगायत यहाँको समग्र विकासको नेतृत्व रास्वपाले गर्ने बताए ।

'तपाईंहरूले एकातिर गेटामा वर्षौंदेखि अलपत्र भवनहरू देख्नुभएको छ । अर्कोतिर सेती अस्पतालमा आइसियूदेखि बेडसम्मको अभाव पनि देख्नुभएको छ,' उनले भने, एकातिर संरचना खाली, अर्कोतिर बिरामी छट्पटाउने यस्तो अवस्थाको अन्त्य हामी मात्रै गर्न सक्छौं । गेटामा मेडिकल शिक्षा सञ्चालन गरेर र सेती अस्पताललाई सुदृढ बनाउँदै जनशक्ति र उपचार दुवै समस्या समाधान गर्ने हाम्रो स्पष्ट योजना छ ।'

यस क्षेत्रलाई सुदूरपश्चिमको औद्योगिक केन्द्रका रूपमा विकास गर्ने योजना आफूले बनाएको चन्दले बताए । सेवा लिँदा सास्ती नहुने थिति बसाल्ने र कैलाली-५ को मुहार परिवर्तन गर्ने प्रतिबद्धता उनले जनाए । 'हामी धनगढीलाई आर्थिक विकासबाट धनको गढ बनाउन चाहन्छौं । भौतिक विकासबाट धनगढी उपमहानगरलाई नमुना सहर बनाउँछौं । कैलाली-५ हरेक दृष्टिबाट देशकै नमुना निर्वाचन क्षेत्र बनाउँछौं,' उनले भने, 'हामी अवस्था बदल्ने संकल्प लिएर आएका छौं ।'

सभामा सुदूरपश्चिमका धेरैजसो क्षेत्रबाट आएका रास्वपाका उम्मेदवारले पनि सम्बोधन गरेका थिए । सभामा ठुलो संख्यामा रास्वपाका कार्यकर्ता र समर्थक सहभागी थिए ।

रास्वपाले बिहीबार सुर्खेतको वीरेन्द्रनगरमा 'परिवर्तन उद्‌घोष सभा' गर्दै छ । यही सभामा पार्टीको चुनावी वाचापत्र सार्वजनिक गरिने उपसभापति डिपी अर्यालले जानकारी दिए ।

७० कारागार...

पृष्ठ १ बाट क्रमशः

निर्वाचनमा प्रहरीको सहयोगीको रूपमा खटिने नेपाली सेनाले प्रहरीले सम्हाल्दै आएका विभिन्न निकायको सुरक्षा जिम्मेवारी लिएको छ । हालसम्म ७० कारागार, ३१ विमानस्थल र १३ अन्य कार्यालयको सुरक्षामा सेना खटिएको सैनिक प्रवक्ता सहायकरथी राजाराम बस्नेतले जानकारी दिए । कारागार र विमानस्थलबाहेक नेपाल आयल निगम, टेलिकमका टावर तथा अन्य सरकारी निकायको सुरक्षामा सेना खटिएका छन् ।

'एकीकृत निर्वाचन सुरक्षा योजनाअनुसार नेपाली सेना सबै निर्वाचन क्षेत्रमा परिचालन भइसकेको छ,' सैनिक प्रवक्ता बस्नेतले भने, 'कारागार, विमानस्थललगायत महत्त्वपूर्ण संरचनाको सुरक्षामा पनि सेना खटिएको छ ।'

हरेक निर्वाचन क्षेत्रमा बेस बनाएर सशस्त्र प्रहरी र नेपाल प्रहरीसँग सहकार्य गरी सेनाले नियमित गस्ती गर्नेछ । कुनै मतदानस्थलमा प्रहरीले स्थिति नियन्त्रणमा लिन नसक्ने गरी समस्या आएमा तत्कालै परिचालन हुने गरी सेना र सशस्त्र प्रहरीको तैनाथी मिलाइएको गृह मन्त्रालयले जनाएको छ । सामान्यतः मतदानस्थलमा नेपाल प्रहरी र निर्वाचन प्रहरी मात्र खटिनेछन् ।

मतदानसँग सम्बन्धित सामग्री ढुवानीको जिम्मेवारीमा पनि सेना खटिएको सैनिक प्रवक्ता बस्नेतले बताए । कतिपय दुर्गम स्थानमा हेलिकोप्टरमार्फत मतपेटिका, मतपत्रलगायत निर्वाचन सामग्री लैजानुपर्ने अवस्था छ । कतै आकस्मिक रूपमा खटिनुपरेमा नेपाली सेनाले काठमाडौंसहित इटहरी, पोखरा र सुर्खेतमा तयारी अस्थामा हेलिकोप्टर राखिएको नेपाली सेनाले जनाएको छ । निर्वाचनमा ७९ हजार ७२७ सैनिक फिल्डमा खटिनेछन् ।

त्यस्तै, नेपाल प्रहरीका ७५ हजार ४९७, सशस्त्र प्रहरी ३४ हजार ५७६, निर्वाचन प्रहरी एक लाख ४९ हजार ९० तथा राष्ट्रिय अनुसन्धान विभागबाट एक हजार ९२१ जना खटाइने निर्णय भएको छ ।

सशस्त्र प्रहरी पनि बुधबारदेखि पूर्ण रूपमा सबै निर्वाचन क्षेत्रमा खटिइसकेको छ । सशस्त्र प्रहरीले ५४१ स्ट्राइकिङ तथा एक हजार २५२ मोबाइल टोली खटाएको प्रवक्ता विष्णुप्रसाद भट्टले जानकारी दिए ।

आश्वासनका पोकासहित सिराहामा १३८ उम्मेदवार घरदैलोमा

कांग्रेस, एमाले, नेकपा, जसपा र जनमतको आधार क्षेत्रमा रास्वपाको प्रवेशले प्रतिस्पर्धा रोचक, पुरानालाई विरासत जोगाउने र नयाँलाई इतिहास रच्ने अवसर

लहानमा **मणिलाल विश्वकर्मा**

प्रतिनिधिसभा तथा संविधानसभा सदस्य निर्वाचनमा आलोपालो जित्दै आएका कांग्रेस, एमाले, नेकपा, जसपा नेपाललगायत दलसम्बद्ध उम्मेदवार तथा नयाँ दलका उम्मेदवार मतदाता भेटघाट, घरदैलो अभियानसहित मंगलबारदेखि साना-ठुला सभा गर्न जुटेका छन्। कांग्रेस, एमाले, नेकपा तथा मधेसकेन्द्रित दलहरू जसपा नेपाल, जनमत पार्टीको मुख्य प्रतिस्पर्धा रहने विगतको निर्वाचनभन्दा यसपटक जेन-जीको प्रतिनिधित्व रहेको दाबी गर्दै आएको रास्वपासमेत मुख्य प्रतिस्पर्धी दलका रूपमा चुनावी मैदानमा होमिएपछि प्रतिस्पर्धा रोचक र पेचिलो बन्दै गएको छ। सिराहाको चारवटा निर्वाचन क्षेत्रमा साना-ठुला दलका ५४ र ८४ जना स्वतन्त्र गरी १३८ जना उम्मेदवार छन्। चारवटा निर्वाचन क्षेत्रअन्तर्गत पर्ने स्थानीय तहहरूमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सिराहामा दुई लाख ४१ हजार ६१५ पुरुष, दुई लाख १२ हजार २८ महिला र दुई अन्य गरी चार लाख ५३ हजार ६४५ मतदाता, २२३ मतदानस्थल र ५३१ मतदान केन्द्र कायम गरिएको छ।

सिराहा १ मा एमालेलाई विरासत जोगाउने चुनौती

सिराहा १ मा १४ दलगत र १८ स्वतन्त्र गरी ३२ जना उम्मेदवार मैदानमा छन्। कांग्रेसका रामसुन्दर चौधरी, राष्ट्रिय स्वतन्त्र पार्टीका बब्लु गुप्ता, एमालेका निवर्तमान सांसद रामशंकर यादव, नेकपाका रामचन्द्र यादव, जसपाका सत्यनारायण यादव, जनमत पार्टीका रामस्वरूप चौधरी यो क्षेत्रका मुख्य प्रतिस्पर्धी मानिएको छ। कांग्रेसले पहिलोपल्ट चौधरीलाई मैदानमा उतारेको यो क्षेत्रमा एमालेले ०७९ मा निर्वाचित रामशंकरलाई दोहोऱ्याएकाले उनलाई बिरासत जोगाउने चुनौती छ। त्यतिवेला यादव एमाले-जसपा गठबन्धनबाट कांग्रेसका पदमनारायण चौधरीलाई दुई हजार ८३ मतले पछि पार्दै २९ हजार ४६२ मत प्राप्त गरी निर्वाचित भएका थिए।

नेकपाबाट उम्मेदवार भएका रामचन्द्र यादव ०५६ को निर्वाचनमा कांग्रेसका पदमनारायणलाई नै हराउँदै निर्वाचित भएका थिए। जसपाका सत्यनारायण पछिल्लो असोजमा पार्टी प्रवेश गरेर प्रतिनिधिसभा चुनाव लडेका हुन्। यसपटक लामो समय कांग्रेसको स्थानीय राजनीति गर्दै जिल्ला पार्टीको उपसभापति, क्षेत्रीय सभापति र महाधिवेशन प्रतिनिधिसमेत रहिसकेका विष्णु गुप्ताका छोरा २८ वर्षीय बब्लु गुप्ता युवा तथा खेलकुदमन्त्रीबाट राजीनामा दिएर रास्वपाबाट उम्मेदवार बनेका छन्। उनी कांग्रेसको मत काट्दै युवा पुस्ताको मत आफूतर्फ तानेर जित निकाल्ने रणनीतिमा छन्।

वकालत पृष्ठभूमिका कांग्रेसकै प्रतिनिधि रामस्वरूप चौधरी जनमत पार्टीबाट उम्मेदवार रहेकाले पछिल्लो निर्वाचनमा जनमतले पाएको मत र कांग्रेसको थारू मत आफूतिर तानेर जित्ने दाउमा छन्। यो क्षेत्रमा ०५६ को निर्वाचनमा एमालेका रामचन्द्र यादव, ०६४ को संविधानसभा निर्वाचनमा तत्कालीन मधेशी जनअधिकार फोरम, ०७४ मा कांग्रेसका प्रदीप गिरीले जितेका थिए। ०४८, ०५१, ०७० मा कांग्रेस नेता पदमनारायण चौधरी विजयी भएका थिए।

यो क्षेत्रमा बलान नदीको कटान मुख्य समस्या भएकाले प्रायः सबै उम्मेदवारले नदी कटान नियन्त्रण, लहान ठाढी सडकको स्तरोन्नतिसहित जनताका लागि दैनिक सेवा प्रवाह सरल र सहज बनाउने प्रतिबद्धता जनाएका छन्। धनगढीमाई नगरपालिका १, २, लक्ष्मीपुरपतारी गाउँपालिका २ र ६, लहान नगरपालिका १ देखि २४, सखुवानन्कारकट्टी तथा भगवानपुर गाउँपालिकाको १ देखि ५ नम्बरसम्म गरी कुल ४१ वडा यस क्षेत्रमा पर्छन्। ०७९ को निर्वाचनमा कांग्रेस १६ हजार ४८८, एमाले १६ हजार ३३७, जसपा नेपाल १० हजार ४८१, जनमत पार्टी आठ हजार १३८, एकीकृत समाजवादी सात हजार ८६०, नाउपा एक हजार ७८४, माओवादी एक हजार ७१३, रास्वपा एक हजार १८ र लोसपाले २०७ समानुपातिक मत प्राप्त गरेका थिए।

सिराहा २ मा कांग्रेस र रास्वपाबिच टक्कर

सिराहा २ मा कांग्रेस, एमाले, नेकपा, रास्वपा, जसपा, जनमत, आम जनता पार्टी, राष्ट्रिय मुक्ति पार्टीसहित १४ दल र १५ जना स्वतन्त्र गरी २९ जना उम्मेदवार चुनावी दौडमा छन्। कांग्रेसबाट पार्टी जिल्ला सभापति रामचन्द्र यादव, एमालेका नवीनकुमार यादव, रास्वपाका शिवशंकर यादव, नेकपाका मुक्तिनारायण सिंह, राष्ट्रिय मुक्ति पार्टीका कौशलकुमार सिंहलगायत यो क्षेत्रमा उम्मेदवार छन्। कांग्रेसका रामचन्द्र ०७० मा संविधानसभा सदस्यमा निर्वाचित भएका थिए। ०७४ मा उनी माओवादीका सुरेशचन्द्र यादवसँग पराजित भएका थिए।

०७९ को निर्वाचनमा यो क्षेत्रमा जसपा नेपालका राजकिशोर यादव २४ हजार १७८ मतसहित निर्वाचित भएका थिए। उनले कांग्रेसकी चित्रलेखा यादवलाई एक हजार १५० मतान्तरले पछि पारेका थिए। यसपटक राजकिशोर आफ्नो गृह क्षेत्र ४ मा फर्किएका छन्। रास्वपाले यो क्षेत्रमा ३० वर्षीय शिवशंकर यादवलाई उम्मेदवार बनाएको छ। जेन-जी मधेश प्रदेशका संयोजकसमेत रहेका शिवशंकरले ०७९ को प्रतिनिधिसभा निर्वाचनमा हाम्रो नेपाली पार्टीको लौरो चुनाव चिह्नमा उठ्दा ६९९ मत मात्र ल्याएका थिए।

एमालेले नवीनकुमार यादवलाई उम्मेदवार बनाएको छ। जनमत पार्टीका उम्मेदवार विनोदकुमार यादव ०७९ को निर्वाचनमा तेस्रो भएका थिए। नेकपाले मुक्ति सिंह र श्रम संस्कृति पार्टीले गंगाराम ठाकुरलाई उम्मेदवार उठाएको छ। जेन-जी मधेशका संयोजकसमेत रहेका शिवशंकर नयाँ उम्मेदवारका रूपमा कांग्रेसका रामचन्द्रसँग भिड्नु नै रोचक रहेको स्थानीय मतदाता बताउँछन्।


अर्नमा गाउँपालिकाको ४ र ५, औरही गाउँपालिकाको १ देखि ५, गोलबजार नगरपालिका १३, धनगढीमाई नगरपालिका ३ देखि १४, नवराजपुर र बरियारपट्टी गाउँपालिकाको १ देखि ५, लक्ष्मीपुरपतारी गाउँपालिकाको १ र सुखीपुर नगरपालिका १ देखि १० नं. गरी कुल ४१ वडा पर्ने यो क्षेत्रका उम्मेदवारहरूले हुलाकी सडकमा पर्ने सहजा पुल निर्माण, रुग्ण रहेको लगडी गदियानी सडकको निर्माण आफूहरूको पहिलो प्राथमिकतामा रहेको कबोल गरेका छन्। ०७९ को निर्वाचनमा समानुपातिकतर्फ जनमत १६ हजार ९१७, एमाले १३ हजार २५५, कांग्रेस १२ हजार २२४, जसपा नेपाल ११ हजार ७७६, माओवादी सात हजार ५०३, नेकपा एस दुई हजार ३६४, रास्वपा ७०२, लोसपाले १३८ मत ल्याएका थिए।

सिराहा ३ मा चार दलबिच पेचिलो प्रतिस्पर्धा

सिराहा ३ मा कांग्रेसका सुभाषचन्द्र यादव, एमालेका निवर्तमान सांसद लीलानाथ श्रेष्ठ, नेकपाका विश्वनाथ साह, रास्वपाका शम्भुकुमार यादव, जसपाका अशेश्वर यादव, जनमतका रोहित महतोसहित १२ दल र २९ स्वतन्त्र ४१ जना चुनावी दौडमा छन्। ०७९ को निर्वाचनमा २८ हजार ६४ मतसहित निर्वाचित भएका एमालेका श्रेष्ठ यसपटक समानुपातिक सांसद रहेकी सम्झना थपलिया, पूर्वसांसद जानकीदेवी रामसहित स्थानीय पार्टीमा पकड राख्ने केही नेता-कार्यकर्ताको बहिर्गमनले दबाबमा छन्। पछिल्लो निर्वाचनमा नेकपाका साहले निकटतम प्रतिद्वन्द्वीका रूपमा २६ हजार ८८२ मत ल्याएकाले यसपल्ट उनी उत्साहित देखिन्छन्।

जसपाका उम्मेदवार अशेश्वर ०७४ को निर्वाचनमा एमालेका श्रेष्ठसँग पराजित भएका थिए। जनमतका महतो, रास्वपाका शम्भुकुमार यादव, उज्यालो नेपाल पार्टीका श्रवण पासमानलगायत चुनावी दौडमा सामेल छन्। रास्वपाका उम्मेदवार शम्भु पनि रास्वपाको लहरसँगै जित निकाल्ने दाउमा छन्। नेकपाका विश्वनाथ पटकपटक संसदीय निर्वाचनमा पराजित हुँदै आएको र जितेर गएकाप्रति मतदाता सन्तुष्ट नरहेकाले सहानुभूतिको मतसहित पार्टी संगठनकै मतले आफू निवाचित हुने दाबी गर्छन्। प्रायः उम्मेदवारहरूले रुग्ण रहेको गोलबजार लगडीगदियानी सडक निर्माण, करिब १५ वर्षदेखि अलपत्र रहेको कमला पुलको निर्माण गर्न पहल गर्ने प्रतिबद्धता जनाएका छन्।

०७९ को निर्वाचनमा समानुपातिकतर्फ कांग्रेस १६ हजार १४३, एमाले १५ हजार ५९८, जनमत १० हजार १७७, माओवादी आठ हजार ४८५, जसपा सात हजार ९६०, एकीकृत समाजवादी ६ हजार ८१८, राप्रपा एक हजार ५४२, रास्वपा ७३१, लोसपाले २१४ मत ल्याएका थिए। अर्नमा गाउँपालिका १, २, ३, गोलबजार नगरपालिका १ देखि १२, नरहा गाउँपालिका १ र २, विष्णुपुर गाउँपालिका १ र ५ तथा सिराहा नगरपालिकाका २२ वडा गरी कुल ४१ वडा पर्छ।



■ **सिराहा १**
मतदाता : १,११,९४९
महिला : ५३,०९४
पुरुष : ५८,८५५
मतदानस्थल : ५६
मतदान केन्द्र : १३०

■ **सिराहा २**
मतदाता : १,१५,७५८
महिला : ५३,१०६
पुरुष : ६२,६५२
मतदानस्थल : ५४
मतदान केन्द्र : १३६

■ **सिराहा ३**
मतदाता : १,१९,२५०
महिला : ५५,८५९
पुरुष : ६३,३९१
मतदानस्थल : ५३
मतदान केन्द्र : १३६

■ **सिराहा ४**
मतदाता : १,०६,६८६
महिला : ४९,९६९
पुरुष : ५६,७१७
मतदानस्थल : ६०
मतदान केन्द्र : १२९

सिराहा ४ मा पूर्वमन्त्रीहरूबिच नै प्रतिस्पर्धा

सिराहाको पश्चिमी भेगमा पर्ने ४ नम्बर क्षेत्रमा कांग्रेसकी चन्द्रकलाकुमारी यादव, नेकपाबाट पूर्वमन्त्री अजयशंकर नायक, एमालेबाट पूर्वमन्त्री धर्मनाथप्रसाद साह, जसपाबाट पूर्वमन्त्री राजकिशोर यादव, अशोक राई नेतृत्वको जसपाबाट जनमत पार्टी छिरेका निवर्तमान सांसद तथा पूर्वमन्त्री वीरेन्द्रप्रसाद महतो, पूर्वमन्त्रीसमेत रहेका बहुजन शक्ति पार्टीका विश्वेन्द्र पासवान, रास्वपाका तपेश्वर यादवसहित १४ दल र २२ जना स्वतन्त्र गरी कुल ३६ जना उम्मेदवार छन्।

राजकिशोर तीनपटक सांसद र दुईपटक मन्त्री भइसकेका नेता हुन्। ०७९ मा सिराहा २ बाट चुनाव जितेका उनी ०७४ मा सिराहा ४ बाटै निर्वाचित भएका थिए। जनमतका वीरेन्द्र भने ०७९ मा यो क्षेत्रबाट जसपा नेपालबाट २४ हजार १०२ मतसहित चुनाव जितेर सांसद हुँदै वन तथा भूसंरक्षणमन्त्री भएका थिए। महतो यसपटक चुनावको मुखैमा जनमतबाट टिकट लिएर चुनावी प्रतिस्पर्धामा होमिएका हुन्। नेकपाका अजयशंकर भने समानुपातिक सांसद भएर मन्त्री भएका हुँदै ०७४ मा प्रत्यक्ष चुनाव लडे पनि जसपाका राजकिशोरसँग पराजित भएका थिए। ०७९ को निर्वाचनमा तेस्रो भएका धर्मनाथ साह एमाले उम्मेदवार हुन्। तत्कालीन दलित जनजाति पार्टीबाट समानुपातिक सांसद हुँदै मन्त्री भएका विश्वेन्द्र बहुजन शक्ति पार्टीबाट उम्मेदवार छन्। कांग्रेसकी चन्द्रकला र रास्वपाका तपेश्वर यो क्षेत्रका लागि नयाँ अनुहार हुन्। यो क्षेत्रमा कल्याणपुर नगरपालिकाको १ देखि १२, नरहा गाउँपालिकाको ३, ४, ५, मिर्चैया नगपालिका १ देखि १२, विष्णुपुर गाउँपालिका २, ३ ४, कर्जन्हा नगरपालिका १ देखि ११ नं. वडा गरी ४१ वडा पर्छन्।

स्थानीयले कमला नदी कटान नियन्त्रण, मिर्चैया-कल्याणपुर-सिराहा सडकको स्तरोन्नतिजस्ता मुख्य समस्या सामाधानका लागि पहल गरिनुपर्ने औँल्याएका छन्। ०७९ को निर्वाचनमा समानुपातिकतर्फ जनमत १६ हजार १६०, जसपा नेपाल १० हजार ८५१, एमाले नौ हजार १०७, माओवादी ६ हजार ६६५, कांग्रेस ६ हजार २१९, लोसपा नेपाल तीन हजार ७७९, एकीकृत समाजवादी तीन हजार ८६, रास्वपा एक हजार ८०१, राप्रपाले एक हजार ४७८ मत ल्याएको यो क्षेत्रमा समानुपातिक मततर्फ सबैभन्दा बढी ल्याएको जनमत र दोस्रो जसपा नेपालका उम्मेदबारबिच टक्कर हुने अनुमान गरिएको छ।

के भन्छन् दलका नेताहरू ?

● **शैलेन्द्र यादव**, सचिव, कांग्रेस सिराहा



जेन-जी आन्दोलनले उठाएको माग र मुद्दा सम्बोधन गर्ने गरी कांग्रेस बदलिएर आएकाले जनताले देश बदल्न मौका दिनेछन् भन्नेमा विश्वस्त छौँ। भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम, सम्पूर्ण क्षेत्रमा आमूल परिवर्तन गर्ने गरी रोडम्याप तयारीसहित निर्वाचनमा होमिएकाले जिल्लामा हाम्रो अवस्था बलियो छ।

● **अशोककुमार यादव**, अध्यक्ष, एमाले सिराहा




पालिका, वडा हुँदै टोल-बस्तीस्तरमा जनतासँग भेटघाटसहित मत मागिरहेका छौँ। जनताको प्रतिक्रियाले उत्साहित छौँ। हाम्रो पार्टी विध्वंशविरुद्ध निर्माण गर्ने पार्टी भएकाले स्वाभिमान र स्वाधीनतापूर्वक बाँच्नका लागि पनि जनताले हाम्रा उम्मेदवारलाई जिताउँछन्।

● **प्रमोद यादव**, नेता, नेकपा सिराहा



जिल्लाको चारवटै क्षेत्रमा हाम्रो पार्टीको माहोल उत्साहजनक छ। हरेक क्षेत्रमा पर्ने गाउँटोल, बस्तीहरूमा उम्मेदवारसहित कार्यकर्ताहरू जनताको घरदैलोमा पुगिरहनुभएको छ। जेन-जी आन्दोलनअघि नै नेकपाले उठाएका मुद्दाहरू जेन-जीले पनि उठाएकाले मुलुकमा हामीले जित्यौँ भने स्थिरता हुन्छ भन्नेमा छन्, जनता।

● **अशोककुमार यादव**, अध्यक्ष, जसपा नेपाल सिराहा



मधेश मुद्दाका कारण उदाएको जसपाले जितेको क्षेत्रसहित अन्य क्षेत्रमा जित्दै छौँ। प्रमुख कार्यकारी राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, मधेशी, दलित, जनतजाति, मुस्लिमको माग सम्बोधनका लागि संविधान पुनर्लेखन, शिक्षा, स्वास्थ्य रोजगारीको ग्यारेन्टी गराउन पनि यसपल्ट जनताको पहिलो रोजाइमा हामी पर्छौं।

● **हरि मैनाली**, अध्यक्ष, रास्वपा सिराहा



हाम्रो पार्टीका तर्फबाट भावी सरकारमा प्रस्तावित प्रधानमन्त्री, मधेशकै छोरा, काठमाडौं महानगरमा गरेको विकास र जनपक्षीय कामका कारण बालेन्द्र (बालेन) शाहको मधेश दौडाहाले व्यापक जनलहर सिर्जना गरेको छ। चारवटै क्षेत्रमा रास्वपाको विजयको झन्डा फहराउँदै छौँ। विगतमा मधेश र मधेशीलाई ठगेर सत्तामा पुगेकाबाट जनता दिक्क भइसकेकाले एक मौका नयाँलाई पनि दिऔँ भन्नेमा छन्, जनता।

संक्षेप

रामेछापमा हालसम्म सात थान मात्र हतियार प्रहरीमा बुझाइयो

रामेछाप/ आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै दर्ता गराएर व्यक्तिले राखेको हातहतियार बुझाउन जिल्ला प्रशासन कार्यालय रामेछापले निकालेको सूचनालाई नागरिकले बेवास्ता गरेका छन्। जिल्ला प्रशासन कार्यालयको रेकर्डअनुसार रामेछापमा हालसम्म विभिन्न वित्तीय संस्थामा २४ र व्यक्तिको नाममा रहेका १४ गरी ३८ वटा हतियार दर्ता भएका छन्। सरकारी मापदण्डअनुसार दर्ता गराएर लिएका धेरै वित्तीय संस्थाले हतियार नवीकरणसमेत गरेका छैनन्। नवीकरण नगरेका ती हतियारका विषयमा स्थानीय प्रशासन नै अनभिज्ञ छ। प्रशासनले निकालेको सूचनाको समयावधि सकिएको छ। प्रशासनले गरेको निर्देशनलाई पालना नगरी हातहतियार राखेको भेटिएमा हतियार राख्ने व्यक्तिलाई कानुनअनुसारको हदैसम्मको कारबाही गरिने प्रशासनले जनाएको छ। प्रशासनले निकालेको सूचनाअनुसार जिल्लामा हालसम्म सातवटा मात्र हातहतियार बुझाएको र अन्य व्यक्तिहरू हतियार बुझाउन नआएको जिल्ला प्रहरी कार्यालय रामेछापका प्रवक्ता राजनप्रसाद तिम्सिनाले बताए। प्रशासन कार्यालयले एक सूचना प्रकाशन गर्दै निर्वाचनलाई भरपर्दो र विश्वसनीय सुरक्षा व्यवस्थापन गरी भयरहित वातावरणमा निर्वाचन गराउने उद्देश्यले लाइसेन्स प्राप्त (दर्ता भएका) हातहतियार र अन्य दर्ताविनाका हतियार २० माघभित्र नजिकको प्रहरी चौकी, जिल्ला प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा बुझाउन सूचना सार्वजनिक गरेको थियो।

रुपन्देही प्रहरीमा एक महिनामै ११५ मुद्दा दर्ता

बुटवल/ रुपन्देहीमा माघ महिनामा मात्रै ११५ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्। जिल्ला प्रहरी कार्यालय रुपन्देहीका अनुसार दर्ता भएका मुद्दामा संगठित तथा आर्थिक अपराधका मुद्दा ३९ वटा छन्। सामाजिक अपराधका मुद्दाको संख्या पनि उल्लेख्य छ। जिप्रकाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दका अनुसार सामाजिक अपराधका मुद्दा २६ वटा दर्ता भएका छन्। चोरीका ६, सवारीसम्बन्धी १२, महिला बालबालिकासम्बन्धी अपराधका चार तथा आत्महत्याका ६ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्। माघमा प्रहरीले १२१ जना चालू मुद्दाका प्रतिवादीलाई पक्राउ पनि गरेको छ। प्रहरीले १८ जना फरार प्रतिवादी पक्राउ गरेको छ। माघमा रुपन्देहीमा ७१ सवारी दुर्घटना भएको तथ्यांक छ। यी दुर्घटनामा परेर ६ जनाको ज्यान गएको छ भने १३७ जना घाइते भएका छन्। प्रहरीले यस महिनामा चेकजाँचका क्रममा तीन हजार ४५ वटा सवारी कारबाही गरेको छ। यसबाट ५१ लाख ८६ हजार पाँच सय रुपैयाँ राजस्व संकलन गरेको छ।

दुई क्विन्टल गाँजासहित दुईजना पक्राउ

धनकुटा/ साँगुरीगढी गाउँपालिका- ७ गर्जुवाबाट प्रहरीले गाँजासहित दुईजनालाई पक्राउ गरेको छ। गर्जुवास्थित जंगलमा गाँजा लुकाइराखेको भन्ने गोप्य सूचनाका आधारमा ३३ वर्षीय प्रकाश राई र ३४ वर्षीय अशोक राईलाई २०५ किलो गाँजासहित घरैबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनकुटाका सूचना अधिकारी डिएसपी ज्ञानकुमार महतोले बताए। आरोपितले १० वटा प्लास्टिकको बोरामा लुकाएर राखेको गाँजा प्रहरीले बरामद गरेको छ। गाँजासहित पक्राउ परेका राईद्वयलाई जिल्ला प्रहरी कार्यालय धनकुटा ल्याएर आवश्यक अनुसन्धान सुरु गरिएको डिएसपी महतोले बताए।

■ तयारी अवस्थामा मतपेटिका



जिल्ला निर्वाचन कार्यालय संखुवासभामा २१ फागुनको प्रतिनिधिसभा निर्वाचनका लागि तयारी अवस्थामा राखिएका मतपेटिका। तस्बिर : नवीन गुरुङ/नयाँ पत्रिका

कांग्रेस अनुशासन समिति बैठक बस्दै

बागी उम्मेदवारलाई निष्क्रिय हुन निर्देशन दिने, अटेर गरे निष्कासन

नयाँ पत्रिका

कांग्रेसले प्रतिनिधिसभा निर्वाचनमा उठेका बागी उम्मेदवारलाई समयसीमा तोकेर उम्मेदवारी निष्क्रिय गराउन निर्देशन दिँदै छ। शुक्रबार बस्ने पार्टी अनुशासन समितिको बैठकले देशभरिबाट केन्द्रीय कार्यालयमा आएका उजुरीबारे समीक्षा हुने र बागी उम्मेदवारलाई समय दिएर उम्मेदवारी निष्क्रिय गराउन लागेको छ। समयसीमाभित्र पनि अटेर गरिरहे पार्टीबाट निष्कानसम्मको कारबाही गने पार्टीको तयारी छ।

'अनुशासन समितिको बैठक शुक्रबार बस्दै छ, बैठकमा बागी उम्मेदवारलगायत केन्द्रीय कार्यालयमा आएका समग्र उजुरीबारे छानबिन हुन्छ,' अनुशासन समितिका सदस्य सुवास पोखरेलले भने, 'बागी उम्मेदवारको हकमा एउटा समयसीमा तोकेर उम्मेदवारी निष्क्रिय गराउने अवसर दिने कुरा होला। बैठकमा यसबारे हामी समीक्षासहित निर्णय गर्छौं।' कांग्रेस विशेष महाधिवेशनपछिको केन्द्रीय समितिले नेता तारामान गुरुङ संयोजक रहेको अनुशासन समिति गठन गरेको छ। समितिको पहिलो बैठक बस्न लागेको हो।

■ कांग्रेसका बागी उम्मेदवार

● पर्सा २ मा कांग्रेसका आधिकारिक उम्मेदवारको विकल्पमा राजेश्वरप्रसाद साहले उम्मेदवारी दिएका थिए। त्यहाँ कांग्रेसका आधिकारिक उम्मेदवार अजय चौरसिया हुन्। पर्सा ४ मै कांग्रेसका उम्मेदवारविरुद्ध कांग्रेसकै रामलखन महतोले बागी उम्मेदवारी दिएका छन्। त्यहाँ कांग्रेस नेता रमेश रिजाल आधिकारिक उम्मेदवार हुन्।

● कालीकोटमा कांग्रेसका आधिकारिक उम्मेदावार हर्षबहादुर बमलाई टिकट दिएको विरोधमा कांग्रेस नेता भूपेन्द्रजंग शाहीले बागी उम्मेदवारी दिएका थिए। तर, उनले उम्मेदवारी फिर्ता लिएका छन्।

● कांग्रेसका आधिकारिक उम्मेदवारविरुद्ध कपिलवस्तु १ मा आशिष शर्माले बागी उम्मेदवारी दिएका छन्। कांग्रेसका आधिकारिक उम्मेदवार अतहर कमाल मुसलमान हुन्। उम्मेदवारी निष्क्रिय नबनाएको भन्दै कांग्रेस जिल्लन अनुशासन समितिले बागी उम्मेदवार शर्मा र उनका बावु दीपप्रकाश उपाध्यायलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी कारबाहीको सिफारिस गरेको छ।

● सिन्धुली २ बाट कांग्रेसका खड्गबहादुर वाइबाले कांग्रेस पार्टी त्यागेको घोषणा गर्दै उम्मेदवारी दिएका थिए। कांग्रेसका आधिकारिक उम्मेदवार सुशीला थिङ हुन्।

● सप्तरी ४ मा कांग्रेसका क्षेत्रीय सभापति सीताराम साहले बागी उम्मेदवारी दिए। त्यहाँ पार्टी नेता तेजुलाल चौधरी आधिकारिक उम्मेदवार हुन्।

ललितपुर १ मा चारपक्षीय प्रतिस्पर्धा

कांग्रेस विरासत जोगाउने, एमाले र नेकपा विरासत फर्काउने तथा रास्वपा इतिहास रच्ने दाउमा

मतदाता

मतदाता : ७७,७३७
मतदानस्थल : ५३
मतदान केन्द्र : १००
उम्मेदवार : २८ (१६ दल र १२ स्वतन्त्र)
महिला उम्मेदवार : ३

प्रेम गौतम/नयाँ पत्रिका

काठमाडौं उपत्यकाकै क्षेत्र भएर पनि ललितपुर १ विकट मानिन्छ। भौगोलिक, सामाजिक र आर्थिक हिसाबले यो क्षेत्रमा विविधता छ। पूर्ण सहरी, अर्धसहरी र दुर्गम पहाडी बस्ती यो क्षेत्रमा पर्छ। सहरी क्षेत्रमा सडक सञ्जाल, बजार र सेवा-सुविधाको सहज पहुँच छ भने पहाडी भेगमा छरिएका बस्ती, कच्ची सडक, आधारभूत पूर्वाधारको अभाव छ। वर्षायाममा यातायात अवरुद्ध हुने हुँदा शिक्षा, स्वास्थ्य र बजार पुग्न समस्या हुने भएकाले यो क्षेत्रका बासिन्दा सडक स्तरोन्नतिको पर्खाइमा छन्।


युवा शक्ति ठुलो मात्रामा वैदेशिक रोजगारीमा गएको छ भने खेतबारी बाँझो रहने समस्या छ। सहरी क्षेत्रमा व्यापार, व्यवसाय र सेवामा आधारित अर्थतन्त्र छ भने ग्रामीण क्षेत्र कृषिमा निर्भर छ। सिँचाइ, बजार पहुँच र भण्डारणको अभाव छ। कतै पानीको स्रोत संरक्षणको समस्या छ भने कतै वितरण प्रणालीको समस्या छ। व्यावसायिक कृषि, जैविक उत्पादन, तरकारी खेती, पशुपालन र ग्रामीण पर्यटनको राम्रो सम्भावना छ।

ललितपुर १ हरिसिद्धिदेखि मकवानपुर र काभ्रेसम्म जोडिएको छ। महांकाल, बागमती, कोञ्ज्योसोम गाउँपालिका र गोदावरी नगरपालिकाका १२ र १४ वडाबाहेक सबै यो क्षेत्रमा पर्छन्। यो क्षेत्रमा ७७ हजार ७३७ मतदाता छन् भने ५३ मतदानस्थल र सय मतदान केन्द्र छन्। विकास निर्माणदेखि जनजीविकासम्मका एजेन्डा लिएर यो निर्वाचनमा २८ उम्मेदवार मैदानमा छन्। ०७९ मा निर्वाचित उदयशमशेर राणालाई कांग्रेसले उठाएको छ। उनी कांग्रेसको विशेष महाधिवेशनबाट सहमहामन्त्री बनेका थिए। ०६४ को पहिलो संविधानसभा निर्वाचनमा उदयशमशेर उम्मेदवार बने। उनलाई नेकपा (तत्कालीन माओवादी)का नेता वर्षमान पुनले पराजित गरेका थिए।

०७० को दोस्रो संविधानसभा निर्वाचनमा भने उदयशमशेर निर्वाचित भए। ०७४ मा एमालेका नवराज सिलवालसँग उनी पराजित भए। ०७९ मा फेरि सिलवाललाई पराजित गर्दै उदयशमशेर नै निर्वाचित भए। उनी तेस्रो जितको खोजीमा छन्। तर, उनलाई एमाले, नेकपा र रास्वपाले चुनौती दिएका छन्।एमालेले पूर्व प्रदेश सभा सदस्य चेतनाथ सञ्जेललाई उम्मेदवार बनाएको छ। नेपाली कम्युनिस्ट पार्टीले सुनील महर्जनलाई उम्मेदवार बनाएको छ। पार्टी संगठनको बल र समुदायगत प्रभावमा उनी ०६४ कै बिरासत ब्युँताउने रणनीतिसहित चुनावी मैदानमा खटिएका छन्।


रास्वपाले बुद्धरत्न महर्जनलाई उम्मेदवार बनाएको छ। अघिल्लो निर्वाचनमा उनी ललितपुर २ बाट उम्मेदवार बनेका थिए।

● **उदयशमशेर राणा**, कांग्रेस




अहिले नयाँ र पुरानको कुरा चर्चामा छ। नयाँ भनेको विचार र कार्यशैलीमा आउने परिवर्तन हो। त्यो नयाँपन आजको कांग्रेसमा छ। कांग्रेसभित्रै बसेर हामीले यथास्थितिवादलाई चुनौती दियौँ। हामीजस्ता युवा पुस्ताले पार्टीका पुराना नेतालाई प्रश्न गर्ने आँट गर्‍यौँ, किनकि आफैँभित्र सुधार नगरेसम्म देश बदल्न सकिँदैन भन्ने थाहा छ। हामी कांग्रेसलाई बदलेर देश बदल्ने महाभियानमा लागेका छौँ।

● **चेतनाथ सञ्जेल**, एमाले




विकास निर्माण, स्वास्थ्य, शिक्षा, खेलकुद, खानेपानी, सिँचाइ, पर्यटन प्रवर्द्धनका साथै भाषा, साहित्य, कला, संस्कृतिको जगेर्ना गर्ने गरी नीति निर्माण गर्न भूमिका खेल्नेछु। गोदावरी सनराइज हल पुनर्निर्माण गर्ने, भट्टेडाँडा, तीनपाने भञ्ज्याङको राडार क्षेत्रमा अन्तर्राष्ट्रिय विमानस्थलको प्रारम्भिक अध्ययनलाई थप अध्ययन गर्ने र सम्भाव्यताका लागि सरकारको कार्यक्रममा राख्न पहल गर्नेलगायत मेरा मुख्य एजेन्डा हुन्।

● **सुनील महर्जन**, नेकपा



गाउँदेखि सहरसम्म विश्वस्तरीय शिक्षा प्रदान गर्ने, प्रत्येक दुर्गम विद्यालयलाई डिजिटल कक्षाकोठामा रूपान्तरण गर्ने, हरेक वर्ष कम्तीमा एक हजारभन्दा बढी विद्यार्थीलाई पूर्ण छात्रवृत्ति उपलब्ध गराउने, गाउँगाउँमा अस्पताल, घरघरमा स्वास्थ्य सुरक्षाको व्यवस्था, सम्पूर्ण भाषा-संस्कृतिको जगेर्ना गरिनेछ। कृषिको आधुनिकीकरण र पर्यटन प्रवर्द्धन गर्नेछु।

● **बुद्धरत्न महर्जन**, रास्वपा



जेन-जी आन्दोलनको मर्म र भावनाअनुसार राजनीतिक विकृति र विसंगतिविरुद्ध मेरो उम्मेदवारी हो। मुलुकमा बेथिति, भ्रष्टाचार र अत्याचार अन्त्य गरी पारदर्शिता, सुशासन र समृद्धि हासिल गर्ने मुख्य एजेन्डा छ। म कुनै लाभ वा अपेक्षा गरेर राजनीतिमा आएको होइन। मेरा लागि व्यक्तिगत रूपमा केही कुराको अभाव छैन। तर, मुलुकको परिस्थितिले आफूलाई आत्मसन्तुष्टिका लागि चुनावी मैदानमा छु।

को-को छन् उम्मेदवार ?

ललितपुर १ मा १६ दल र १२ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा छन्। जसमध्ये तीनजना महिला छन्। एमालेबाट चेतनाथ सञ्जेल, कांग्रेसबाट उदयशमशेर राणा, नेकपाबाट सुनील महर्जन, रास्वपाबाट बुद्धरत्न महर्जन, राप्रपाबाट सजिना कार्की, उज्यालो नेपालबाट पदमकुमार लामा, जसपा नेपालबाट महावीर स्याङ्तान तामाङ, आजपाबाट किरण महर्जन, नेकपा संयुक्तबाट अमृतनाथ बजगाईं, श्रम संस्कृतिबाट गौतम थापा, माओवादीबाट भीमसेन घिमिरे, नेमकिपाबाट सरिता गोसाईं देसार, मंगोल नेसनल अर्गनाइजेसनबाट सुरेश मार्पा, नेसनल रिपब्लिकबाट सञ्जय घिसिङ तामाङ, प्रलोपाबाट रोहित बास्तोला र पिपुल फर्स्ट पार्टीबाट सनोज महत उम्मेदवार छन्। स्वतन्त्र उम्मेदवारमा धर्मराज बोहरा, विशाल तामाङ, राधाकृष्ण बस्नेत, सरोजकुमार विष्ट, शर्मिला बुढाथोकी, देवेन्द्र सिंह, अशोक थापा, भरत दुलाल, राम खड्का, तिलकबहादुर भोलन, डालनाथ तिमल्सिना र गणेशबहादुर बल तामाङ छन्।

चुनावी वाचा पूरा गर्न नसक्ने, छाड्न पनि नसक्ने

घोषणापत्रमा आकर्षक प्रतिबद्धता अघि सार्ने तर तिनको कार्यान्वयनको सवालमा भने दलमा कुनै चिन्ता र चासो नदेखिनु दुःखद छ



● राजेश विद्रोही

अग्रलेख

निर्वाचन नजिकिँदै जाँदा राजनीतिक दल चुनावी घोषणापत्र सार्वजनिक गर्न असाध्यै हतारिन्छन्। समृद्धि, सुशासन, रोजगारी, निःशुल्क शिक्षा-स्वास्थ्य, सीमान्तकृत समुदायको सशक्तीकरणजस्ता आकर्षक प्रतिबद्धता अघि सारिन्छन्। तर, ती प्रतिबद्धता कार्यान्वयन गर्ने सवालमा भने न त त्यस्तो हतारो देखिन्छ, न गम्भीर चिन्ता र चासो। प्रश्न उठ्छ- आफ्नै प्रतिबद्धता कार्यान्वयन गर्न दलहरूलाई किन यति कठिन हुन्छ ?

सत्ता उनीहरूकै हातमा हुन्छ। देशमा पर्याप्त कानुन, नीति र संविधानको व्यवस्था छ। स्रोत-साधन र राज्य संयन्त्र पनि उपलब्ध छन्। यति हुँदाहुँदै पनि प्रतिबद्धता कार्यान्वयन किन कमजोर हुन्छ ? यसको एउटा प्रमुख कारण राजनीतिक प्रतिबद्धता र कार्ययोजनाबिचको अन्तर हो। घोषणापत्रमा दीर्घकालीन दृष्टि र ठोस कार्यान्वयन रणनीति स्पष्ट हुँदैन। परिणामतः प्रतिबद्धता नारामै मात्र सीमित हुन्छ, नीति र कार्यक्रमको प्राथमिकतामै पर्दैन।

अर्को पक्ष भनेको राजनीतिक इच्छाशक्तिको अभाव हो। जब प्रतिबद्धता सत्तामा पुग्ने साधन मात्र बन्छ, त्यसलाई पूरा गर्नु प्राथमिकता रहँदैन। दलबिचको सत्ता-सम्झौता, गुटगत स्वार्थ, अल्पकालीन राजनीतिक लाभ र व्यक्तिगत आकांक्षाले दीर्घकालीन जनप्रतिबद्धतालाई ओझेलमा पार्छ। त्यसैले, एउटै प्रतिबद्धता पटक-पटक दोहोरिन्छ, तर पूरा हुँदैन।

प्रश्न यो पनि हो- अधुरा प्रतिबद्धताको राजनीतिक लागत किन हुँदैन ? दलहरूलाई तत्काल गाह्रो पर्दैन, किनकि जनतासँग जवाफदेहिता सुनिश्चित गर्ने बलियो संयन्त्र कमजोर छ। निर्वाचनका बेला नयाँ वाचाले पुरानोलाई ढाकिदिन्छ। तर, यसको दीर्घकालीन असर गम्भीर हुन्छ, विश्वासको संकट गहिरिँदै जान्छ। नागरिकमा निराशा बढ्छ। लोकतन्त्रप्रतिको आस्था कमजोर बन्छ।

यसको सबैभन्दा ठुलो मार सीमान्तकृत वर्ग, जाति, क्षेत्र, लिंग र समुदायले व्यहोर्नुपर्छ। कुल जनसंख्याको करिब ८० प्रतिशत हिस्सा ओगट्ने यी समुदाय प्रतिबद्धताको प्रमुख लक्षित समूह त हुन्छ, तर लाभको वास्तविक हिस्सेदार बन्न सक्दैन। कारण, प्रतिबद्धता र नीतिनिर्माण गर्ने वर्ग सीमित र प्रभावशाली छ। शक्ति, स्रोत र अवसरको वितरण असमान छ। जब राज्यसत्ता मुठीभर मानिसका हातमा केन्द्रित हुन्छ, प्रतिबद्धता पनि उनीहरूको स्वार्थअनुकूल मात्र कार्यान्वयन हुन्छ। राजनीति जनसेवाभन्दा सत्तारुढ दल र नेताको स्वार्थसिद्धिको माध्यम बन्दा झुटो आश्वासनको चक्र दोहोरिरहन्छ। पुस्तौँदेखि दोहोरिँदै आएको यही प्रवृत्तिले लोकतान्त्रिक अभ्यासलाई कमजोर बनाएको छ।

त्यसैले, समस्या केवल घोषणापत्रको होइन, राजनीतिक संस्कार, जवाफदेहिता र शक्ति-संरचनामा छ। जबसम्म प्रतिबद्धता कानुनी, नीतिगत र नैतिक रूपमा बाध्यकारी बनाइँदैन, नागरिकले सक्रिय निगरानी तथा प्रश्न गर्ने संस्कृति बलियो बनाउँदैनन्, तबसम्म एउटै वाचा दोहोरिने र अपूरै रहने क्रम रोकिने सम्भावना कम रहन्छ। किनभने झन्डै तीन करोड जनसंख्या भएको प्राकृतिक रूपमा संसारकै धनी देश नेपालका लागि यी प्रतिबद्धता बीस वर्षका लागि पर्याप्त छन्। तर, यहाँ शासक वर्गको इच्छाशक्ति कमजोर छ।

२०८२ फागुन २१ मा हुन लागेको निर्वाचनका लागि दलहरूले धमाधम आफ्नो घोषणापत्र सार्वजनिक गरिरहेका छन्। यसपटक काग्रेस, एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), उज्यालो नेपाल पार्टी, श्रमसंस्कृति पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टीलगायत कतिपय दलले आआफ्ना महत्त्वाकांक्षी घोषणापत्र सार्वजनिक गरिसकेका छन् भने केही दलले सार्वजनिक गर्दै छन्। तर, ती सबै घोषणापत्र नजिकबाट नियाल्दा पुराना प्रतिबद्धताभन्दा फरक छैनन्। नयाँ र वैकल्पिक भनिएका दलले पनि पुराना दलको घोषणापत्रसँग धेरै भिन्नता प्रस्तुत गर्न सकेको देखिँदैन।

सबै दलको केन्द्रविन्दु आर्थिक वृद्धि, रोजगारी सिर्जना, पूर्वाधार विकास, कृषि, वैदेशिक रोजगारी, ऊर्जा र जलस्रोतको विस्तार, भूमिहीन र सुकुम्बासीको अधिकार, सामाजिक सुरक्षा र भ्रष्टाचार नियन्त्रणजस्ता विषय बनेका देखिन्छन्। तर, यसै विषयमा दलहरूको दृष्टिकोण, कार्यान्वयनको योजना र विश्वसनीयता फरक देखिन्छ। काग्रेसले आफ्नो घोषणापत्र (प्रतिज्ञापत्र) मा संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणलाई प्राथमिकता दिएको छ। साथै, दोहोरो अंकको आर्थिक वृद्धि, युवा रोजगारी, शिक्षा-स्वास्थ्य सुधार, कृषि आधुनिकीकरण, सामाजिक सुरक्षा विस्तार र सुशासन सुनिश्चित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेको छ। तर, यी योजना पूरा गर्न आवश्यक स्रोत, साधन र समयसीमा स्पष्ट छैन।

एमालेले 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा यसपटक पनि छोडेको छैन। तीव्र आर्थिक विकास, ठुला पूर्वाधार आयोजना, ऊर्जा उत्पादन विस्तार, औद्योगिकीकरण, प्रविधिमुखी र डिजिटलकरण, कृषिमा आत्मनिर्भरता र भ्रष्टाचारविरुद्ध कडा कदम चाल्ने प्रतिबद्धता जनाएको छ। तथापि, कार्यान्वयन र वित्तीय स्रोतको स्पष्टता अस्पष्ट छ। नेकपाले समाजवादउन्मुख अर्थतन्त्र, भूमिहीन र श्रमिक अधिकार सुनिश्चितता, संघीयता र समावेशिताको प्रभावकारी कार्यान्वयन, शिक्षा-स्वास्थ्यमा सुधार, रोजगारको व्यापकता, राज्यको बलियो भूमिका, युवा उद्यमशीलता प्रवर्द्धन र सामाजिक न्यायलगायत विषयलाई प्राथमिकता दिएको छ। नयाँ वैकल्पिक दल भनिएको रास्वपाले 'नागरिक करार'मार्फत भ्रष्टाचारविरोधी उच्च आयोग गठन गर्ने, प्रतिव्यक्ति आय तीन हजार डलर र



१०० अर्ब डलर जिडिपी लक्ष्य, १२ लाख रोजगारी सिर्जना, १५ हजार मेगावाट विद्युत् उत्पादन, २० हजार किलोमिटर राजमार्ग निर्माण, एकीकृत सामाजिक सुरक्षाको ग्यारेन्टी तथा प्रवासी नेपालीलाई मताधिकार र नागरिकताको निरन्तरता सुनिश्चित गर्नेजस्ता महत्त्वाकांक्षी एजेन्डा अघि सारेको छ।

उज्यालो नेपाल पार्टीले पनि सांसद संख्या घटाउने, प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री प्रणाली लागू गर्ने, भ्रष्टाचारविरुद्ध कडा कारबाही गर्ने, पाँच वर्षभित्र ४५ लाख रोजगारी सिर्जना गर्ने, २५ हजार मेगावाट विद्युत् (२०३५ सम्म) उत्पादन गर्ने, विश्वविद्यालय तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्ने, युवालाई इन्टर्नसिप र सहुलियत ऋण प्रदान गर्ने, पूर्वाधार र पर्यटन विकास गर्नेजस्ता योजना प्रस्तुत गरेको छ।

> लोकतन्त्रमा घोषणापत्र केवल मत तान्ने साधन होइन, जनतासँग गरिएको सामाजिक सम्झौता पनि हो। जब त्यो सम्झौता पूरा हुँदैन, जनविश्वास कमजोर हुन्छ।

तर, यहाँ सबैको हकमा स्पष्ट देखिएको विषय भनेको कार्यान्वयनको विश्वसनीयता हो। आर्थिक समृद्धि, सुशासन, वैदेशिक रोजगार, प्रविधि, कृषि, पर्यटन, जलविद्युत् र जमिनजस्ता विषयलाई केन्द्रमा राखिए पनि लक्ष्य प्राप्तिको विधि, संरचनात्मक सुधारको दिशा र कार्यान्वयनमा स्पष्टता छैन। आजसम्म समस्या घोषणापत्रमा होइन, कार्यान्वयन र इच्छाशक्तिमा देखिएको छ।

घोषणापत्रमा उल्लेख गरिएका योजना पूरा गर्न आवश्यक स्रोत, साधन, समयसीमा, कानुनी आधार र संस्थागत तयारीको स्पष्टता छैन। धेरैजसो दलले लोकप्रियता र मत आकर्षणका लागि महत्त्वाकांक्षी योजना प्रस्तुत गरेका छन्। यो भनेको झुटो आश्वासन हो। किनभने, वित्तीय स्रोतको स्पष्ट खाका देखिँदैन। कर संरचना सुधार, उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, उद्योग विस्तारजस्ता आधारभूत सुधार र आम्दानीको सुनिश्चितताविना खर्चमुखी योजना मात्र घोषणा गर्नु लोकप्रिय राजनीति हो, जिम्मेवार राजनीति होइन।

नेपाल प्रकृतिले धनी छ। जलस्रोत, खानी, कृषियोग्य भूमि, वन र पर्यटनका अवसर प्रशस्त छन्। तर, राज्यको आम्दानीको ठुलो हिस्सा तलब, भत्ता र ऋण भुक्तानीमै खर्च हुन्छ। यस्तो अवस्थामा व्यापक अनुदान, सबैलाई भत्ता, निःशुल्क सेवा र ठुला पूर्वाधार आयोजनाजस्ता महत्त्वाकांक्षी योजना कार्यान्वयनमा कठिनाइ हुन्छ।

समावेशिताको सवालमा पनि घोषणापत्र र व्यवहारबिच ठुलो अन्तर देखिन्छ। दलित, मधेशी, महिला, जनजाति, पिछडिएका समुदायलाई प्राथमिकतामा राख्ने प्रतिबद्धता हरेक घोषणापत्रमा हुन्छ। तर, उम्मेदवारी वितरण, नेतृत्व चयन र निर्णायक तहमा उनीहरूको प्रतिनिधित्व अपेक्षित स्तरमा पुगदैन। शब्दमा समावेशिता र व्यवहारमा शक्ति सीमित समूहमा केन्द्रित हुनु लोकतान्त्रिक मूल्यसँग मेल खाँदैन।

भ्रष्टाचार नियन्त्रण गर्ने प्रतिबद्धता पनि हरेक घोषणापत्रको स्थायी बुँदा हो। तर, सत्तामा पुगेपछि त्यही दलमाथि अनियमितता, शक्तिको दुरुपयोग र संरक्षणवादको आरोप लाग्छ। आन्तरिक पारदर्शिता र जवाफदेहिताको संरचना बलियो नभएसम्म भ्रष्टाचारविरुद्धको नारा प्रभावकारी हुँदैन। किनभने, घोषणापत्रमा लेखिएको वाक्य मात्रले सुशासन स्थापना हुँदैन।

जवाफदेहिताको अभाव अर्को ठुलो चुनौती हो। निर्वाचनपछि दलहरूले आफ्नो घोषणापत्र कार्यान्वयनको प्रगति सार्वजनिक गर्ने परम्परा छैन। पाँच वर्षपछि फेरि नयाँ घोषणापत्रसहित मत माग्न आउँछन् उनीहरू, पुरानो प्रतिबद्धताको समीक्षा र मूल्यांकन हुँदैन। जनताका प्रश्न राजनीतिक बहसमा हराउँछन्। यदि वार्षिक समीक्षा, सार्वजनिक प्रतिवेदन र संसदीय अनुगमन अनिवार्य बनाइयो भने राजनीतिक विश्वसनीयता बढ्न सक्छ।

लोकतन्त्रमा घोषणापत्र केवल मत तान्ने साधन होइन, जनतासँग गरिएको सामाजिक सम्झौता पनि हो। जब त्यो सम्झौता पूरा हुँदैन, जनविश्वास कमजोर हुन्छ। निरन्तर अपूरा प्रतिबद्धताले जनता र युवापुस्तामा निराशा बढाउँछ। विदेश पलायन, राजनीतिक उदासीनता र वैकल्पिक शक्तिप्रतिको आकर्षण त्यसकै परिणाम हुन्।

अब दलहरूले भाषण र नाराभन्दा यथार्थपरक, मापनयोग्य र स्रोतसहितका योजना ल्याउन आवश्यक छ। स्पष्ट समयसीमा, जिम्मेवार निकाय र कानुनी आधार उल्लेख गर्नु अपरिहार्य छ। घोषणापत्रलाई नीति तथा कार्यक्रममा रूपान्तरण गरी नियमित अनुगमन गर्नुपर्छ। जनताको विश्वास जित्ने एक मात्र उपाय भनेको पूरा गर्न सकिने प्रतिबद्धता गर्नु र गरेका प्रतिबद्धता पूरा गर्नु हो। नभए गर्न नसक्ने तर प्रतिबद्धता पनि नछाड्ने खालको कागजी खोस्टामा घोषणापत्र नेपाली राजनीतिमा दोहोरिइरहनेछन्।

यसैबिच आर्थिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत पहिचान, बजेट प्रावधान र कानुनी सुधार आवश्यक छ। उदाहरणका लागि, शिक्षा र स्वास्थ्य क्षेत्रमा निःशुल्क सेवा सुनिश्चित गर्न शिक्षक-डाक्टरको संख्या, विद्यालय र स्वास्थ्य संस्था विस्तार, उपकरण र औषधि आपूर्ति व्यवस्था स्पष्ट हुनुपर्छ। रोजगार सिर्जना र उद्योग विस्तारका लागि कच्चा पदार्थ, लगानी, बजार पहुँच, प्रविधि हस्तान्तरण र नीतिगत सहजता जनमुखी हुन आवश्यक छ। पूर्वाधार योजनामा जनशक्ति, निर्माण सामग्री, वातावरणीय अनुमोदन र वित्तीय स्रोत सुनिश्चित हुनु अनिवार्य छ।

त्यस्तै, सामाजिक सुरक्षा योजना कार्यान्वयनका लागि डिजिटल प्रणाली, लाभार्थी पहिचान, निकायहरूको समन्वय र अनुगमन संरचना तयार हुनु जरुरी छ। वैदेशिक रोजगार रोक्ने र युवा रोजगारी सुनिश्चित गर्ने योजना कार्यान्वयन गर्न निजी क्षेत्र, सीप विकास, प्रशिक्षण र लगानी प्रवाहमा स्पष्ट रणनीति हुनुपर्छ।

राजनीतिक दलहरूले आफ्नो घोषणापत्रलाई मात्र राजनीतिक साधन नठानी त्यसलाई जनसहभागिता र सामाजिक सम्झौतामा परिणत गर्न सक्नुपर्छ। यसका लागि निर्वाचनअघि र पछि अनुगमन समिति, सार्वजनिक प्रतिवेदन, संसदीय समीक्षा र नागरिक समाजको निगरानी अनिवार्य बनाउनुपर्छ। समग्रमा, नेपाली राजनीतिक दलहरूको चुनावी घोषणापत्रमा गरिएको प्रतिबद्धता र वास्तविक कार्यान्वयनबिच ठुलो अन्तर छ। भाषण, नारा र वाक्यमा समावेशिता, समृद्धि र सुशासनको कुरा भए पनि वास्तविकता कागजमा सीमित रहन्छ। अबको चुनौती भनेको मापनयोग्य, स्रोतसहितको समयसीमामा आबद्ध र कार्यान्वयनयोग्य योजना ल्याउनु हो। जनताको विश्वास र लोकतान्त्रिक स्थायित्व त्यसैमा निर्भर छ।

यदि दलहरूले यथार्थपरक योजना प्रस्तुत गर्छन्, प्रतिबद्धता पूरा गर्छन् र नियमित अनुगमन गर्छन् भने मात्र नेपालको लोकतन्त्र बलियो र जनतामुखी बन्न सक्छ। नभए कागजमा मात्र प्रतिबद्धता गर्ने पुरानै प्रवृत्ति जारी रहिरहनेछ। दलहरूले गर्न नसक्ने तर प्रतिबद्धता पनि नछाड्ने प्रवृत्तिले ठुलो क्यान्सरको रुप लिनेछ। त्यसको मूल्य भने दलहरूले होइन, जनताले नै चुकाउनुपर्ने हुन्छ। किनभने, देश असली रूपमा जनताको हो, शासकको होइन। इतिहास साक्षी छ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



दलहरूको आम्दानी र खर्च किन पारदर्शी नभएको होला ?

दल र उम्मेदवारका लागि चुनावी व्ययभार अत्यन्त खर्चिलो हुँदै गएको छ। निर्वाचन आयोगले निर्धारण गरिदिएको सीमाभन्दा पनि सबै दल र तिनका उम्मेदवारको खर्च निकै उच्च हुने गरेको छ। त्यसैले, आयोगमा दल र उम्मेदवारले दिने विवरण औपचारिक र झुटा हुन्छन्। नयाँ या पुरानो, जुनसुकै दल निर्वाचनमा जनतासामु जाँदा अत्यधिक स्रोत आवश्यक पर्ने अवस्था छ। त्यसका लागि दलहरूले कि आन्तरिक लेबीबाट व्यवस्थापन गर्न सक्नुपर्छ कि त व्यापारिक घरानाबाट आर्थिक सहयोग लिनुपर्ने हुन्छ। दलहरूलाई लेबी बुझाउने नेता, कार्यकर्ता कति नै हुन्छन् र ? त्यसैले, उनीहरूले व्यापारिक घरानाबाट सहयोग लिन्छन्। सबै दलले यसैगरी स्रोत संकलन गर्ने हुनाले सबै तैं चुप मैं चुपको अवस्थामा छन्।

निर्वाचन आयोगले अलगै खाता खोल्न निर्देशन दिए पनि अधिकांश दल र उम्मेदवारले त्यस्तो खाता किन नखोलेका होलान् ?

स्रोतसाधनले समृद्ध दलहरूले आफ्ना गतिविधि र प्रभाव बढाउन अनुचित अवसर पाउँछन्। नियामक निर्वाचन आयोगले कठोरता अपनाउन नसकेकाले या उसले दल र उम्मेदवारलाई 'इजी एक्सेस' दिएकाले यस्तो भएको हो। दलहरू आफ्नो स्रोत व्यवस्थापनमा मितव्ययी बन्नुपर्नेमा उल्टै झन्झन् खर्चिला बन्दै गएका छन्। यसरी खर्च गर्ने होड गरिँदा तिनले अपारदर्शी बाटोबाट स्रोत संकलन गर्छन् नै। जब कुनै सहयोग अपारदर्शी हुन्छ, तब त्यहाँ अलगै खाता र चेकमार्फत कारोबार हुने अपेक्षा गरिनु अर्थहीन हुन्छ।

आफैं पारदर्शी हुन नचाहने दलहरूले कसरी सुशासन देलान् त ?

जब ठुला दानदाताले दलहरूलाई आर्थिक सहयोग गर्छन्, तिनले नीतिनिर्माणमा प्रभाव पार्छन्। गोपनीयताले जवाफदेहिता घटाउँछ र खुलमखुल्ला भ्रष्टाचार मौलाउँछ। यस्तोमा दलबाट सुशासनको कल्पना गर्नु मृगतृष्णा मात्र बन्छ।

प्रेरक प्रसंग

असल सन्तान

कुनै समय एक गाउँका मुखियाको अचानक निधन भयो। उनका तीन छोरा थिए। तीनै छोराले पिताको अन्तिम संस्कारको तयारी गरे। गाउँले जम्मा भए। शवलाई घाटतिर लाने तयारी पूरा गरी जब शवयात्रा सुरु भयो, तब अचानक छिमेकी गाउँका मुखिया त्यहाँ आइपुगे।

छिमेकी गाउँका मुखियाले मृतक मुखियाका छोराहरूलाई सम्बोधन गर्दै भने- बाबु हो ! तिमीहरूका बाबुले मसँग १० लाख ऋण लिएका थिए। अब बुबाको मृत्युपछि उनको सम्पत्तिका असली हकदार पनि तिमीहरू नै भएकाले सो ऋण पनि तिमीहरूले नै तिर्नुपर्छ। मेरो ऋण नतिरी यो शव जलाउन पाउँदैनौ। त्यसैले, पहिले मेरो ऋण तिर अनि बुबाको दाहसंस्कार पूरा गर।

छिमेकी गाउँका मुखियाको कुरा सुनिसकेपछि तीनै भाइले एक स्वरमा भने- बुबाले कहाँकहाँ, कोकोसित र कति ऋण लिनुभएको थियो, त्यसको हामीलाई मतलब छैन। हामी कसैको ऋण तिर्न सक्दैनौं। दाहसंस्कार गर्न नदिने भए तपाईं आफैं यो शव लानुहोस् र जे गर्न मन लाग्छ, त्यही गर्नुहोस्।

मलामीमा भेला भएका गाउँलेले मृतक मुखियाका छोरालाई सम्झाउन सक्दो कोसिस गरे। तर, तिनले गाउँलेका कुरा सुन्नै चाहेनन्। अचानक यसबारे बिहे भएर पल्लो गाउँ पुगेकी मुखियाकी छोरीले थाहा पाइन्। उनी हतारहतार त्यहाँ आइपुगिन् र गहनाको एउटा पोको छिमेकी गाउँका मुखियासामु राखेर रुँदै हात जोडेर भनिन्- मेरो यो गहना लिनुहोस् र बजारमा लगेर बेच्नुहोस्। यसबाट जति आउँछ, त्यति लिनुहोस्। अपुग रकम म बिस्तारै तिर्नेछु। कृपया मेरो बाबाको अन्तिम संस्कार नरोकिदिनुहोस्।

मृतक मुखियाकी छोरीको कुरा सुनेपछि आँखाभरि आँसु पोरेर छिमेकी गाउँका मुखियाले भने- छोरी तिम्रा बाबाले मसँग होइन, मैले चाहिँ उहाँबाट १० लाख ऋण लिएको थिएँ। सो रकमको असली उत्तराधिकारी को हो भनेर पत्ता लगाउन मैले यो नाटक गरेको हुँ। यो रकमको असली उत्तराधिकारी तिमी नै रहिछ्यौ। तिमी धन्य छ्यौ छोरी ! छिमेकी गाउँका मुखियाको कुरा सुनेर मृतक मुखियाका छोराहरूले लाजले टाउको झुकाए।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मतदाता शिक्षामा जोड देऊ

हरेक निर्वाचनमा लाखौं मत बदर हुँदै आएको समाचार हामीले हरेक निर्वाचनपछि सुन्दै र पढ्दै आएका छौं। यस वर्ष पनि निर्वाचन हाम्रो घरदैलोमा आइपुगेको छ। मतदानमा सहभागी हुने मतदाता अधिकांश पुरानै छन्। तीमध्ये कतिले विगतका गल्तीबाट पनि सिके होलान्। तर, कतिपयले शिक्षाको कमी, सचेतनाको अभाव या मतदाता शिक्षाको कमजोरीका कारण अझै पनि मतदान गर्ने सही तरिका नजानेका या नबुझेका हुन सक्छन्। यस्तोमा तिनलाई सिकाउन निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम अघि बढाइरहेको छ। यस्तोमा त्यस कार्यक्रमलाई थप प्रभावकारी बनाउने हो भने मात्र बदर मत घटाउन सकिन्छ। आयोगको ध्यान यसतर्फ जाओस्।

● **प्रमोद गर्बुजा**, नयाँबजार, पोखरा

सुरक्षा व्यवस्था बलियो बनाऊ

बुधबारदेखि सशस्त्र प्रहरीको ५४१ स्ट्राइकिङ र एक हजार २५२ मोबाइल टोली परिचालित भएको समाचार पढियो। देशमा घोषित २१ फागुनको मितिमा निर्वाचन होला या नहोला भन्ने अन्योल भइरहेको समयमा अब घोषित मितिमै निर्वाचन हुन्छ भन्ने अवस्था सिर्जना भएको छ। यसका लागि सुरक्षा व्यवस्था मजबुत बनाउन सम्पूर्ण सुरक्षा निकायले खेलिरहेको भूमिका सराहनीय छ। सुरक्षा व्यवस्थालाई थप बलियो बनाएर मतदातालाई ढुक्क बनाऊ।

● **सुबास्ना केसी**, इमाडोल, ललितपुर

टिम नेपाललाई बधाई !

नेपाली पुरुष राष्ट्रिय क्रिकेट टोलीले १२ वर्षपछि विश्वकपमा पहिलो जित हात पारेको छ। यस वर्षको टी-२० विश्वकपमा नेपाली खेलाडीले आफ्नो पहिलो खेलमा क्रिकेटको जननी राष्ट्र इंग्ल्यान्डलाई झन्डैझन्डै पराजित गरेको थियो। दोस्रो र तेस्रो खेलमा त्यति राम्रो प्रदर्शन गर्न नसकेको नेपालले अन्तिम खेलमा स्कटल्यान्डलाई सात विकेटले पराजित गरेसँगै आफूलाई प्रमाणित गरेको छ। टिम नेपाललाई यसपटकको खेलका लागि बधाई !

● **सुमित्र कायस्थ**, धनुषाधाम, धनुषा

उम्मेदवार पारदर्शी बनून्

अधिकांश दल र उम्मेदवारको खर्च-आम्दानी 'गुपचुप' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। कुनै पनि राजनीतिक दल या उसका उम्मेदवार पारदर्शी देखिनु आजको प्रमुख मुद्दा या माग हो। जबसम्म दल र तिनका उम्मेदवार आफू पारदर्शी बन्न सक्दैनन्, तबसम्म तिनले देशमा पारदर्शी शासन व्यवस्था दिन सक्दैनन्। जब कुनै दल या उसका उम्मेदवारले पारदर्शी शासन व्यवस्था दिन सक्दैनन्, तब देशमा सुशासन कसरी बहाली होला ?

अहिले देश २१ फागुनको निर्वाचनको सम्मुखमा उभिएको छ। यतिखेर निर्वाचन आयोगले दल र तिनका उम्मेदवारलाई आर्थिक रूपमा पारदर्शी बनाउन तथा निश्चित आर्थिक घेरामा बाँध्न निर्वाचन प्रयोजनका लागि दल र तिनका उम्मेदवारले अलगै बैंक खाता खोल्नुपर्ने तथा चन्दा र आर्थिक सहयोग चेकमार्फत गर्नु या लिनुपर्ने व्यवस्था गरेको छ। तर, अधिकांश दल र तिनका उम्मेदवारले त्यस्तो खाता खोल्न मानेकै छैनन्। के दल र तिनका उम्मेदवार आफूहरूलाई संवैधानिक निकाय निर्वाचन आयोगभन्दा ठुलो ठान्छन् हो ? नत्र, तिनले आयोगको निर्देशन र आचारसंहिता किन अवज्ञा गरिरहेका छन् ? के तिनले देशको नियम, कानुन र संवैधानिक आयोगको निर्देशनलाई पालना गर्नुपर्छ भन्ने बुझेका छैनन् ?

● **वैकुण्ठ धामी**, पुल्चोक, काठमाडौं

पौने चार करोड इजिप्टवासीले बिर्सेको अरब क्रान्ति

इजिप्टको कुल जनसंख्याको ३१ प्रतिशत बालबालिकाका लागि अरब वसन्त पुरानो पुस्ताको सम्झनामा बाँडिएको ऐतिहासिक घटना हो



देश / विदेश

● मोहमद हदाद

इजिप्टमा अरब वसन्त विरोध प्रदर्शन सुरु भएको पन्ध्र वर्ष बितिसक्यो। ११ दिनअगाडि ट्युनिसियामा भएको सफल विद्रोहबाट प्रेरित भएर जब प्रदर्शनकारीले देशका राष्ट्रपति जिने एल अबिदिन बेन अलीलाई हटाउन सफल भए, तब इजिप्टका जनता स्वतन्त्रता र आफ्नो आवाज चौतर्फी रूपमा सुनियोस् भन्ने चाहन्थे। उच्च बेरोजगारी, गरिबी र राजनीतिक दमनबाट प्रभावित भएका लाखौं मानिस १८ दिन लामो प्रदर्शनमा उत्रिए। उनीहरूले रोजगारी, शिक्षा, समानतालगायत माग गर्दै लामो समयदेखि राष्ट्रपति होस्नी मुबारकको राजीनामा माग गर्दै आएका थिए।

लगभग २४ वर्षको औसत उमेरका साथ इजिप्ट विश्वव्यापी रूपमा युवा जनसंख्याको बाहुल्य रहेका देशको सूचीको अग्रपंक्तिमा पर्छ। करिब तीन करोड ७० लाख मानिस अर्थात् जनसंख्याको ३१ प्रतिशत १५ वर्षमुनिका छन्। ती बालबालिकाका लागि अरब वसन्त पुरानो पुस्ताको सम्झनामा बाँडिएको ऐतिहासिक घटना थियो।

■ कति छ इजिप्टको युवा जनसंख्या ?

२०११ मा इजिप्टको जनसंख्या आठ करोड ३० लाख थियो, जसमा १२ प्रतिशत बेरोजगारी दर थियो। विश्व बैंकका अनुसार त्यतिबेला प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (जिडिपी) दुई हजार ५९० अमेरिकी डलर थियो, एक अमेरिकी डलरले ५.८ इजिप्टियन पाउन्ड किन्थ्यो।पन्ध्र वर्षपछि इजिप्टमा लगभग तीन करोड ७० लाख मानिस थपिएका छन्, जसले गर्दा यसको जनसंख्या लगभग १२ करोड पुगेको छ। देशमा अहिले बेरोजगारी दर ६.४ प्रतिशत छ र प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (जिडिपी) तीन हजार ३३९ अमेरिकी डलर छ। एक अमेरिकी डलरले अहिले लगभग ४७ इजिप्टियन पाउन्ड किन्छ, जसले गर्दा धेरै नागरिकको क्रयशक्ति कमजोर भएको छ। इजिप्टमा युवा जनसंख्या छ, जसमा आधाभन्दा बढी नागरिक २४ वर्षमुनिका छन्, यो विश्वव्यापी औसत ३१ वर्षभन्दा लगभग सात वर्ष कान्छो छ।

आर्थिक अनुसन्धान मञ्चका अनुसार इजिप्टले प्रत्येक वर्ष १५ लाख रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता छ। यद्यपि, विगत दुई दशकमा यसले वार्षिक ६ लाख रोजगारी मात्र सिर्जना गर्न सफल भएको छ। हाल विश्वविद्यालय र प्राविधिक संस्थानसहित उच्च शिक्षामा लगभग ३६ लाख विद्यार्थी भर्ना भएका छन्। आधुनिकीकरण भइरहेको अर्थतन्त्रको माग पूरा गर्न सरकारले २०३२ सम्ममा यसलाई ५६ लाख पुऱ्याउने लक्ष्य राखेको छ।

८० प्रतिशतभन्दा बढी मानिस सक्रिय इन्टरनेट प्रयोगकर्ता छन्, यो लगभग पूर्णतया युवाद्वारा सञ्चालित छ, जसमा मोबाइल जडानहरू र अत्यधिक सामाजिक सञ्जाल प्रयोग छन्। इजिप्टको सेन्ट्रल एजेन्सी फर पब्लिक मोबिलाइजेसन एन्ड स्ट्याटिस्टिक्स (सिएपिएमएएस) का अनुसार राष्ट्रिय बेरोजगारी दर ६.४ प्रतिशतको रेकर्ड न्यूनतममा झरेको



छ भने युवा बेरोजगारी (१५-२९ वर्ष उमेर समूह) लगभग १४.९ प्रतिशत छ।

■ १८ दिनमा इजिप्टमा के भयो ?

इजिप्टको क्रान्ति जनवरी २५ मा ठुलो विरोध प्रदर्शनबाट सुरु भएको थियो र १८ दिनसम्म चलेको थियो, जुन फेब्रुअरी ११ मा राष्ट्रपति होस्नी मुबारकको राजीनामासँगै समाप्त भयो। मुबारकले सेनालाई अधिकार हस्तान्तरण गरे। आफ्नो मोबाइल फोन र सामाजिक सञ्जाल प्रयोग गरेर इजिप्टवासीले आफ्नो संघर्षका भिडियो र तस्बिर सम्पूर्ण संसारले हेर्नका लागि प्रसारण गरे। १८ दिनको जनविरोधपछि, नवनियुक्त उपराष्ट्रपति ओमर सुलेमानले मुबारकले राजीनामा दिएको र सेनालाई नियन्त्रण हस्तान्तरण गरेको घोषणा गरे। त्यसअघि मुबारकले आगामी सेप्टेम्बरसम्म सत्तामा रहने आशयको भाषण दिएका थिए। तर, तहरिर स्क्वायरमा भरिएको आक्रोशले मुबारकलाई घुँडा टेक्न बाध्य पाऱ्यो। केही ऊँट र घोडामा सवार मुबारकका समर्थकले कायरो विद्रोहलाई दबाउन क्रूर प्रयास गरेका थिए। लाठी र चक्कु प्रयोग गरेर तिनले तहरिर स्क्वायरमा रक्तपातपूर्ण युद्ध सुरु गरेका थिए। यसअघि देशभर विशाल विरोध प्रदर्शन सुरु हुँदा सरकारले धेरै मानिसलाई कायरो पुग्नबाट रोक्न सबै रेल सेवा निलम्बन गरेको थियो।

■ अन्य 'अरब वसन्त' देशमा युवा जनसंख्या

इजिप्टजस्तै आफ्ना नेतालाई अपदस्थ गर्ने अन्य चार देशमा पनि युवा जनसंख्या ठुलो छ। ट्युनिसियामा २९ लाख ५० हजार मानिस वा देशको एक करोड २२ लाख जनसंख्याको २४ प्रतिशत १५ वर्षमुनिका छन्।लिबियामा यो संख्या २७ प्रतिशत छ। देशको ७४ लाख बासिन्दामध्ये २० लाख १५ वर्षमुनिका छन्। सिरियामा जनसंख्याको २ ९ प्रतिशत वा दुई करोड ५० लाखमध्ये ७२ लाख १५ वर्षमुनिका छन्। यो संख्या यमनमा सबैभन्दा बढी अर्थात् ४१ प्रतिशत छ, जुन देशको चार करोड जनसंख्यामध्ये एक करोड ७० लाख १५ वर्षमुनिका छन्।

(हदाद अलजजिराका स्तम्भकार हुन्)

अलजजिराबाट

सेनाभित्र कस्तो छ सी जिनपिङको पकड ?

शुद्धीकरण र प्रति-शुद्धीकरणको चक्रले गति लिएपछि त्यसलाई रोक्न गाह्रो हुन्छ। यो कुरा चीन र अन्यत्र स्पष्ट रूपमा देखिन्छ।



● गोर्डन जी. चाङ

चाङ 'प्लान रेड : चाइनाज प्रोजेक्ट टु डिस्ट्रोय अमेरिका एन्ड द कमिङ कोल्यापस अफ चाइना' का लेखक हुन्।



'चीनका राष्ट्रपति सी जिनपिङले सत्ता सम्हाले यता धेरै जनमुक्ति सेना(पिपुल्स लिबरेसन आर्मी)का शिर्ष नेतृत्वलाई क्यास गर्न सक्षम हुनु शासनमा उनको स्थान बलियो छ भन्ने स्पष्ट संकेत हो,' सिंगापुरको एस. राजारत्नम स्कुल अफ इन्टरनेसनल स्टडिजका जेम्स चारले गत महिना सिएनएनलाई भनेका थिए। सीले दुई वरिष्ठ जनरललाई महत्त्वपूर्ण कमाण्ड पोस्टबाट हटाएको केही दिनपछि जेम्सका अभिव्यक्ति सार्वजनिक भएका थिए। समाचार आउटलेटले विश्लेषकको लगभग सर्वसम्मत दृष्टिकोणलाई संक्षेपमा प्रस्तुत गरेको छ- 'चिनियाँ राष्ट्रपति सी जिनपिङको आफ्ना देशको सेनामाथि सशक्त र पूर्ण नियन्त्रण छ।'

तर, राष्ट्रपति सीले देशको सेनालाई पूर्ण रूपमा नियन्त्रण गर्छन् भन्ने कथन निश्चित रूपमा गलत छ। त्यसो त सीको शक्तिको प्रमाणको रूपमा लिइएका पछिल्ला शुद्धीकरण अभियान र कारबाहीलाई गलत अर्थ्याउन सकिन्छ तर वास्तविकता भने यही हो। गत महिनाको २४ तारिखमा चीनको राष्ट्रिय रक्षा मन्त्रालयले ३० सेकेन्डको भिडियोमा कम्युनिस्ट पार्टीको केन्द्रीय सैन्य आयोगमा बस्ने दुई जनरल झाङ युसिया र लिउ झेन्लीलाई अनुसन्धानमा राखिएको घोषणा गरेको थियो।

भिडियो सार्वजनिक भएपछि चिनियाँ सेनाको मुख्य प्रचार निकाय पिएलए डेलीले झाङ र लिउलाई 'केन्द्रीय सैन्य आयोगका अध्यक्षको अन्तिम जिम्मेवारीको प्रणालीलाई गम्भीर रूपमा उल्लंघन गरेर कमजोर बनाएको' आरोप लगायो। जनमुक्ति सेनालाई नियन्त्रण गर्ने उक्त निकायका अध्यक्ष स्वयं राष्ट्रपति सी जिनपिङ हुन्। जनरल झाङको बर्खास्तगी विशेषगरी आश्चर्यजनक थियो। उनी चीनका सबैभन्दा वरिष्ठ बर्दीधारी अधिकारी र देशका शक्तिशाली सैन्य आयोगका प्रथम उपाध्यक्षसमेत थिए। विज्ञहरू विश्वास गर्छन् कि यदि राष्ट्रपति सीसँग झाङ र लिउलाई हटाउने शक्ति छ भने उनमा नियन्त्रणको अधिकार हुनुपर्छ। अवश्य पनि यो विश्वासबारे सतही तर्क हो। तैपनि, सीले झाङ र लिउलाई पदमुक्त गरे, किनभने उनी तिनीहरूलाई नियन्त्रण गर्न सक्दैनथे। उनले आफ्नो काबुमा राख्न नसक्ने आकलन गरेर र भविष्यमा आउन सक्ने सम्भावित कठिनाइलाई छल्न सो कदम चालेको हुन सक्ने देखिन्छ। र, यस्तो देखिन्छ कि उनी बृहत् सेनालाई पनि नियन्त्रण गर्न सक्दैनथे। एक दशकअघि राष्ट्रपति सीले सेनाको वृत्तमा बलियो नियन्त्रण कायम राखेको जस्तो देखिन्थ्यो। तैपनि, त्यसवेलादेखि सीले एकपछि अर्को सैन्य अधिकारीलाई हटाउँदै आएका छन्। पहिले हटाएका ठाउँमा आएकाहरूलाई समेत अहिले हटाउन थालिएको छ। यदि सी आज यति पूर्ण कमान्डमा थिए भने उनले विगत एक दशकमा यति धेरै अधिकारीलाई किन हटाउनुपऱ्यो ? सेनामा सीका विरोधीहरू हालैका केही शुद्धीकरणका लागि जिम्मेवार थिए भन्ने प्रमाण पनि छ। उदाहरणका लागि, झाङ युसियाले सेनामा सीका नम्बर-एक प्रवर्तकको रूपमा वर्णन गरिएका जनरल हे वेइडोङलाई हटाएका थिए। सीका अन्य दुई बफादारहरू, कर्मचारी तथा वैचारिक निरीक्षण प्रमुख एडम मियाओ हुआ र सर्वोपरि पूर्वी थिएटर कमान्डका कमान्डर जनरल लिन सियाङ्याङलाई पनि बर्खास्त गरिएको थियो।

> सीले झाङ र लिउलाई पदमुक्त गरे, किनभने उनी तिनीहरूलाई नियन्त्रण गर्न सक्दैनथे। उनले भविष्यमा आउन सक्ने सम्भावित कठिनाइलाई छल्न अप्रिय कदम चालेका हुन सक्छन्।

'राष्ट्रपति सीले राजनीतिक प्रणालीमा प्रभुत्व जमाएको छ कि छैन भनेर शुद्धीकरणको निरन्तर व्याख्या गर्न गाह्रो छ, किनभने उनका समर्थकलाई अब शुद्धीकरण गरिँदै छ,' विद्वान् चार्ल्स बर्टनले मलाई गत जुलाईमा भनेका थिए। 'कहिलेकाहीं सरल व्याख्या सबैभन्दा विश्वसनीय हुन्छन्। सबैभन्दा सरल व्याख्या यो हो कि सीका शत्रुले (सी आफैंले होइन) सीका बफादारहरूलाई हटाए।' बर्टनको कुरा झाङ र लिउलाई किन हटाइयो भन्ने पिएलए डेलीको व्याख्यासँग मेल खान्छ, जनरलहरूले सीको अधिकारलाई चुनौती दिएका थिए। अब शुद्धीकरण र प्रति-शुद्धीकरणको स्पष्ट चक्र छ। एकपटक शुद्धीकरणले गति लिएपछि त्यसलाई रोक्न गाह्रो हुन्छ। यो कुरा चीन र अन्यत्र स्पष्ट रूपमा देखिन्छ।

हटाइएका व्यक्तिहरूका साथी र समर्थकलाई (झाङ युसिया दर्जामा निकै लोकप्रिय थिए)आफूहरूमाथि प्रतिरोध हुनसक्नेबारेमा जानकार छन्। वास्तवमा, झाङलाई हटाइएपछि वरिष्ठ अधिकारीमा चरम असन्तुष्टि बढेका विभिन्न रिपोर्ट सार्वजनिक भएका छन्। केही सी जिनपिङको सहभागी सेवानिवृत्त वरिष्ठ अधिकारीलाई केन्द्रीय सैन्य आयोगको नयाँ वर्षको कार्यक्रममा सहभागी नै भएनन्। कार्यक्रममा उपस्थित हुनुभन्दा पहिले राष्ट्रपति सी सैन्य पोसाक लगाएका सुरक्षाकर्मीको भिडमा देखिए।

'यस्तो बन्द परिस्थिति र पूर्ण रूपमा आफ्नै वृत्तका मानिसले बनेको वातावरणमा, त्यहाँ अझै पनि धेरै संख्यामा सैन्य सुरक्षाकर्मी उपस्थित थिए,' विश्लेषक जेनिफर जेङले समाजिक सञ्जाल एक्समा लेखे। उनका 'आफ्नै मानिसहरू' सबैलाई नजिकबाट निगरानी गर्नु आवश्यक थियो। '१० तारिखमा राष्ट्रपति सीले आफ्नो परम्परागत नयाँ वर्षको शुभकामना सैनिकलाई व्यक्तिगत रूपमा नभई भिडियोमार्फत दिए, जुन उनको पुरानो चलन थियो।


सेनामा मतभेद भएका धेरै अपुष्ट विवरण सार्वजनिक भएका छन्। यद्यपि, एउटा कुरा स्पष्ट छ- चीनमा शुद्धीकरण तीव्र हुँदै गइरहेको छ, जसले चिनियाँ सेना अस्तव्यस्त भएको संकेत गर्छ। झाङ र लिउलाई हटाइएपछि सात सदस्यीय केन्द्रीय सैन्य आयोगमा अब केवल दुई सदस्य छन्, जसमध्ये अप्रेसन कर्तव्यमा कुनै पनि सैन्य अधिकारी छैनन्। उनीहरूको दायित्व पनि राष्ट्रपति सी जिनपिङ आफैं र राजनीतिक कमिसार जनरल झाङ सेडमिनले बहन गर्नेछन्। 'पछिल्लो समयमा चीनमा सेनाभित्रको कमान्डको शृंखला पूर्णरूपमा तोडिएको छ,' चीन विश्लेषक र साउन्ड अफ होप रेडियोका टिप्पणीकार हेङ हेले निवर्तमान जनरल झाङ र लिउलाई हटाइएपछि टिप्पणी गर्दै भने, 'कम्युनिस्ट शासनको इतिहासमा यसअघि यस्तो कहिल्यै भएको थिएन।'

धेरैले सीको शक्तिलाई बढाइचढाइ गरिरहेका छन्। 'चीनमा चिनियाँ कम्युनिस्ट पार्टी अर्थात् सिसिपीले बन्दुक नियन्त्रण गर्छ,' राष्ट्रिय खुफियाका पूर्वसहयोगी निर्देशक जोसेफ डेट्रानीले लेखेका छन्, 'र, सीले सिसिपी नियन्त्रण गर्छन्।' प्रणालीले यसरी काम गर्नुपर्ने हो, तर अहिले त्यो तरिकाले काम गरिरहेको छैन। शिर्ष सैन्य अधिकारीलाई (नौसेना वा तटरक्षक बलमा उच्च-पदस्थ कमिसन प्राप्त अधिकारी, जसलाई आफ्नो कमान्ड स्थितिको संकेत गर्न विशिष्ट झन्डा फहराउन अधिकार हुन्छ) राष्ट्रपति सीले निरन्तर हटाउनाले उनलाई स्पष्ट रूपमा चाहिने नियन्त्रण गुमेको संकेत गर्छ।

- न्युजविकबाट

इतिहासमा आज

फेब्रुअरी १९



सन् १८०७ : अमेरिकामा सत्तासीन उपराष्ट्रपति आरोन बार राज्यद्रोहको आरोपमा पक्राउ परे। उनीमाथि देशको पश्चिमी भागलाई अलग गर्ने षड्यन्त्रमा सहभागी भएको आरोप लगाइएपछि राष्ट्रपति थोमस जेफरसनले पक्राउ गर्ने आदेश दिएका थिए। सोही वर्ष सेप्टेम्बर १ मा उनी दोषमुक्त भए पनि राजनीतिक करियरमा धक्का लागेपछि युरोप प्रवास गए।

सन् १४७३ : पृथ्वी सूर्यको वरिपरि घुम्छ भन्ने सिद्धान्त ल्याएका पोलिस खगोलशास्त्री निकोलस कोपरनिकस यसै दिन जन्मिएका थिए।

सन् १९४२ : दोस्रो विश्वयुद्धका क्रममा प्रतिद्वन्द्वी जापानी शक्तिलाई सघाउन सक्ने डरले अमेरिकी राष्ट्रपति फ्र्याङ्कलिन डी रुजबेल्टले देशको पश्चिम किनारामा बस्ने सबै जापानी मूलका अमेरिकीलाई कैदमा राख्ने आदेशमा हस्तक्षर गरे।

सन् १९४५ : अमेरिकाको पाँचौं फौजले जापानको आयो जिमामाथिको अतिक्रमण सुरु गऱ्यो। प्रशान्त महासागरमा भएको सबैभन्दा भीषणमध्येको एक यस युद्धमा ३६ दिनपछि अमेरिकाले जापानलाई हराएको थियो।

सन् १९५९ : बेलायत, टर्की र ग्रिसले साइप्रसको स्वतन्त्रतासम्बन्धी सम्झौतामा हस्ताक्षर गरे।

सन् १९६३ : बेट्टी फ्रिदानको पुस्तक 'द फेमिनिन मिस्ट्री' यसै दिन प्रकाशित भयो। पुस्तकलाई दोस्रो नारीवादी लहर सिर्जना गर्न सहयोग पुऱ्याएको जस दिइन्छ।

सन् २००८ : तोसिबा कम्पनीले 'एचडी डिभिडी' फर्म्याट प्रयोग बन्द गरेसँगै लामो समयदेखि सोनी कम्पनीसँगको प्रतिद्वन्द्विता अन्त्य भयो। र, सोनीको 'ब्लु-रे डिस्क'को जित भयो।

साकार बन्दै ब्रिक्स मुद्रा

अर्थशास्त्रीले ब्रिक्सको साझा मुद्राले विश्वव्यापी अर्थतन्त्रमा अमेरिकी डलरको भूमिकालाई चुनौती दिन सक्ने विचारलाई खारेज गर्दै आएका थिए। तर, पछिल्ला केही घटनाले परिस्थिति बदलिँदै गएको देखाउँछ।



● जिम ओ'निल

जिम ओ'निल बेलायतका पूर्ववित्तमन्त्री तथा गोल्डम्यान स्याक्स एसेट म्यानेजमेन्टका पूर्वअध्यक्ष हुन्।

ब्राजिल, रुस, भारत, चीन, दक्षिण अफ्रिका सम्मिलित ब्रिक्स समूहले विश्व अर्थतन्त्रमा अमेरिकी डलरको प्रमुख स्थानलाई चुनौती दिने खालको साझा मुद्रा कहिल्यै ल्याउन सक्ला ? धेरै परम्परागत अन्तर्राष्ट्रिय अर्थशास्त्रीजस्तै मैले पनि सामान्यतया यो विचारलाई खारेज गर्ने गरेको छु। 'ब्रिक्स' नामको प्रस्ताव म आफैंले गरेको भए पनि म यसको सम्भावनाप्रति सशंकित छु। पाँच सदस्यबाट अहिले समूह थप पाँच सदस्यसहित समूहको नाम ब्रिक्स प्लस बनेको छ।

विश्वका प्रमुख रिजर्भ मुद्रा कसरी ऐतिहासिक रूपमा विकसित भए भन्ने रेकर्ड हेर्दा तिनले सबैभन्दा महत्त्वपूर्ण 'पूर्ण रूपमा परिवर्तनीय पुँजीगत खाता'सर्त पूरा गर्नुपर्छ। यसले मात्र देशभित्र र बाहिरका लगानीकर्ताले मुद्रा जारी गर्ने देशभित्र चाहेका बेला स्वतन्त्र रूपमा लगानी गर्न सक्छन् र चाहेका बेला लगानी निकाल्न सक्छन्।

> युरोको सफलतालाई ध्यानमा राख्दै सायद ब्रिक्स प्लसका सदस्य राष्ट्रले पनि विशेषगरी समूहका ठुला देशले आफ्नो पुँजी खाता उदारीकरण कम गर्दै आपसमा व्यापार व्यवस्थित गर्न प्रयोग गर्ने साझा मुद्रा कार्यान्वयनमा ल्याउन सक्छन्

जब युरोजस्ता साझा मुद्राको कुरा आउँछ, नयाँ केन्द्रीय बैंक स्थापना गर्नु आवश्यक हुन्छ। त्यस अवस्थामा साझा मुद्रा स्विकार्ने प्रत्येक सहभागी देशको केन्द्रीय बैंकले आफ्नो स्वतन्त्रता गुमाउनेछ। योसँगै घरेलु अवस्था र प्राथमिकताअनुसार मौद्रिक नीति निर्धारण गर्ने क्षमता पनि गुम्नेछ। यी आवश्यकतालाई ध्यानमा राख्दा ब्रिक्स प्लसका दश सदस्य राष्ट्रले डलरलाई साँच्चै चुनौती दिन सक्ने मुद्रा जारी गर्न त्यस्तो आवश्यक त्याग गर्लान् भन्ने विश्वास गर्न कठिन छ।

यस आधारमा भारतले आफ्नो लामो समयदेखिको प्रतिद्वन्द्वी देश चीनसमेत समावेश हुने नयाँ मुद्रा समूहलाई प्रवर्द्धन गर्न केन्द्रीय बैंकको स्वतन्त्रता त्याग्ला भनेर विश्वास गर्न गाह्रो छ। साझा मुद्रा जारी गर्नका लागि आवश्यक सर्तअनुरूप भारत वा चीनमध्ये कुनैले आफ्नो पुँजी नियन्त्रण परित्याग गर्ला भन्ने तपाईं विश्वास गर्न सक्नुहुन्छ ? अहिले चिनियाँ मुद्रा 'रनमिन्बी' अन्तर्राष्ट्रिय रूपमा व्यापक रूपमा प्रयोग हुँदैन। पुँजी स्वतन्त्र रूपमा चीन भित्रिने बाहिरिने क्रम रोक्न सचेत रूपमा गरिएको छनोटको परिणाम हो यो।

उल्लिखित कारण साँच्चै ठुला अवरोध हुन्। तर, पछिल्लो समय ब्रिक्स मुद्रालाई लिएर कायम मेरो पुरानो सोचमाथि प्रश्न उठ्न थालेको छ। यसका केही कारण छन्। पहिलो त चिनियाँ राष्ट्रपति सी जिनपिङ आफैंले विश्वव्यापी रिजर्भ मुद्राको रूपमा रेनमिन्बीको भूमिका बढाउने सम्बन्धमा रुचि जाहेर गरेका छन्। दोस्रो पछिल्लो समय धेरै ब्रिक्स प्लस देशका नेताले डलरको निरन्तर प्रभुत्वप्रति स्पष्ट रूपमा आफ्नो विरोध जनाएका छन्। प्रायः ती सबै नेतालाई आर्थिक सल्लाह दिने सल्लाहकार मौद्रिक इतिहास र सिद्धान्तबारे मजत्तिकै जानकार छन्। तेस्रो कारण, ट्रम्प प्रभाव हो। वर्तमान अमेरिकी राष्ट्रपतिले डलरको प्रभुत्वलाई सघाउने संस्थामाथि नै धाबा बोलेका छन्। विशेषगरी, अमेरिकाको केन्द्रीय बैंक 'फेडरल रिजर्भ' बोर्डका सदस्यविरुद्ध ट्रम्पले राजनीतिक प्रेरित आपराधिक अनुसन्धान गरेर त्यसको स्वायत्तता कमजोर बनाएका छन्। त्यसबाहेक ट्रम्प प्रशासनले विश्वव्यापी सार्वजनिक उत्पादनको प्रदायक तथा नेतृत्वको अमेरिकाको भूमिकालाई पनि खुला रूपमा अस्वीकार गरेको छ। 'अमेरिका फर्स्ट (पहिलो)'को नाममा, डोनाल्ड ट्रम्प सबै देशमाथि भन्सार कर बढाउन यति लिप्त भए कि यसले अहिले अमेरिकी डलर उल्लेखनीय रूपमा कमजोर बनाएको छ।

बाँकी विश्व पनि अमेरिकी आक्रामकतालाई लिएर मौन छैन। धेरैजसो देश, जसमध्ये केही लामो समयदेखिका अमेरिकी सहयोगी देशसमेत छन्, उनीहरू एक-अर्कासँग नयाँ व्यापार सम्झौता गर्न थालेका छन्। भर्खरै भएका प्रमुख सम्झौतामा क्यानडा र चीनबिच, युरोपेली संघ र मर्कोसुर (अर्जेन्टिना, ब्राजिल, पाराग्वे र उरुग्वे सम्मिलित समूह), युरोपेली संघ र भारतबिच प्रमुख रहयो। संयुक्त राज्य अमेरिका अझै पनि विश्वको सबैभन्दा ठुलो अर्थतन्त्र कायम छ ,जसले विश्वव्यापी जिडिपीको २५ प्रतिशत ओगट्छ, तर अमेरिकाबाहिर विश्वव्यापी जिडिपी ७५ प्रतिशत छ भन्ने बिर्सिनुहुँदैन।

चौथो, हालैका घटनाक्रमले कुनै विश्वव्यापी आरक्षित मुद्रालाई पहिलेजस्तै स्वतन्त्र पुँजी प्रवाह आवश्यक पर्छ र भन्ने प्रश्न उठाएको छ। इतिहासको व्यापक विस्तार हेर्दा यो कुरा सन् १९७१-७३ मा ब्रेटन वुड्स प्रणालीको पतनपछि मात्र यथार्थपरक बनेको हो। यसबाहेक युरो अवलम्बन गर्ने देशबिचको सो मुद्रा विनिमयको मुद्राको रूपमा सफल भएको छ। युरो पूर्ण रूपमा अन्तर्राष्ट्रियकरण नगरिनुको कारणमा आंशिक रूपमा यसको सबैभन्दा ठुलो सदस्य जर्मनीले कहिल्यै डलरलाई प्रत्यक्ष रूपमा चुनौती दिन नचाहनु पनि जिम्मेवार छ।

युरोको सफलतालाई ध्यानमा राख्दै सायद ब्रिक्स प्लसका सदस्य राष्ट्रले पनि विशेषगरी समूहका ठुला देशले आफ्नो पुँजी खाता उदारीकरण कम गर्दै आपसमा व्यापार व्यवस्थित गर्न प्रयोग गर्ने साझा मुद्रा कार्यान्वयनमा ल्याउन सक्छन्। यो प्रक्रिया सुरुमा निश्चित रूपमा बोझिलो हुनेछ। र, यसले सहभागी देशका मुद्राको 'बास्केट' बनाउनुपर्ने आवश्यक पर्नेछ, जुन आबद्ध देशहरूको जिडिपीअनुरूप बनाइन सक्छ। तर, यदि ब्रिक्स प्लस देशबिच व्यापार विस्तार गर्ने उद्देश्य हो भने यस्तो प्रयासले उचित फल दिन सक्छ।

अब अन्तिम निष्कर्षमा आऊँ। डलरसँग जोडिने 'स्टेबलकोइन' र अन्य डिजिटल मुद्राका समर्थकले यसले डलरको प्रभुत्वलाई विस्तार र गहिरो बनाउने दाबी गरेका छन्। तर, यस्तो तर्कमा एउटा गम्भीर समस्या छ- त्यही प्रविधिले ब्रिक्स प्लस देशलाई एक-आपसमा व्यापार व्यवस्थित गर्न वैकल्पिक भुक्तानी प्रणाली विकास गर्न सजिलो बनाउनेछ। के ब्रिक्स मुद्रा यथार्थ बन्ला वा अझै पनि यो कल्पनाकै विषय हो। यस विषयमा हामीले चाँडै नै थाहा पाउँदै छौं।

- प्रोजेक्ट सिन्डिकेटबाट

इजरायली अल्टिमेटम हमासद्वारा अस्वीकार



गाजा/ इजरायली सरकारी अधिकारीले गाजामा सक्रिय सशस्त्र समूह हमासलाई ६० दिनमा निःशस्त्रीकरणका लागि गरेको आह्वानलाई हमासले अस्वीकार गरेको छ। इजरायली अधिकारीले उक्त समयमा निःशस्त्रीकरण नगरिए गाजामा पुनः नरसंहार सुरु गर्ने धम्की दिएका थिए। हमासका वरिष्ठ नेता महमुद मर्दावीले सोमबार अलजजिरासँग बोल्दै आफूहरूलाई यस्तो मागबारे कुनै जानकारी नै नभएकोसमेत बताए।

इजरायली सञ्चारमाध्यम 'टाइम्स अफ इजरायल'ले लेखेअनुसार सोमबार जेरुसेलममा आयोजित एक कार्यक्रममा बोल्दै इजरायली क्याबिनेटका सचिव योसी फुच्सले ६० दिनभित्र हमासले निःशस्त्रीकरण नगरे गाजामा नरसंहार युद्ध पुनः सुरु हुने धम्की दिएका थिए। क्याबिनेटमा नेतान्याहुका प्रमुख सहयोगी रहेका फुच्सले यो दुई महिनाको अवधि पनि संयुक्त राज्य अमेरिकाको अनुरोधमा प्रदान गरिएको बताए। अल्टिमेटम कहिले सुरु हुन्छ भन्ने पुष्टि नगरी फुच्सले सम्भवतः यो समय अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको पिस अफ बोर्डको फेब्रुअरी १९ को बैठकबाट सुरु हुन सक्ने संकेत गरे।

अहिले गाजामा 'युद्धविराम' सम्झौताको दोस्रो चरण लागू छ। जनवरीको मध्यमा सुरु भएको दोस्रो चरणमा अमेरिकाले हमासको निःशस्त्रीकरण र अन्तर्राष्ट्रिय शान्ति सेनाको तैनाथी हुने बताएको छ। तर, हमासले भने इजरायलले गाजा कब्जा गरिरहेसम्म आफूहरूले हतियार नत्याग्ने बताएको छ। यसअघि महिनाको सुरुमा हमासका विदेशमा रहेका राजनीतिक नेता खालेद मेसालले गाजामा निःशस्त्रीकरणलाई अस्वीकार गरेका थिए। बाह्य शक्तिको नियन्त्रणमा रहेको भूमिमा हतियार खोस्दा अतिक्रमणकारीलाई 'दमनका लागि सजिलो' हुने बताए। इजरायलले अक्टोबर २०२३ देखि गाजामा सञ्चालन गरेको नरसंहारकारी युद्धमा हजारौं बालबालिकासहित ७२ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ। पछिल्लो समय अमेरिकी मध्यस्थतामा गाजामा 'युद्धविराम' लागू भएको बताइए पनि इजरायलले पूर्ण रूपमा आक्रमण रोकेको छैन।

विश्व संक्षेप

नभाल्नीलाई विष दिएर मारेको आरोपप्रति रुसको आपत्ति

मस्को/ रुसले बन्दी अवस्थामा रहेका विपक्षी नेता एलेक्सी नभाल्नीलाई विष दिएर मारेको भन्ने पाँच युरोपेली देशको विश्लेषणलाई क्रेमलिनले 'कडा' शब्दमा अस्वीकार गरेको छ। रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका लामो समय प्रतिद्वन्द्वी रहेका नभाल्नीको फेब्रुअरी १६, २०२४ मा ४७ वर्षको उमेरमा आर्कटिक जेल कोलोनीमा मृत्यु भएको थियो।

उनलाई 'अतिवाद' क्रियामा संलग्न भएको आरोपमा १९ वर्षको सजाय दिइएको थियो। सो आरोप राजनीतिक रूपमा प्रेरित भएको उनी र उनका समर्थकले बताइरहेका थिए। शनिबार बेलायत, फ्रान्स, जर्मनी, नेदरल्यान्ड्स र स्विडेनले एक संयुक्त विज्ञप्ति जारी गर्दै नभाल्नीलाई एपिबाटिडाइन (विषाक्त भ्यागुतामा पाइने विष) दिइएको संकेत देखिएको बताएका थिए। उनीहरूले रुससँग त्यस्तो विष प्रयोग गर्ने 'सामर्थ्य, उद्देश्य र अवसर' रहेको पनि बताएका छन्। अहिले रुसले सो आरोपलाई खण्डन गरेको छ। 'हामी स्वाभाविक रूपमा यस्ता आरोप स्विकार्दैनौं। हामी तिनीहरूसँग असहमत छौं। हामी यस आरोपलाई पक्षपाती र आधारहीन ठान्छौं,' क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले सोमबार दैनिक ब्रिफिङ कलमा पत्रकारलाई भने, 'वास्तवमा, हामी तिनीहरूलाई दृढतापूर्वक अस्वीकार गर्छौं।'

चार महिनामै पेरूका राष्ट्रपति बर्खास्त

लिमा/ पेरुको कंग्रेस (संसद्)ले मंगलबार राष्ट्रपति जोसे जेरीलाई महाभियोग लगाएर बर्खास्त गरेको छ। चिनियाँ व्यापारीसँगको एक गोप्य बैठकपछि सुरु भएको विवादका कारण उनले चार महिनामै पद त्यागुपरेको छ। जेरीको बर्खास्ती विगत एक दशकदेखि राजनीतिक अस्थिरताबाट गुज्रिरहेको यस एन्डियन राष्ट्रको अर्को कडी बनेको छ। जेरीलाई राष्ट्रपतिबाट हटाउने पक्षमा ७५ जना सांसदले मत दिँदा २४ जनाले विपक्षमा मतदान गरेका थिए। तीनजना भने मतदानमा अनुपस्थित रहे। अब संसद्ले नयाँ विधायिकी प्रमुख चुन्नेछ, जसले पेरुको राष्ट्रपति पद पनि ग्रहण गर्नेछन्। जेरी विगत आठ वर्षको अवधिमा देशका आठौं राष्ट्रपति थिए। साथै उनी लगातार पदबाट हटाइएका तेस्रो राष्ट्रपति हुन्। अब चुनिने अन्तरिम राष्ट्रपतिले अप्रिल १२ का लागि निर्धारित राष्ट्रपतीय चुनावसम्मका लागि पद ग्रहण गर्नेछन्। पेरुको कंग्रेसले यसअघि गत वर्ष अक्टोबरमा दिना बोलुआर्टेलाई महाभियोगबाट हटाएपछि जेरी राष्ट्रपति बनेका थिए।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार ७ फागुन ०८२

चुनावपछिको सरकारलाई १९ खर्बभन्दा कम अंकको बजेट सिलिङ

चालू आर्थिक वर्षको बजेटभन्दा न्यून अंकमा बजेटको सिलिङ, गत वर्ष स्रोत समितिले ०८३/८४ मा २१ खर्ब ६८ अर्ब ६५ करोडको प्रक्षेपण गरेको थियो

पवन तिमिल्सिना/नयाँ पत्रिका

२१ फागुनको निर्वाचनपछि बन्ने सरकारले आगामी आर्थिक वर्ष ०८३/८४ का लागि १९ खर्बभन्दा कम अंकको बजेट ल्याउन पाउने भएका छन् । राष्ट्रिय स्रोत अनुमान समितिले अर्थ मन्त्रालयलाई आगामी आर्थिक वर्षको बजेटको सीमा १९ खर्बभन्दा कम दिएको छ ।

७ फागुनसम्ममा आगामी तीन आर्थिक वर्षको खर्चको सीमा र स्रोतको आकलन (सिलिङ) अर्थमन्त्रीसमक्ष पेस गरिसक्नुपर्ने कानुनी व्यवस्था छ । मंगलबार नै स्रोत समितिले अर्थमन्त्री रामेश्वरप्रसाद खनाललाई आगामी आर्थिक वर्षको बजेटको सीमा (सिलिङ) निर्धारणसहित मध्यकालीन खर्च संरचना पेस गरेको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ को विनियोजनभन्दा कम अंकमा सिलिङ पठाइएको छ । उनले भने, 'प्रतिनिधिसभा सदस्य निर्वाचनपछि आउने सरकारले यसलाई कसरी अघि बढाउला त्यसले महत्त्व राख्नेछ । तर, अहिलेको अवस्थामा सीमित स्रोतको आकलन गरी चालू बजेटभन्दा कमको सिलिङ पठाएका छौं ।'

स्रोत समितिले १९ खर्बभन्दा कम अंकमै बजेटको सीमा निर्धारण गरेको उनको भनाइ छ । यो चालू आर्थिक वर्ष ०८२/८३ को विनियोजनभन्दा कम हो । चालू आवमा १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट कार्यान्वयनमा छ । यद्यपि, अर्थ मन्त्रालयले मध्यावधि समीक्षामार्फत १६ खर्ब ८८ अर्ब रुपैयाँ मात्रै खर्च हुने अनुमान सार्वजनिक गरेको हो ।

चालू आवको मध्यावधि समीक्षामा सरकारको खर्च र राजस्व कमजोर देखिएको र नयाँ सरकारलाई राजस्व संकलन र वैदेशिक सहायताप्राप्तिमा चुनौती हुने भएकाले बजेटको सीमा निर्धारणमा संकुचन गरिएको स्रोत समितिका सदस्यहरूको भनाइ छ ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐनअनुसार योजना आयोगले अर्थ मन्त्रालयसँगको समन्वयमा मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट र कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका लागि आगामी तीन वर्षमा उपलब्ध हुने स्रोत तथा गर्न सकिने खर्चको सीमाको पूर्वअनुमान चालू आर्थिक वर्षको माघ मसान्तभित्र गरिसक्नुपर्नेछ । यद्यपि, अर्थमन्त्रीसमक्ष यो सिलिङ पेस गर्नका लागि ७ फागुनसम्म म्याद तोकिएको छ ।





योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले हाल प्राविधिक समितिले सिलिङको विषयमा काम गरेकाले ७ फागुनसम्ममा सिलिङ पठाइ सक्ने जानकारी दिए । उनले भने, 'हामीले निर्धारित समयमै सिलिङ बुझाउँछौं ।' आयोगबाट प्राप्त विवरणका आधारमा अर्थ मन्त्रालयले बजेट सीमा र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गरी फागुन १५ गतेभित्र मन्त्रालय तथा केन्द्रीय निकायमा पठाउनुपर्ने उल्लेख छ ।

गत आर्थिक वर्षमा तत्कालीन स्रोत समितिले अर्थ मन्त्रालयलाई आव ०८३/८४ मा २१ खर्ब ६८ अर्ब ६५ करोड खर्च हुने प्रक्षेपण गरेको थियो । जसमा १४ खर्ब ४३ अर्ब राजस्व उठ्ने प्रक्षेपण थियो । दुई खर्ब ७० अर्ब ३५ करोडको वैदेशिक ऋण र ४७ अर्ब २५ करोडको वैदेशिक अनुदानप्राप्त हुने प्रक्षेपण थियो । चार खर्ब सात अर्ब ७२ करोडको आन्तरिक ऋण उठ्ने प्रक्षेपणसहित स्रोत अनुमान गरिएको थियो ।

सोही आधारमा अहिले पनि स्रोत समितिले आर्थिक वर्ष ०८३/८४, आव ०८४/८५ र आव ०८५/८६ को त्रिवर्षीय स्रोत अनुमान र प्रक्षेपण गरी अर्थमन्त्रीसमक्ष पेस गरेका हुन् । राष्ट्रिय स्रोत अनुमान समितिको संयोजकमा योजना आयोगका उपाध्यक्ष रहने व्यवस्था छ । यसमा आयोगका समष्टिगत आर्थिक क्षेत्र हेर्ने सदस्य, नेपाल राष्ट्र बैंकका गभर्नर र अर्थसचिव सदस्य रहने व्यवस्था छ ।चालू आर्थिक वर्ष ०८२/८३ को सात महिनामा सरकारले ६ खर्ब ६५ अर्ब रुपैयाँ राजस्व उठाएको छ । त्यस्तै, कुल बजेट खर्च आठ खर्ब एक अर्ब रुपैयाँ छ । १९ खर्ब ४१ अर्बको विनियोजनमा ४०.८ प्रतिशत मात्रै खर्च भएको हो ।

चालू आर्थिक वर्षको सात महिनामा विनियोजित पुँजीगत बजेटको १५.६२ प्रतिशत मात्रै खर्च भएको छ । चार खर्ब सात अर्बको वार्षिक विनियोजनमध्ये ६३ अर्ब ७९ करोड पुँजीगत खर्च भएको हो । चालू खर्च भने ४७.६२ प्रतिशत छ । ११ खर्ब ८० अर्बको चालू बजेटमा पाँच खर्ब ६२ अर्ब खर्च भएको छ । ऋणको साँवाब्याज भुक्तानीमा एक खर्ब ७५ अर्ब (विनियोजनको ४६.७१ प्रतिशत) रुपैयाँ खर्च भएको छ । कुल बजेट खर्च आठ खर्ब एक अर्ब रुपैयाँ छ ।



राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ भन्छन्-

चालू आर्थिक वर्ष ०८२/८३ को विनियोजन वजेटभन्दा कम अंकमा सिलिङ पठाइएको छ । प्रतिनिधिसभा सदस्य निर्वाचनपछि आउने सरकारले यसलाई कसरी अघि बढाउला त्यसले महत्त्व राख्नेछ । तर, अहिलेको अवस्थामा सीमित स्रोतको आकलन गरी चालू बजेटभन्दा कमको सिलिङ पठाएका छौं । हाल प्राविधिक समितिले सिलिङको विषयमा काम गरिरहेकोले ७ फागुनसम्ममा सिलिङ पठाइसक्छौं ।

अब ई-कमर्स चलाउन सरकारी पोर्टलमा दर्ता अनिवार्य



विद्युतीय व्यापार (ई-कमर्स) निर्देशिका २०८२ जारी, दर्ता नगरी चलाइएका प्लाटफर्म खारेज गरिने

कृष्ण रिजाल/नयाँ पत्रिका

अब विद्युतीय माध्यममार्फत वस्तु तथा सेवाको व्यापारिक कारोबार गर्ने व्यवसायीले अनिवार्य रूपमा सरकारी पोर्टलमा दर्ता हुनुपर्ने भएको छ । सरकारले विद्युतीय व्यापार (ई-कमर्स) निर्देशिका, २०८२ जारी गर्दै विद्युतीय व्यापार (ई-कमर्स) सञ्चालन गर्न व्यवसायीले सूचना प्रविधि प्रणालीमा अनिवार्य रूपमा सूचीकरण गर्नुपर्ने व्यवस्था गरेको हो ।

सरकारले सूचना प्रविधिको माध्यमबाट हुने वस्तु तथा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वनीय बनाउन भन्दै ३ चैत २०८१ मा विद्युतीय व्यापार (ई-कमर्स) ऐन, २०८१ जारी गरेको थियो । सोही ऐनको दफा ३७ बमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निर्देशिका जारी गरेको हो ।

विद्युतीय माध्यमबाट व्यापार गर्ने फर्म सूचीकरणका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले सूचना प्रविधि प्रणाली (पोर्टल) तयार पारेको छ । सोही पोर्टलमा दर्ता गराएर मात्रै विद्युतीय माध्यमबाट व्यापारिक कारोबार गर्नुपर्ने व्यवस्था गरिएको हो । व्यवसायीले विद्युतीय व्यापारका लागि सूचीकरण हुन विभागमा निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । पेस गरेको निवेदनसहितको विवरणका आधारमा विभागले आवश्यक विवरण पूरा भएको अवस्थामा सात दिनभित्र जारी गर्नुपर्नेछ ।

ऐनले विद्युतीय प्लाटफर्ममार्फत कुनै वस्तु वा सेवाको खरिद वा बिक्री गर्ने प्रक्रियालाई 'विद्युतीय व्यापार (ई-कमर्स)' भनी व्याख्या गरेको छ । त्यस्तै, कम्प्युटर, मोबाइल वा यस्तै प्रकृतिका विद्युतीय उपकरणको प्रयोग गरी वेबसाइट, एप्लिकेसन, सफ्टवेयर, इन्टरनेट, इन्ट्रानेट, सामाजिक सञ्जालको मार्केटप्लेसलगायतका माध्यमबाट सूचना संकलन, सम्प्रेषण वा संग्रह गरी वस्तु वा सेवाको कारोबार गर्ने प्रयोजनका लागि बनाइएको प्रणालीलाई 'विद्युतीय प्लाटफर्म' भनी व्याख्या गरिएको छ ।

■ दर्ता नभएका प्लाटफर्म खारेज हुने

दर्ता नभई चलाइएको ई-कमर्स प्लाटफर्म खारेज गरिने निर्देशिकामा उल्लेख छ । कुनै फर्मले सूचीकरण नगरी विद्युतीय व्यापार गरिरहेको सूचना वा जानकारी पाएमा सरकारी निरीक्षण अधिकृतले उक्त फर्मलाई सात दिनभित्र सूचीकरण गर्न आदेश दिने व्यवस्था गरिएको छ । 'सो म्यादभित्र समेत सूचीकरण नगरेमा विभागले त्यस्तो प्लाटफर्म खारेज गर्ने कारबाही चलाउनेछ,' निर्देशिकामा उल्लेख छ । निर्देशिकाले सूचीकरण खारेजीको व्यवस्थासमेत गरेको छ । सम्बन्धित फर्म खारेज भएमा, सूचीकरण वा अद्यावधिक गर्दा विभागलाई जानाजान गलत वा भ्रामक विवरण दिएको पुष्टी भएमा, सम्बन्धित फर्मले सूचीकरणबाट हटाउन निवेदन दिएमा सूचीकरण खारेज हुने छ । विद्युतीय व्यापार (ई-कमर्स) कारोबारमा संलग्न फर्मले प्रचलित कानुनबमोजिम सम्बन्धित निकायमा कर दायित्व पूरा गरेको हुनुपर्नेछ । विभागले फर्म सूचीकरण, अद्यावधिक तथा खारेजीसम्बन्धी सेवा निःशुल्क प्रदान गर्नेछ ।

■ गोपनीयता कायम राख्नुपर्ने

विद्युतीय व्यापार (ई-कमर्स) प्लाटफर्मले प्रयोगकर्ताको पासवर्ड, फोन/मोबाइल नम्बर, ठेगाना, जन्ममितिलगायत प्रमाणीकरणका लागि प्रयोग हुने संवेदनशील व्यक्तिगत विवरण सुरक्षित रूपमा इनक्रिप्टेड गरी राखुपर्ने व्यवस्था गरिएको छ । 'अन्य सामान्य विवरणको हकमा अनधिकृत पहुँच, दुरुपयोग वा चुहावट हुन नदिन उचित प्राविधिक तथा व्यवस्थापकीय सुरक्षाका उपाय अवलम्बन गर्नुपर्नेछ,' निर्देशिकामा उल्लेख छ । अनधिकृत पहुँच वा प्रयोगकर्ताको सूचना चुहावट भएमा वा प्लाटफर्ममा कुनै खराबी उत्पन्न भएमा तुरुन्त कारोबार बन्द गरी पुनः प्राप्ति (रिकभरी) भइसकेपछि मात्र व्यवसाय सुचारु गर्नुपर्ने व्यवस्था गरिएको छ ।

■ अनुमतिप्राप्त डिजिटल भुक्तानी प्रणाली प्रयोग गर्नुपर्ने

सबै विद्युतीय व्यापार (ई-कमर्स) व्यवसायीले व्यावसायिक कारोबार गर्दा नेपाल राष्ट्र बैंकबाट स्वीकृत डिजिटल पेमेन्ट गेटवे मात्र प्रयोग गर्नुपर्ने व्यवस्था गरिएको छ । 'वस्तु वा सेवाको भुक्तानी नगदमार्फत गरिएको अवस्थामा कारोबारको विद्युतीय बीजक अनिवार्य रूपमा जारी गर्नुपर्नेछ' निर्देशिकामा उल्लेख छ, 'क्रेतालाई रकम फिर्ता दिनुपर्ने अवस्थामा व्यवसायीले सात दिनभित्र फिर्ता गर्नुपर्नेछ ।'

सुनचाँदीको मूल्यमा सामान्य गिरावट



काठमाडौं/ नेपाली बजारमा बुधबार सुनचाँदीको मूल्यमा सामान्य गिरावट आयो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार उक्त दिन सुन तोलामा १५ सय रुपैयाँले घटेर तीन लाख चार सय रुपैयाँ कायम भयो । मंगलबार प्रतितोला तीन लाख एक हजार ९०० रुपैयाँ थियो । त्यस्तै, सोमबार तोलाको तीन लाख दुई हजार आठ सय र आइतबार तीन लाख आठ हजार पाँच सयमा कारोबार भएको महासंघले जनाएको छ ।

त्यसैगरी, चाँदी भने पाँच रुपैयाँले घट्यो । मंगलबार चार हजार आठ सय ८५ रुपैयाँ रहेको चाँदी बुधबार चार हजार आठ सय ८० मा कारोबार हुनपुग्यो । त्यसअघि सोमबार चार हजार आठ सय ८० र आइतबार चार हजार नौ सय ८५ रुपैयाँमा कारोबार भएको थियो ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads
Federal Road Supervision and Monitoring Office, Kathmandu

Road Division Nuwakot

Invitation for Bids

(Notice No: RDNKT/082/83-09)

(Date of Publication: 2082-11-07, (19th Feb, 2026))

1. **Road Division Nuwakot** invites Open Competitive Bidding from eligible Nepali bidders for the construction of following works under National Competitive Bidding procedures.

Contract No.	Description and location of works	Fee for Biding Document, NRs.	Bid Security Amount, NRs.	Estimated Amount Inclusive VAT & PS
RDNKT/ 337310113/ 082/83-33	Road Improvement Works on Aaginchowck Ful Kharka, Tripurasundari, Dhading	3000	119,000.00	4,870,622.35
RDNKT/ 337310113/ 082/83-34	Road Improvement Works on Babuwa Bistari Sadak, Siddhalek-02, Dhading	3000	59,000.00	2,435,286.69
RDNKT/ 337310113/ 082/83-35	Road Improvement Works on Basbote Katahare Sadak, Nilkantha-07,Dhading	3000	71,000.00	2,922,030.56
RDNKT/ 337310113/ 082/83-36	Road Improvement Works on Batuwa Madhuwan sadak, Nilkantha-13, Dhading Sadak Marmat Tatha Causeway	3000	119,000.00	4,869,965.32
RDNKT/ 337310113/ 082/83-37	Road Improvement Works on Damgade Dekhi Wada Karyalaya Sadak, Nilkantha-12, Dhading	3000	143,000.00	5,844,765.99
RDNKT/ 337310113/ 082/83-38	Road Improvement Works on Golabhanjyang Cham Bhanjyang Sadak, Nilknatha-11, Dhading	3000	143,000.00	5,844,354.12
RDNKT/ 337310113/ 082/83-39	Road Improvement Works on Sasaha Ramkot Durbar Sadak, Nilknatha-08, Dhading	3000	143,000.00	5,844,647.18
RDNKT/ 337310113/ 082/83-40	Road Improvement Works on Sunalabazar Bazar Chhetra Sadak, Dhading	3000	119,000.00	4,870,467.90
RDNKT/ 33701138/ 082/83-41	Road Protection works of Osho Tapowan section of Balaju - Trishuli Road (NH-18)	3000	239,000.00	9,715,199.61

2. Submission and Opening of Bids:

Activity	Date	Time	Place
Submission	Within 2082/12/08 (22nd Mar, 2026)	Within 12:00 hrs	PPMO's website www.bolpatra.gov.np/egp
Opening	2082/12/08 (22nd Mar, 2026)	13:00 hrs	Road Division Nuwakot, Bidur, Nuwakot

3. Bidders should submit their bids electronically after downloading the bidding documents from PPMO's website www.bolpatra.gov.np/egp. Bidders should deposit the Fee of bidding document in the Revenue account as specified below and scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

Bank Name	Name of office	Office code	Revenue Account Number	Revenue Heading Number
Nepal Bank	Road Division, Nuwakot	337012902	00101000000001001001	14229

4. Bid must be valid for a period of **90 days** from bid submission deadline and must be accompanied by Cash Security (should be deposited in the Deposit Account as specified below) Bank Guarantee (issued from Commercial Bank or Financial Institution eligible to issue Bank Guarantee as per prevailing Law), amounting to a minimum of as mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.

Bank Name & Branch	Name of Account	Office code	Deposit Account Number
Nepal Bank Limited, Trishuli	District Treasury Office, Nuwakot	337012902	026-01-000002003000001

5. Please refer to the complete set of bidding documents (available at PPMO's website www.bolpatra.gov.np/egp) for further information about invitation of bids, purchase of bidding document, submission & opening of bids; and evaluation & qualification criterion.

Division Chief

निर्माणाधीन जलविद्युत्को उत्पादन सुरु गर्ने म्याद दुई वर्ष थप

रुख कटानीको स्वीकृतिदेखि विस्फोटक पदार्थसम्म नपाएका तीन हजार मेगावाटका परियोजनालाई राहत

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणले विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गरेका जलविद्युत् आयोजनाको व्यावसायिक विद्युत् उत्पादन मिति (आरसिओडी) दुई वर्ष थप गर्ने निर्णय गरेको छ । सोमबार बसेको प्राधिकरण सञ्चालक समितिको बैठकले आरसिओडीको म्याद थप गर्ने निर्णय गरेको हो । अब यही निर्णयका आधारमा प्राधिकरण व्यवस्थापनले परियोजनागत रूपमा म्याद थपको निर्णय गर्नेछ । प्राधिकरणका सञ्चालक समिति सदस्य डा. बलबहादुर पराजुलीको संयोजकत्वमा बनाएको अध्ययन कमिटीले गत साउनमै आरसिओडीको म्याद दुई वर्ष थप गर्नुपर्ने सुझावसहितको प्रतिवेदन दिएको थियो । सोमबारको सञ्चालक समितिको बैठकले उक्त प्रतिवेदन स्वीकृति गर्दै आरसिओडीको म्याद थप गर्ने निर्णय गरेको हो । अध्ययन कमिटीमा अर्का सञ्चालक सदस्य रतन ऐयर र प्राधिकरणका निर्देशक राजन ढकाल सदस्य थिए ।

सञ्चालक समितिको निर्णयले निर्माणाधीन अवस्थामा रहेका करिब तीन हजार मेगावाट क्षमताका करिब दुई सय परियोजना लाभान्वित हुनेछन् । रुख कटानी स्वीकृतिमा भएको ढिलाइ, जग्गाप्राप्तिमा भएको ढिलाइ, विस्फोटक पदार्थ अभावलगायतको अवस्थामा आरसिओडी थप गर्न सकिने सञ्चालक समितिको निर्णय छ । अब यस्ता परिस्थितिलाई 'फोर्स मेजर'मा राख्न सकिने पनि सञ्चालक समितिको निर्णय छ ।

'यो सञ्चालक समितिले गरेको सैद्धान्तिक निर्णय मात्रै हो । अब यसका आधारमा प्राधिकरण व्यवस्थापनले परियोजनाअनुसार छुट्टाछुट्टै निर्णय गर्नेछ,' एक सञ्चालकले भने, 'पहिला विस्फोटक पदार्थ नपाउने, रुख कटानीको स्वीकृति नआउने, जग्गाप्राप्ति नहुनेजस्ता विषयलाई फोर्स मेजर नमानिने व्यवस्था थियो । तर, अब त्यस्ता अवस्थालाई पनि फोर्स मेजर मान्न सकिने गरी सैद्धान्तिक निर्णय गरिएको छ ।'

प्राधिकरण र परियोजनाबिच पिपिए हुँदा सम्झौतापत्रमा नै विद्युत् उत्पादन गर्ने मिति उल्लेख गर्नुपर्छ, जुन मितिमा परियोजनाले विद्युत् उत्पादन गरेर प्राधिकरणलाई उपलब्ध गराउनुपर्नेछ । त्यो गर्न नसकेमा परियोजनाले प्राधिकरणलाई तोकिएको जरिवाना तिर्नुपर्छ । विद्युत् उत्पादन गर्ने अवस्था भएर पनि प्राधिकरणले खरिद नगरेको अवस्थामा भने प्राधिकरणले जरिवाना तिर्नुपर्छ ।

अहिले निजी क्षेत्रका पाँच हजार सात सय मेगावाट क्षमता जलविद्युत् परियोजना निर्माणका चरणमा छन् । त्यसमा अधिकांश परियोजना तोकिएको समयमा विद्युत् उत्पादन गर्न नसक्ने अवस्थामा छन् । आरसिओडी थप गर्नुपर्ने अवस्थाका परियोजना तीन हजार मेगावाट हाराहारीमा छन् ।

रुख कटानी स्वीकृतिमा भएको ढिलाइ, विस्फोटक पदार्थको अनिश्चितता, जग्गाप्राप्तिमा हुने अन्योल, विभिन्न समयमा आएका बाढी-पहिरोले जलविद्युत् परियोजनाको निर्माण नमज्जाले प्रभावित भएको छ । नेपालमा नभएको अवस्थामा भारतीय दूतावासको सिफारिसबाट भारतबाट विस्फोटक पदार्थ आयात गर्नुपर्छ । अहिले ९५ प्रतिशतभन्दा बढी निर्माणाधीन जलविद्युत् परियोजनामा विस्फोटक पदार्थ चाहिन्छ ।

यस्तै, विगतमा भएको रुस-युक्रेन युद्ध, तरलता अभाव, महँगी, निर्माण सामग्रीको अभावलगायतका कारण जलविद्युत् परियोजनाको निर्माण प्रभावित भएको थियो । जलविद्युत् परियोजनाका लागि आवश्यक पर्ने टर्बाइन, मेसिनलगायत अधिकांश सामग्री विदेशबाट ल्याउनुपर्छ । रुस-युक्रेन युद्धका कारण बिचमा अत्यावश्यक मेसिन तथा सामग्रीको अभाव भयो । यस्तै, सरकारले २० पुसदेखि ११ माघ ०७९ सम्म देशभरका क्रसर बन्द गरायो ।

यस्तै, लगानी जुटाउन नसक्दा पनि जलविद्युत् परियोजनाको निर्माण कार्य प्रभावित भएका छन् । विगतमा बैंकिङ क्षेत्रमा लगानीयोग्य पुँजीको अभाव भयो । पछिल्ला हरेक वर्ष बाढी-पहिरोले निर्माणाधीन आयोजना प्रभावित बनाइरहेको छ । त्यसैले पनि आयोजनाको निर्माण कार्य पछाडि धकेलिएको छ । यस्ता कारण देखाँउदै स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले आरसिओडीको म्याद थप गर्न माग गर्दै आएको थियो ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगीले प्राधिकरणको निर्णय स्वागतयोग्य भएको बताए । 'अहिले निजी क्षेत्रका ५७ सय मेगावाटका परियोजना निर्माणाधीन अवस्थामा छन् । त्यसमा तीन हजार मेगावाटको परियोजनाको आरसिओडी थप गर्नुपर्ने अवस्था छ ।

आरसिओडी म्याद सकिएपछि बैंकहरूले ब्याजलाई पुँजीकरण गर्दैनन् । त्यसले गर्दा पनि जलविद्युत् परियोजना मर्कामा परेको उनको भनाइ छ ।

इप्पानका वरिष्ठ उपाध्यक्ष मोहनकुमार डाँगी भन्छन्-



निजी क्षेत्रका ५७ सय मेगावाटका परियोजना निर्माणाधीन अवस्थामा छन् । त्यसमा तीन हजार मेगावाटको परियोजनाको आरसिओडी थप गर्नुपर्ने अवस्था छ मुख्यतः बाढीबहिरो, रुख कटानीको स्वीकृतिमा हुने ढिलाइ, जग्गाप्राप्तिमा हुने ढिलाइ, विस्फोटक पदार्थ नपाउनेजस्ता कारण परियोजनाको निर्माण प्रभावित भएको थियो । सोही कारण हामीले आरसिओडी थप गर्न माग गरेका थियौं । त्यसमा भएको सम्बोधनलाई हामीले सकारात्मक रूपमा लिएका छौं । यसको कार्यान्वयन पक्ष पनि राम्रो हुनुपर्छ ।

सात महिनामा रोजगारीका लागि चार लाख ७२ हजार बिदेसिए

अजित अधिकारी/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को माघ मसान्तसम्म चार लाख ७२ हजार पाँच सय ७७ जना युवा वैदेशिक रोजगारीमा गएका छन् । माघमा मात्रै रोजगारी खोज्दै बिदेसिने युवाको संख्या अघिल्ला महिनामा भन्दा बढी छ ।

वैदेशिक रोजगार विभागका अनुसार माघमा एक सय सात मुलुकमा रोजगारी गर्न जानका लागि ७० हजार पाँच सय तीन युवाले श्रम स्वीकृति लिएका छन् ।

यो संख्या मंसिर र पुस महिनामा जारी भएको श्रम स्वीकृतिभन्दा बढी हो । मंसिरमा एक सय आठ मुलुकमा ६५ हजार सात सय पाँच र पुसमा एक सय पाँच मुलुकमा ६२ हजार पाँच सय ५९ युवा रोजगारी खोज्दै गएका थिए ।

कात्तिकमा सबैभन्दा धेरै ७३ हजार ९४ र असोजमा ६४ हजार ६ सय ३४ युवाले श्रम स्वीकृति लिएको विभागले जनाएको छ । भदौमा जेन-जी आन्दोलन भए पनि ६७ हजार नौ सय ७२ र साउनमा ६८ हजार एक सय १० युवाले श्रम स्वीकृति लिएका थिए । गत आर्थिक वर्ष ०८१/८२ मा एक सय ५१ मुलुकका लागि आठ लाख ३९ हजार दुई सय ६६ युवाले श्रम स्वीकृति लिएका थिए ।



■ माघमा युएईका लागि धेरै श्रम स्वीकृति

माघको तथ्यांकअनुसार बिदेसिने युवाहरूको युएई पहिलो श्रम गन्तव्य मुलुकमा पुनः अगाडि आएको छ । यसअघि लगातार तीन महिना साउदी अरेबियाका लागि धेरै श्रम स्वीकृति भइरहेकोमा माघमा १५ हजार एक सय ३७ युवा युएई पुगेको विभागको तथ्यांक छ । दोस्रोमा साउदी अरेबियाका लागि ११ हजार पाँच सय ९२ ले श्रम स्वीकृति लिएका छन् । त्यस्तै, कतारका लागि ११ हजार पाँच सय ८० र मलेसियाका लागि १० हजार तीन सय ४१ युवाले श्रम स्वीकृति लिएको विभागको तथ्यांक छ ।

कुवेतमा पाँच हजार चार सय ४३, रोमानियामा तीन हजार नौ सय ४०, जापानमा एक हजार सात सय ६०, साइप्रसमा एक हजार दुई सय ५५, ओमानमा एक हजार दुई सय पाँच र बहराइनमा एक हजार एक सय २७ युवा पुगेको विभागको तथ्यांक छ ।

सात महिनामा बिदेसिएका युवाको तथ्यांक

महिना	संख्या	मुलुक
साउन	६८,११०	१०५
भदौ	६७, ९७२	७७
असोज	६४,६३४	१४
कात्तिक	७३,०९४	१०६
मंसिर	६५,७०५	१०८
पुस	६२,५५९	१०५
माघ	७०,५०३	१०७

स्रोत : वैदेशिक रोजगार विभाग

■ इजरायलसँग चाँडै श्रम सम्झौता नवीकरण

इजरायलसँग चाँडै श्रम सम्झौता नवीकरण हुन लागेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ । दुवै देशबिच श्रम सम्झौता नवीकरणका लागि पत्र आदान-प्रदान भई एक चरणको भर्चुअल बैठकसमेत सम्पन्न भएको प्रवक्ता पीताम्बर घिमिरेले जानकारी दिए ।

'एक चरणको भर्चुअल बैठक सकिएको छ, अब चाँडै अर्को बैठक पनि बस्दै छौं,' उनले भने, 'इजरायलसँग चाँडै सम्झौता नवीकरण हुनेछ ।' इजरायलसँग सम्झौता नवीकरण गर्दा यसअघि त्यहाँ कृषि इन्टर्न गरेर फर्किएका युवालाई कृषि फार्ममै रोजगारी दिनुपर्ने एजेन्डा राखिने भएको छ । कृषि फार्ममै रोजगारी गर्दा आकर्षक कमाइ हुने मन्त्रालयको दाबी छ । 'कृषि इन्टर्न गरेर आएकाहरूलाई त्यहाँ रोजगारीको अवसर दिनुपर्ने एजेन्डा समावेश भइसकेको छ । सम्झौता नवीकरण हुँदा यो विषय पनि समेटिने विश्वास छ,' घिमिरेले भने । २१ पुसको मन्त्रिपरिषद् बैठकले इजरायलसँग श्रम सम्झौता नवीकरण गर्न स्वीकृति दिएको थियो । त्यसयता श्रम मन्त्रालयले प्रक्रिया अघि बढाएको हो । इजरायलसँग भएको सम्झौता प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने प्रावधान छ ।

त्यस्तै, ओमानसँग पनि नयाँ श्रम सम्झौता गर्न मन्त्रिपरिषद्को सोही दिनको बैठकले स्वीकृति दिएकोमा प्रक्रिया अघि बढाइएको प्रवक्ता घिमिरले जानकारी दिए ।

कर्पोरेट

कुमारी बैंकलाई सूचना सुरक्षा व्यवस्थापन प्रणाली प्रमाणपत्र

काठमाडौं/ कुमारी बैंक लिमिटेडले अन्तर्राष्ट्रियस्तरमा मान्यताप्राप्त आइएसओ/आइइसी २७००१:२०२२ सूचना सुरक्षा व्यवस्थापन प्रणाली प्रमाणपत्र प्राप्त गरेको छ । यो प्रमाणपत्रले बैंकको सूचना सुरक्षा नीति, प्रक्रिया तथा नियन्त्रणहरू अन्तर्राष्ट्रिय मापदण्डअनुरूप रहेको देखाउँछ । यस प्रमाणपत्रले बैंकको सूचना सुरक्षा जोखिम पहिचान, मूल्यांकन तथा व्यवस्थापन गर्ने राम्रो क्षमता रहेको र सो अन्तर्राष्ट्रिय मापदण्डबमोजिम रहेको सुनिश्चित गर्ने बताइएको छ ।

साथै, प्रमाणपत्रमार्फत बैंकले ग्राहकको तथ्यांक सुरक्षित तथा गोप्य राखेको, आवश्यक परेका वेला उपलब्ध गराउने, अनधिकृत पहुँचबाट जोगाउने गरेको र सुदृढ सुरक्षा प्रणाली कार्यान्वयन गरिरहेको छ भनी प्रमाणित गर्छ ।

डिजिटल बैंकिङ सेवाको विस्तारसँगै साइबर सुरक्षा र डेटा गोपनीयता ग्राहकको प्रमुख चासोको विषय बनेको अवस्थामा कुमारी बैंकले मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, कार्ड सेवा तथा आन्तरिक प्रणालीमा उच्चस्तरीय सुरक्षा मापदण्ड लागू गरेको जनाइएको छ ।



बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालले भने, 'आइएसओ/आइइसी २७००१:२०२२ प्रमाणपत्र प्राप्त गर्नु ग्राहकको वित्तीय सूचनाको सुरक्षाप्रति हाम्रो दृढ प्रतिबद्धताको बिम्ब हो । सुरक्षित र विश्वसनीय बैंकिङ वातावरण प्रदान गर्न हामी प्रविधि, जनशक्ति र प्रक्रियामा निरन्तर लगानी गर्दै जानेछौं ।'

बैंकका अनुसार नियमित जोखिम मूल्यांकन, कर्मचारी सचेतना कार्यक्रम, सुरक्षा परीक्षण तथा निरन्तर निगरानी प्रणालीमार्फत सम्भावित साइबर जोखिमको रोकथाम, पहिचान तथा व्यवस्थापन गर्ने संरचना कार्यान्वयन गर्दै आएको छ ।

मायाखोला हाइड्रोपावरको हकप्रद निष्कासकमा सिटिजन्स क्यापिटल



काठमाडौं/ मायाखोला हाइड्रोपावर लिमिटेडले निष्कासन गर्ने हकप्रद सेयरको बिक्री प्रबन्धकमा सिटिजन्स क्यापिटल नियुक्त भएको छ । सेयर निष्कासनसन्बन्धी दुवै पक्षबिच सम्झौता भएको छ । सम्झौतापत्रमा सिटिजन्स क्यापिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठ र माया खोला हाइड्रोका तर्फबाट कार्यकारी अध्यक्ष दिनेशप्रसाद श्रेष्ठले हस्ताक्षर गरेका हुन् ।

सम्झौता अनुसार सिटिजन्स क्यापिटलले माया खोलाको एक करोड कित्ता हकप्रद सेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डको अनुमति लिन गर्नुपर्ने काम र तत्पश्चातको बिक्री प्रबन्धकको काम गर्ने बताइएको छ । हाइड्रोपावरले संखुवासभामा १४.९ मेगावाट क्षमताको आयोजना निर्माण गरिसकेको छ ।

नेपाल बैंक र एभरेस्ट हस्पिटलबिच २० प्रतिशतसम्म छुट सम्झौता



काठमाडौं/ नेपाल बैंक लिमिटेड र एभरेस्ट हस्पिटलबिच द्विपक्षीय सम्झौता भएको छ । यो सम्झौता बैंकमा खाता रहेका ग्राहक, कार्यरत कर्मचारी र उनीहरूका परिवारलाई छुट दिन गरिएको हो । बैंकका तर्फबाट प्रमुख वित्त अधिकृत दीपेन्द्रराज काफ्ले र हस्पिटलका तर्फबाट सञ्चालक समितिका सदस्य शैलेन्द्र महासेठले हस्ताक्षर गरेका हुन् ।

यससँगै बैंकका ग्राहक तथा कर्मचारीलाई काठमाडौं नयाँ बानेश्वरस्थित एभरेस्ट हस्पिटलमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट हुने बताइएको छ । सम्झौताबमोजिम बैंकका खातावालले उक्त हस्पिटलमा बिल रकमको पाँचदेखि २० प्रतिशतसम्म छुट पाउनेछन् । यो सहकार्यबाट बैंकका खातावालहरू सहुलियतपूर्ण स्वास्थ्य सेवाबाट लाभान्वित हुने बताइएको छ ।

स्टार्टअप तथा इनोभेसन प्रवर्द्धनका लागि नीतिगत सुधारमा छलफल



काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतको स्टार्टअप तथा इनोभेसन फोरमको बैठक मंगलबार काठमाडौंमा भएको छ । बैठकले नेपालमा स्टार्टअप तथा इनोभेसन प्रवर्द्धनका लागि नीतिगत सुधार, लगानीमैत्री वातावरण र उद्यमशीलता विकास कार्यक्रमलाई प्राथमिकतामा राख्दै सहकार्यलाई तीव्र बनाउनुपर्नेमा जोड दिएको छ ।

बैठकमा महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले नवप्रवर्तनमैत्री नीति तथा वित्तीय पहुँच विस्तार नगरी स्टार्टअप इकोसिस्टम सुदृढ हुन नसक्ने बताउँदै निजी क्षेत्र-सरकार सहकार्य बढाउनुपर्नेमा जोड दिए । उनले स्टार्टअपहरूलाई बजार पहुँच, मेन्टरसिप र नियामकीय स्पष्टता उपलब्ध गराउन महासंघ सक्रिय रहने जानकारी दिए ।

साथै, उनले नवप्रवर्तनशील उद्यमका लागि तालिम, प्राविधिक सहयोग र इन्क्युबेसन सेवालाई अझ प्रभावकारी बनाइँदै लैजानुपर्नेमा जोड दिए ।

उपाध्यक्ष हेमराज ढकालले स्टार्टअप तथा इनोभेसन उद्यमलाई प्रोत्साहन गर्न कर तथा लगानीसम्बन्धी नीतिगत सहजीकरण आवश्यक रहेको उल्लेख गरे ।

अर्की उपाध्यक्ष ज्योत्सना श्रेष्ठले महिला तथा युवा उद्यमशीलतालाई स्टार्टअप नीतिको केन्द्रमा राख्नुपर्ने बताइन् । समावेशी उद्यम वातावरण निर्माणका लागि क्षमता अभिवृद्धि र नेटवर्किङ कार्यक्रम विस्तार गर्नुपर्ने उनको भनाइ थियो । कोषाध्यक्ष भरतराज आचार्यले स्टार्टअप तथा इनोभेसन फोरमलाई कमिटीमा रूपान्तरण गर्नुपर्ने उल्लेख गर्दै यसको विकासका लागि संस्थागत मापदण्ड विकास आवश्यक रहेको बताए ।

भरतपुर विमानस्थलबाट हवाई इन्धन 'रिफ्युलिङ' सेवा सुरु

● डा. चण्डिकाप्रसाद भट्ट,
कार्यकारी निर्देशक, आयल निगम



भरतपुर विमानस्थलबाटै इन्धन रिफ्युलिङ थालिए पनि अब खाली सिट राखेर उडान भनुपर्ने बाध्यता हटेको छ । यसमा निर्वाचनको बढ्दो चहलपहलका कारण हवाईमार्गबाट यात्रा गर्ने यात्रुलाई सहजता हुने अपेक्षा लिएका छौं । आचारसंहिता लागेकै वेला भए पनि सेवा शुभारम्भ गरेर निगमले सामाजिक उत्तरदायित्व पूरा गरेको छ । निकटभविष्यमा यहाँ इन्धन भण्डारणगृहसमेत निर्माण गर्ने योजना छ ।



नयाँ पत्रिका

भरतपुर विमानस्थलमा बुधबारबाट हवाई इन्धन 'रिफ्युलिङ' सेवा सुरु भएको छ । त्रिभुवन विमानस्थलबाट दिउँसो १२ बजे भएको उडानमार्फत भरतपुर पुगेको बुद्ध एयरमा आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले इन्धन भरेर सेवा सुरु गरेका हुन् । उक्त सेवा सुरु भएपछि भरतपुर-काठमाडौं रुटको विमानले दुईतर्फी उडानलाई पुग्ने इन्धन बोक्नुपर्ने बाध्यता हटेको छ ।

काठमाडौं-भरतपुर रुटमा नियमित रूपले खचाखच यात्रु हुने भए पनि दुईतर्फी उडान भर्न तेल बोकेर जानुपर्ने हुँदा बुद्ध एयरले प्रत्येक उडानमा ४-५ सिट खाली राखेर तौल व्यवस्थापन गर्दै आएको थियो, तर अब भरतपुरमै इन्धन भर्ने सुविधा भएपछि सबै सिटमा यात्रु राखेर उडान भर्न मिल्ने भएको छ ।

सेवा सुरु गर्दै निगमका कार्यकारी निर्देशक भट्टले निर्वाचनका वेला हवाई यात्रुको संख्या बढेकाले लाभ हुने बताए । 'भरतपुर विमानस्थलबाटै इनधन त रिफ्युलिङ थालिए पनि अब खाली सिट राखेर उडान भर्नुपर्ने बाध्यता हटेको छ । यसमा निर्वाचनको बढ्दो चहलपहलका कारण हवाईमार्गबाट यात्रा गर्ने यात्रुलाई सहज हुने अपेक्षा लिएका छौं,' उनले भने । निर्वाचन आचारसंहिता लागेकै वेला भए पनि सेवा शुभारम्भ गरेर निगमले सामाजिक उत्तरदायित्व पूरा गरेको उनको भनाइ थियो ।

भरतपुर विमानस्थलमा दैनिक ३५ सय लिटरसम्म इन्धन खपत हुने अनुमान छ । ११ हजार लिटर क्षमताका दुईवटा रिफ्युलर र ६ हजार लिटर क्षमताको एउटा डिस्पेन्चरमार्फत सेवा थालिएको निगमको हवाई इन्धन कार्यालय, सिनामंगल प्रमुख प्रदीप यादवले जानकारी दिए । 'हवाई यात्रुहरूको सहजताका लागि आचारसंहिता लागेकै वेला भिडभाड नगरी सेवा विस्तार गरिएको छ,' यादवले भने । भरतपुर विमानस्थलबाट इन्धन सेवा थाल्न निगमलाई नागरिक उड्डयन प्राधिकरण र बुद्ध एयरले ताकेता गर्दै आएका थिए ।

भरतपुरमा इन्धन भण्डारणगृह नै बनाउने योजना

सेवा सुरु गर्दै निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले निकटभविष्यमा भरतपुर विमानस्थलमा इन्धन भण्डारणगृह नै बनाउने योजना रहेको बताए । 'यहाँबाट आपूर्ति चुस्त बनाउन भण्डारणगृह नै बनाएर सेवा दिने योजनामा छौं,' उनले भने । अहिले भने ट्यांकरमा आएको तेल डिस्पेन्चरमा हाल्ने र त्यहाँबाट सोझै रिफ्युलमा राखेर विमानहरूमा भर्ने गरिएको छ । निगमले हवाई इन्धन कार्यालयमा जमुनमुनि र 'बन्डेड ट्यांक'मार्फत इन्धन भण्डारण गर्दै आएको छ ।

भरतपुरमा नागरिक उड्डयन प्राधिकरणको भवनमै रहेको संरचना भाडामा लिएर कार्यालय राखिएको छ । निर्वाचन आचारसंहिताका कारण दरबन्दीअनुसार कर्मचारी नखटाइएको पनि निगमले जनाएइको छ । सिनामंगलस्थित हवाई इन्धन कार्यालयका सीमित कर्मचारीलाई काजमा खटाएर सेवा सुरु गरेको र निर्वाचनपछि दरबन्दीअनुसार कर्मचारी व्यवस्थापन हुने निगमले जनाएको छ ।

ज्योति विकासका ग्राहकलाई रोयल क्लिनिङ सर्भिसमा छुट

काठमाडौं/ ज्योति विकास बैंकका ग्राहकलाई रातोपुलस्थित रोयल क्लिनिङ सर्भिसेज एन्ड सप्लायर्स प्रालिमा ५० प्रतिशतसम्म छुट हुने भएको छ । बैंकका ग्राहकलाई छुट दिलाउन बैंक र रोयल क्लिनिक पक्षबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतापश्चात्, बैंकका ग्राहकले उक्त कम्पनीबाट उपलब्ध विभिन्न सफाइ तथा सम्बन्धित सेवामा छुट प्राप्त गर्न सक्नेछन् । कम्पनीले घर, कार्यालय तथा व्यावसायिक स्थानका लागि भरपर्दो र प्रभावकारी सफाइ सेवा प्रदान गर्दै आएको छ ।



बैंकका ग्राहकले सो कम्पनीबाट सोफा तथा अपहोल्स्ट्री सफाइ, शौचालय सफाइ, चिम्नी सफाइ, पानीट्यांकी सफाइ, किरा नियन्त्रण (बेडबग), एसी सर्भिसिङलगायतका विभिन्न सेवामा छुट प्राप्त गर्न सक्नेछन् । यस बैंकले देशैभरका एक सय १८ शाखा कार्यालय, तीन विस्तारित काउन्टर तथा ७५ वटा एटिएममार्फत बैंकिङ सेवा उपलब्ध गराउँदै आइरहेको छ । साथै, गत आर्थिक वर्षमा सरकारलाई ४१ करोड कर तिरेको जनाइएको छ ।

एनसेल-फुडमान्डु साझेदारी, खानाका परिकारमा डेढ सय छुट

काठमाडौं/ एनसेल र फुडमान्डुबिच साझेदारी भएको छ । यो साझेदारीअन्तर्गत ग्राहकलाई दूरसञ्चार सेवाका साथै फुडमान्डु अर्डरमा छुट हुनेछ । यो अफरमा एनसेलका ग्राहकले फुडमान्डुमा गर्ने खानाका परिकारको अर्डरमा डेढ सय रुपैयाँसम्मको छुट पाउने बताइएको छ ।



५ फागुनदेखि सञ्चालनमा आएको यो अफरमा ९९ वा सोभन्दा बढी मूल्यका अफरमा समावेश कुनै पनि एनसेल प्याकको खरिदमा ग्राहकले डेढ सय रुपैयाँ छुट कुपन प्राप्त गर्दछन् । यो कुपन फुडमान्डुमा एक हजार वा सोभन्दा बढी मूल्यका विभिन्न परिकारका अर्डरमा प्रयोग गर्न सकिने बताइएको छ । एनेसेलका अनुसार डेटा, भ्वाइस वा कम्बो प्याक खरिद गर्ने ग्राहकले छुट कुपन प्राप्त गर्नेछन् । ग्राहकले यी प्याक लिएपछि छुट कुपन एसएमएसमार्फत प्राप्त गर्नेछन् । एकभन्दा बढी अफरमा समावेश प्याक खरिद गरेमा सोहीअनुसार एकभन्दा बढी डेढ सय रुपैयाँ छुटका कुपन पाउने कम्पनीले जनाएको छ ।

कुपन जारी मितिदेखि २८ दिनसम्म मान्य रहने बताइएको छ । यो अफर एनसेलको रिन्युअल प्याक, सापटी प्याक, र गिफ्ट प्याक खरिदमा लाग हुनेछैन । फुडमान्डुसँगको यो साझेदारी दूरसञ्चार क्षेत्रको पहिलो सहकार्य भएको बताइएको छ । यसले ग्राहकलाई सहजै दूरसञ्चार सेवामार्फत सम्पर्कमा रहँदै अतिरिक्त बचतसहित आफ्नो मन पर्ने परिकारको आनन्द लिन अवसर प्रदान गर्ने एनसेलले जनाएको छ ।

नेपाल लाइफको नारी सुरक्षा जीवन बिमा योजना सार्वजनिक

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले नारी दिवसका अवसरमा 'नेपाल लाइफ नारी सुरक्षा जीवन बिमा योजना' सार्वजनिक गरेको छ । 'एकै योजना बहुलाभ, सबै नारीका लागि सजिलो पहुँच' नारासहित योजना सार्वजनिक गरिएको हो ।



महिलाको जीवन, स्वास्थ्य, बचत र आर्थिक सुरक्षाकेन्द्रित विशेष योजना हो । यस योजनाको मुख्य विशेषता भनेको बिमालेखको वार्षिकोत्सवमा बिमांकका आधारमा नगद सुविधा प्रदान गरिनु, वृद्धिशील मृत्युलाभ, मृत्युमा प्रदान गरिने बिमांक रकम हरेक पाँच वर्षमा २५ प्रतिशतले बढ्नु रहेको कम्पनीको दाबी छ । नेपाली जीवन बिमा क्षेत्रमा पहिलोपटक गर्भावस्था स्याहार र गर्भावस्था जटिलतापूरक करार सुविधासमेत समावेश गरिएको यस योजनाले नारीको जीवन, स्वास्थ्य, बचत र आर्थिक सुरक्षा एकैसाथ प्रदान गरी सुनिश्चित भविष्यको सुरुवात गर्ने जनाइएको छ ।

यो योजना नारीको जीवनमा सुरक्षा, आत्मनिर्भरता र भविष्यको सुनिश्चिततालाई केन्द्रमा राखी तयार गरिएको विशेष जीवन बिमा योजना हो । समानतासँगै सम्मानपूर्वक जीवनयापन गर्न सकून् भन्ने उद्देश्यले कम्पनीले नेपालमै पहिलोपटक नारीलक्षित योजना सार्वजनिक गरेको जनाएको छ । नारीमा समर्पित यस योजनाले नियमित आम्दानी, आर्थिक सुरक्षा तथा दीर्घकालीन आर्थिक सुनिश्चितता एकैसाथ प्रदान गर्ने कम्पनीको भनाइ छ । यस योजनामा बिमितको प्रवेश उमेर १८ वर्षदेखि ६५ वर्ष रहने बताइएको छ ।

एडिबीको दुई अर्ब अनुदानमा कर्णालीमा ९५० किलोवाटको सोलार प्लान्ट बन्दै

सौर्य ऊर्जा उत्पादनका लागि एक हजार ७७२ वटा सोलार प्यानल जडान, जिल्लाका आठै पालिका विद्युतीकरण हुने

जुम्लामा मानदत्त रावल

जुम्लासहित कर्णाली प्रदेशका चार जिल्लामा बृहत् सौर्य ऊर्जा आयोजना निर्माण थालिएको छ । एडिबीको करिब दुई अर्ब अनुदानमा माथिल्लो कर्णालीका जुम्ला, मुगु, हुम्ला र डोल्पामा सौर्य आयोजना निर्माण थालिएको हो । आयोजनाअन्तर्गत ९५० किलोवाट सौर्य ऊर्जा उत्पादन गरिने सोलार परियोजना म्यानेजर अभिशेक अधिकारीले जानकारी दिए । जिल्लागत लागत कति भन्ने यकिन नभएको उनको भनाइ छ । घुघुत्ती साना जलविद्युत् आयोजनानजिक सौर्य ऊर्जा जडानको काम भइरहेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र जुम्लाले जनाएको छ ।

आयोजना निर्माणपछि उत्पादित ९५० किलोवाट बत्ती पनि राष्ट्रिय प्रसारणलाइनमै जोडेर एकीकृत रूपमा विद्युत्प्रवाह गरिने प्राधिकरणले जनाएको छ ।



विद्युत् प्राधिकरण जुम्लाका प्रमुख ललितकुमार मण्डलले ९५० किलोवाट सौर्य ऊर्जा उत्पादनको ५० प्रतिशत काम पूरा भएको बताए । 'अहिले सिभिल कन्स्ट्रक्सनको काम धमाधम भइरहेको छ । ट्रान्सफर्मर जडानको फाउन्डेसन निर्माण, सोलार प्यानल जडान पनि गरिरहेका छौं,' उनले भने । उनका अनुसार आयोजना सम्पन्न हुन अझै एक वर्ष लाग्नेछ । प्यानलको चार्जर कन्ट्रोल र सोलारबाट आउने पावर कन्ट्रोल गर्ने मेसिन आउन बाँकी रहेको उनले जानकारी दिए ।

चुकेनी विद्युत् सञ्चालनपछि सहज बनेको जुम्लाको जनजीवन ९५० किलोवाटको सौर्य ऊर्जा सञ्चालन भएपछि जिल्लाका आठै पालिका विद्युतीकरण हुने उनको भनाइ छ । आयोजनाका साइट इन्जिनियर साजन डाँगीले जुम्लामा मात्रै ९५० किलोवाट सौर्य ऊर्जा उत्पादनका लागि एक हजार सात सय ७२ वटा सोलार प्यानल जडान गरिने जानकारी गराए । 'पावर कन्ट्रोलका लागि तीन सयवटा ब्याट्री जडान गरिन्छ । अहिले सोलार प्यानलको फाउन्डेसन तथा रिटेनिङ वाल निर्माण भइरहेको छ,' उनले भने । आयोजना निर्माणमा १६ जना जनशक्तिले प्रत्यक्ष रोजगारी पाएका छन् ।

चारै जिल्लामा चिनियाँ निर्माण कम्पनीले नै काम गरिरहेको छ । आयोजनाको डिजाइन इस्टिमेट, निर्माण पनि चिनियाँ कम्पनीले नै गरिरहेको छ । सौर्य योजना निर्माण भइसकेपछि हिउँद लागेपछि चिसोमा लोड नधान्ने, गर्मीले तराईमा बढी खपत हुने र पहाडमा मोबाइलसम्म चार्ज नहुनेजस्ता कर्णालीका नागरिकले एक वर्षभित्र मुक्ति पाउने बताइएको छ ।

■ आइसिसी पुरुष टी-२० विश्वकप २०२६

सुपर ८ पुग्ने आठ टोलीको लाग्यो टुंगो

मुम्बईमा **रमेश सुवेदी**

१०औँ संस्करणको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सुपर ८ मा पुग्ने सबै टोलीको टुंगो लागेको छ। प्रतियोगिताअन्तर्गत बुधबार नामिबियालाई १०२ रनले हराउँदै पाकिस्तान सुपर ८ मा पुग्ने अन्तिम टोली बनेको छ। पाकिस्तानको जितसँगै अर्को चरणमा पुग्ने आठ राष्ट्रको छिनोफानो भएको छ। पाकिस्तान समूह 'ए'को उपविजेता बनेको हो।

यसै समूहमा भारतले नेदरल्यान्ड्सलाई १७ रनले हराएको छ। पहिलो ब्याटिङ गरेको भारतले ६ विकेट गुमाएर १९३ रन बनाएको थियो। प्रत्युत्तरमा नेदरल्यान्ड्सले सात विकेट गुमाएर १७६ रन बनायो। भारतले चारै खेलमा जित निकालेको हो। भारत र श्रीलंकाद्वारा संयुक्त रूपमा आयोजित विश्वकपमा सहभागी २० मध्ये १२ टोली प्रतियोगिताबाट बाहिरिएका छन्। ७ फेब्रुअरीदेखि सुरु विश्वकपमा इटाली नवप्रवेशी राष्ट्रका रूपमा सहभागी भएको थियो। इटालीले समूह 'सी'मा नेपालमाथि १० विकेटको जित निकालेको थियो। पूर्वविजेता अस्ट्रेलिया समूह 'बी'बाट अप्रत्याशित रूपमा बाहिरियो।

आयरल्यान्ड र जिम्बाबेबिचको खेल वर्षा कारण रद्द हुँदा अस्ट्रेलिया एक खेलअगाडि बाहिरिएको हो। आयरल्यान्डले जित निकाल्दा अस्ट्रेलियाको अगाडि बढ्ने सम्भावना थियो। तर, खेल सम्भव नहुँदा जिम्बाबे र आयरल्यान्डले समान १ अंक बटुले। अस्ट्रेलिया दोस्रोपटक समूह चरणबाटै बाहिरियो।

समूह 'ए'बाट साबिक विजेता भारत र पाकिस्तानले सुपर ८ मा स्थान बनाए। यस समूहमा अमेरिकाले दुई जित निकाल्दा पनि अगाडि बढ्न सकेन। प्रतियोगितामा सबै खेल गुमाउनेमध्ये नामिबिया पनि रह्यो। नामिबियाले चारै खेल गुमाएको छ। यसैगरी, समूह 'बी'मा श्रीलंका शीर्ष तथा जिम्बाबे दोस्रो स्थानमा रहे। यो समूहमा आयरल्यान्डले चार खेलबाट ३ अंक जोडेको छ। एक खेल खेल्न बाँकी अस्ट्रेलियाको २ अंक छ। एसोसिएट राष्ट्र ओमानले तीन खेल गुमाएको छ। चालू विश्वकपमा ओमान पहिलो राष्ट्रका रूपमा समूह चरणबाट बाहिरिएको थियो। विश्वकपको 'ड्र' हुँदा समूह 'सी'लाई कठिन भनिएको थियो। यो समूहमा दुईपटकका विजेता इंग्ल्यान्ड र वेस्ट इन्डिज थिए।

यसैगरी अन्डर डग राष्ट्रका रूपमा नेपालसँगै स्कटल्यान्ड पनि यसै समूहमा थिए। इटालीलाई कमजोर राष्ट्रका रूपमा हेरिएको थियो। वेस्ट इन्डिज र इंग्ल्यान्डले लगातार खेलमा जित निकाली सुपर ८ को स्थान पक्का गरे। स्कटल्यान्ड, इटाली र नेपालले समान एक खेल जितेका छन्। नेपालले आफ्नो अन्तिम खेलमा स्कटल्यान्डलाई सात विकेटले हराएको थियो।



दक्षिण अफ्रिकाको शतप्रतिशत नतिजा

समूह 'डी'बाट दक्षिण अफ्रिकाले शतप्रतिशत नतिजा निकाल्यो। दक्षिण अफ्रिकाले समूहका चार खेल जिदै सर्वाधिक ८ अंक जोड्यो। दोस्रो स्थानमा रहेको न्युजिल्यान्डले चार खेलमा तीन जित र एक हार सामना गरी ६ अंक बटुलेको थियो। न्युजिल्यान्डले मंगलबार क्यानडालाई हराउँदा अफगानिस्तान र युएईका सुपर ८ मा पुग्ने सम्भावना समाप्त भएको थियो।

अफगानिस्तानले तीन खेलमा २ अंक जोडेको छ। युएईले चार खेलमा एक जितका साथ २ अंक हात पारेको छ। दोस्रोपटक विश्वकप खेलिरहेको क्यानडाले तीनै खेल गुमाएको छ। यो समूहमा अफगानिस्तानले न्युजिल्यान्ड, आयरल्यान्ड र दक्षिण अफ्रिकाविरुद्ध उत्कृष्ट ब्याटिङ प्रदर्शन गरेको थियो। तर, बलिङमा कमजोर रहँदा मजबुत योगफल पनि रक्षा गर्न सकेन।

फरहानको शतकमा पाकिस्तान सुपर ८ मा

भारतसँग हार सामना गरेको पूर्वविजेता पाकिस्तानले बुधबार एसोसिएट राष्ट्र नामिबियामाथि १०२ रनको फराकिलो जित निकालेको छ। कोलम्बोमा पहिलो ब्याटिङ गरेको पाकिस्तानले २० ओभरमा तीन विकेट गुमाएर १९९ रनको योगफल खडा गरेको थियो। प्रत्युत्तरमा नामिबियाले १७.३ ओभरमा ९७ रन जोड्दा पाकिस्तानले फराकिलो जित निकालेको हो। पाकिस्तानलाई जित दिलाउने क्रममा ओपनर सहिबाजदा फरहानले शतकीय इनिङ्स खेलेका थिए। अन्तिमसम्म नटआउट रहेका फरहानले ५८ बलमा ११ चौका र चार छक्का प्रहार गरी सय रन जोडेका थिए।

अंक तालिका

समूह 'ए'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
भारत	४	४	०	८	२.५०
पाकिस्तान	४	३	१	६	०.९७
अमेरिका	४	२	२	४	०.७८
नेदरल्यान्ड्स	४	१	३	२	-१.२१
नामिबिया	४	०	४	०	-३.१०

समूह 'बी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
श्रीलंका	३	३	०	६	२.४६
जिम्बावे	३	२	०	५	१.९८
आयरल्यान्ड	४	१	२	३	-०.१५
अस्ट्रेलिया	३	१	२	२	०.४१
ओमान	३	०	३	०	-४.५४

समूह 'सी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
वेस्ट इन्डिज	३	३	०	६	१.८२
इंग्ल्यान्ड	४	३	१	६	-०.२०
स्कटल्यान्ड	४	१	३	२	०.१८
इटाली	३	१	२	२	-०.५८
नेपाल	४	१	३	२	-१.३४

समूह 'डी'

राष्ट्र	खेल	जित	हार	अंक	रनरेट
द. अफ्रिका	४	४	०	८	१.९४
न्युजिल्यान्ड	४	३	१	६	१.२२
अफगानिस्तान	३	१	२	२	-०.२१
युएई	४	१	३	२	-१.३६
क्यानडा	३	०	३	०	-१.८६

आजका खेल

इटाली	बिहान ११:१५ बजे	वेस्ट इन्डिज		
श्रीलंका	दिउँसो ३:१५ बजे	जिम्बावे		
अफगानिस्तान	राति ७:१५ बजे	क्यानडा		

दीपेन्द्रसिंह टी-२० अलराउन्डर वरीयताको चौथो स्थानमा

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले १०औँ संस्करणको विश्वकप क्रिकेट प्रतियोगिता चलिरहँदा टी-२० अलराउन्डर वरीयता सार्वजनिक गरेको छ। आइसिसीको फेब्रुअरी महिनाको वरीयतामा नेपालका उपकप्तान दीपेन्द्रसिंह ऐरी चौथो स्थानमा उक्लिएका छन्। उनले यसपटक दुई स्थान सुधार गरेका हुन्। टी-२० अलराउन्डर वरीयतामा उनी कुनै समय दोस्रो स्थानमा थिए। आइसिसीको एकदिवसीय तथा टी-२० आईका कुनै पनि वरीयतामा शीर्ष १० भित्र रहने दीपेन्द्रसिंह एक्ला नेपाली खेलाडी हुन्। आइसिसीले मंगलबार स्कटल्यान्डसँगको खेलको समेत समीक्षा गर्दै रेटिङ अंक प्रदान गरेको छ। चालू विश्वकपमा दीपेन्द्रले ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेका छन्। उनले विश्वकपमा दुई अर्धशतकीय इनिङ्स खेलेका थिए। समूह 'सी'मा उनले दुईपटकको विजेता वेस्ट इन्डिजविरुद्ध ५८ तथा स्कटल्यान्डसँगको खेलमा ५० रन जोडेका थिए।

विश्वकपमा दुई अर्धशतक लगाउने उनी एक्ला नेपाली खेलाडी हुन्। यसअघि सन् २०१४ मा ओपनर सुभाष खकुरेलले अफगानिस्तानविरुद्ध अर्धशतकीय इनिङ्स खेलेका थिए। १०औँ संस्करणको टी-२० विश्वकपमा ब्याटिङ, बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरेका कारण दीपेन्द्रले यसपटक दुई स्थान सुधार गरेका हुन्। उनले २४४ रेटिङ अंक पाएका छन्।



■ इंग्ल्यान्डविरुद्ध दुई विकेट

विश्वकपको पहिलो खेलमा नेपालले दुईपटकको विश्व च्याम्पियन इंग्ल्यान्डविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको थियो। लक्ष्य पछ्याएको इनिङ्समा दीपेन्द्रले ४४ रनको योगदान दिएका थिए। ब्याटिङसँगै बलिङमा समेत उनको प्रदर्शन अब्बल रह्यो। उनले इंग्ल्यान्डको रनरेट रोक्न आफ्नो स्पेलमा २३ रन खर्चेर दुई विकेट लिएका थिए। त्यसपछि तीन खेलमा उनी विकेटविहीन भए। इटालीसँग १० विकेटले पराजित भएको खेलमा दीपेन्द्रले २४ रन दिए। वेस्ट इन्डिजविरुद्धको प्रतिस्पर्धामा १९ रन तथा स्कटल्यान्डसँगको अन्तिम खेलमा उनले २३ रन खर्चेका थिए। दीपेन्द्रले इटालीसँगको खेलमा मात्र कम रन बनाए। मंगलबारसम्मको खेलमा उनी चालू विश्वकपमै सर्वाधिक रन बनाउने सूचीको दोस्रो स्थानमा थिए।

■ पाकिस्तानका आयुब, जिम्बावेका सिकन्दर र भारतका हार्दिक अगाडि

टी-२० अलराउन्डर वरीयतामा नेपालका दीपेन्द्रभन्दा अगाडि पाकिस्तानका सैम आयुब, जिम्बावेका सिकन्दर राजा र भारतका हार्दिक पान्ड्या मात्र अगाडि छन्। शीर्ष स्थानमा आयुब छन्। दीपेन्द्रले २४४ रेटिङ प्राप्त गरेका छन्। भारतका हार्दिकले २८२ रेटिङ बटुले। यसपटक पनि दीपेन्द्रले विश्व क्रिकेटमा नाम चलेका क्रिकेटरलाई पछि पारेका छन्। उनीपछि अफगानिस्तानका अजातुल्लाह ओमाजी, वेस्ट इन्डिजका रोस्टन चेज, पाकिस्तानका मोहमद नवाज, वेस्ट इन्डिजका रामोरियो सेफेड, भारतका शिवम दुबे तथा अफगानिस्तानका कप्तान रसिद खान छन्। अफगानिस्तानका ओमाजी पनि चार स्थान सुधार गर्न सफल भए। रोस्ट र नवाजले समान दुई स्थान गुमाएका छन्। रोमारियोले एक स्थान गुमाउन पुगे। चालू विश्वकपमा ब्याटिङ र बलिङमा एकनासको प्रदर्शन गरेका इंग्ल्यान्डका साम कुरनले सर्वाधिक नौ स्थान सुधार गरेका छन्।

■ इटालीका वेनको १६० स्थान सुधार

आइसिसीले टी-२० अलराउन्डर वरीयता सार्वजनिक गर्दा सरप्राइज प्याकेजका रूपमा इटालीका वेन मानेन्टी रहेका छन्। उनले आश्चर्यजनक रूपमा एकैपटक १६० स्थान सुधार गरेका छन्। नयाँ वरीयताअनुसार वेनले २१औँ स्थान प्राप्त गरे। यसअघि उनी १८०औँ स्थानमा थिए। चालू विश्वकपमा वेनले दुई अर्धशतक लगाएका छन्। वरीयतामा नेपालका ओपनर कुशल भुर्तेलले एक स्थान सुधार गरे। उनी अहिले २२औँ स्थानमा छन्।

SAMSUNG

होलीको रङ्गीन अफर

होलीको रङ्गसँगै खुसी ल्याउनुहोस्, सामसङको उत्कृष्ट फ्रिजहरुमा १७% सम्मको छुट पाउनुहोस्।

Up to 17% discount#

Insta Finance 0% interest on EMI**

Exchange available##



Limited time offer

Side By Side Refrigerators
Convertible 5in1
RS78CG8543SLIM
Capacity : 700 L
MRP : NPR 222990/-
Offer Price : NPR 198500/-

Twin Cooling Plus™
Double Door Refrigerator
Convertible 5in1
RT41DG6A2BSLHL
Capacity : 396 L
MRP : NPR 112990/-
Offer Price : NPR 103400 /-
RT45DG6A2BSLHL
Capacity : 419 L
MRP : NPR 120990 /-
Offer Price : NPR 109000 /-
RT38DG5A2BS8IM
Capacity : 350 L
MRP : NPR 96990 /-
Offer Price : NPR 81800 /-

Digital Inverter™
Double Door Refrigerator
RT40H28WNQIM
Capacity : 253 L
MRP : NPR 62990 /-
Offer Price : NPR 53900 /-
RT40H30WNPIM
Capacity : 275 L
MRP : NPR 68990 /-
Offer Price : NPR 59000 /-
RT40H28WNPIM
Capacity : 253 L
MRP : NPR 68990 /-
Offer Price : NPR 51900 /-

Digital Inverter™
Double Door Refrigerator
RT28C3221CU/IM
Capacity : 253 L
MRP : NPR 61990 /-
Offer Price : NPR 52500 /-
RT28C3221CR/IM
Capacity : 253 L
MRP : NPR 61990 /-
Offer Price : NPR 52500 /-
RT28A3022GS/IM
Capacity : 253 L
MRP : NPR 56490 /-
Offer Price : NPR 47500 /-

Stylish Grande' Design
Single Door Refrigerator
RR24A272ZCU/IM
Capacity : 230 L
MRP : NPR 44990 /-
Offer Price : NPR 39200 /-
RR20C2Z226U/IM
Capacity : 192 L
MRP : NPR 39990 /-
Offer Price : NPR 34000 /-
RR20C2412S8/IM
Capacity : 192 L
MRP : NPR 37990 /-
Offer Price : NPR 32700 /-
RR20T282ZR8/IM
Capacity : 192 L
MRP : NPR 41990 /-
Offer Price : NPR 36700 /-
RR20C2722CR/IM
Capacity : 192 L
MRP : NPR 38990 /-
Offer Price : NPR 33800 /-
RR20C20C2GS/IM
Capacity : 192 L
MRP : NPR 34990 /-
Offer Price : NPR 29800 /-
RR20C2Z226R/IM
Capacity : 192 L
MRP : NPR 39990 /-
Offer Price : NPR 34000 /-
RR20C2722CU/IM
Capacity : 192 L
MRP : NPR 38990 /-
Offer Price : NPR 33800 /-
RR20C20C2RH/IM
Capacity : 192 L
MRP : NPR 33990 /-
Offer Price : NPR 28900 /-

To buy online
20 Year Warranty
Free installation
Finance Partner HFL
WhatsApp 16600172667
Samsung Customer Care Center
NTC user : 166001-72667
Ncell user : 98015-72667
Authorized Distributors of Samsung Consumer Electronics for Nepal
Him Electronics Pvt. Ltd. | Triveni byapar

*Terms and conditions apply. Product images are for illustrative purpose only. **Financing provided by third party financier at their sole discretion, terms and may vary model wise. Samsung shall not bear any liability in the case of any claims or disputes. Down payment is required to avail of easy monthly installment plans. Customers may avail of this offer from any store providing Samsung Insta Finance services. HFL is the trademark of Hulas Fin Serve. #Offer valid from February 1st to March 14th, 2026 or while stock lasts. Cashback may vary by product and the final price will be determined at dealer's sole discretion. ##Exchange of any applicable old electronic appliances to upgrade to latest Samsung electronic appliances available from https://www.arkostore.com. Offline exchange service also available from Him Electronics and Triveni Byapar Limited. Offers are subject to change without prior notice. Stabilizer Free Operation range: 100 ~ 300V. Based on internal testing in accordance with the ISO 15502 standard. ~The Digital Inverter Compressor on the Refrigerator sold from January 1, 2023 to March 31, 2026, come with a 20-year warranty.

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com